मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची



केन्द्रीय सरकारले स्वायत्तता र स्वशासनको अपमान गरेको छ

– कृष्णप्रसाद सापकोटा

संचेतना द्वैमासिक पूर्णाङ्क ८३ माघ २०७४




## लोकतन्त्रमा निर्वाचन र नयाँ सरकारका प्राथमिकताहरु

## अनुसन्धानकर्ताहरू

## विद्यार्थीहरू

## विद्वत वर्ग

## कार्यकर्ताहरू



# इन्सेक पुस्तकालयको प्रयोग गरौँ।

## मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

### पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू



### सुविधाहरू

० फोटोकपी ० इन्टरनेट ० कम्प्युटर

मानवअधिकारसम्बन्धी
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय
समाचारपत्र, जर्नल

मानवअधिकार र सामाजिक न्यायका निम्ति

इन्सेक insec

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**
पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानव अधिकार

मानव अधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

## संचेतना द्वैमासिक

वर्ष २१ पूर्णाङ्क ९३ माघ २०७४




संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
विजयराज गौतम

सम्पादक
मदन पौडेल

व्यवस्थापन
शैलेश शर्मा

मुद्रक
भेराइटी प्रेस
काठमाडौँ

- लोकतन्त्रमा निर्वाचन र नयाँ सरकारका...../ शोभाकर बुढाथोकी ७
- संविधानको कार्यान्वयन र समृद्धितर्फको यात्रा/ गोपाल सञ्जेल ११
- न्यायमा महिलाको पहुँच/ कालिका खड्का १५
- हिंसापीडित महिलाका लागि न समाउने..../ दुर्गा कार्की १८
- क्षतिपूर्तिसबन्धी कानुनी व्यवस्था र प्रयोगको .../ अधिवक्ता, वसन्त गौतम २२
- प्रतिनिधि र प्रदेश सभा निर्वाचनमा महिला..../ गीता दाहाल २५
- विछोडको बाटो रोज्दै दम्पतीहरू/ प्रताप विष्ट २८
- सङ्क्रमणकालीन आयोग प्रक्रियाको अपनत्व ..../ सुमन अधिकारी २९
- निर्वाचन पर्यवेक्षण अनुभव र अनुभूति/ वसन्त दाहाल ३१
- कुपोषणको जोखिममा कर्णालीका बालबालिका/ कालीबहादुर मल्ल ३३
- कथा : उमङ्गरहित उत्सव/ आत्माराम शर्मा पुडासैनी ३५
- कारागारमा निर्मित वस्तुहरूले बजार पाएन/ बाबुराम बास्तोला ३७
- पुस्तक समीक्षा/ गीता माली ३८
- अन्तर्वार्ता/ कृष्णप्रसाद सापकोटा ३९

**नियमित स्तम्भ**

- यथावत २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५

इन्सेक insec

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**

नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौँ

टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१

इमेल : prachi@insec.org.np, वेबसाइट : www.inse.org.np; www.inseconline.org



अहिलेको चुनौती नेताहरूलाई मात्र होइन, कर्मचारीलाई पनि हो। हिजोको जस्तो मन्त्रिमण्डल फेरिइहाल्छ, मन्त्रीका कुरा किन सुन्नु भन्ने नसोच्दा हुन्छ। कर्मचारीतन्त्र सजग हुनुपर्छ।

**डा. युवराज खतिवडा**

पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग,

http://himalkhabar.com/news/6283

हामीले राम्रो संविधान ऐतिहासिक रूपमा बनाएका छौँ। तर, जतिसुकै राम्रो संविधानले पनि बुद्धि विवेक र क्षमता भने बाँड्दैन। अधिकार र कर्तव्य सबै बाँड्छ। त्यो कार्यान्वयन गर्ने वा देखाउने हामीले हो।

**सुवास नेम्वाङ**

अध्यक्ष, संविधानसभा

http://www.nagariknews.com/news/34198/





न्याय र विकास हासिल गर्नु, गरिबी र बेरोजगारीबाट मुक्ति पाउनु अहिले सबै ठाउँका जनताको साझा माग हो।

**उपेन्द्र यादव**

अध्यक्ष, सङ्घीय समाजवादी फोरम नेपाल


http://baahrakhari.com/news-details/45421/2018-01-08

मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि देशमा सुशासनको आवश्यकता हुन्छ। स्थानीय तहका प्रतिनिधिलाई मानव अधिकार तथा सुशासनका विषयमा प्रशिक्षित गराउन सकियो भने जनताका अधिकार संरक्षणका लागि मद्दत पुग्नेछ।

**गोविन्द शर्मा पौड्याल**

सदस्य , राष्ट्रिय मानव अधिकार आयोग

http://inseconline.org/np/news



## कार्टून




**साभार** : अन्नपूर्ण पोस्ट(फुर्सद)मा बासुको बक्रोक्ति शीर्षकमा छापिएको बासु क्षितिजको कार्टुन

**प्रिय पाठक !**

तपाईंलाई प्राचीको यो अङ्क

कस्तो लाग्यो ?

प्राचीमा कस्ता सामग्री आऊन् भन्ने

तपाईंको अपेक्षा छ ?

कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।

email : prachi@insec.org.np

**सम्पादक**

# निर्वाचन र जनअपेक्षा

नेपालको संविधानले तोकेको समयसीमा भित्र स्थानीय तह तथा प्रतिनिधि र प्रदेश सभाको निर्वाचन सिम्पन्न भई परिणाम पनि प्राप्त भएका छन्। जनताको उत्साहपूर्ण सहभागितामा सम्पन्न भएका यी निर्वाचनले जनताको लोकतन्त्रप्रतिको आस्था र विश्वास उजागर गरेको मान्न सकिन्छ। यी निर्वाचनहरूमा ७० प्रतिशत भन्दा बढी मतदान भएको निर्वाचन आयोगले जनायो ।

आवधिक निर्वाचन लोकतन्त्रको बलियो आधार हो। निर्वाचनलाई लोकतन्त्रको महत्वपूर्ण घटनाका रूपमा लिइन्छ। जनताद्वारा निर्वाचित प्रतिनिधि मार्फत सरकार परिवर्तन हुने र आफूले निर्वाचित गरेका प्रतिनिधिमार्फत शासित हुने उन्नत व्यवस्था लोकतन्त्रमा विद्यमान हुन्छ। आवधिक निर्वाचनले समाजको परिवर्तन शान्तिपूर्ण तरिकाले हुन्छ। त्यसैले लोकतन्त्रलाई संसारको सबैभन्दा उन्नत राजनीतिक व्यवस्था मानिन्छ। नेपालको संविधानमा उल्लेख गरिएका अधिकार प्राप्तिका लागि नागरिकले ठूलो बलिदान, त्याग र लामो सङ्घर्ष गरेका छन्। २००७ सालदेखि जनताका प्रतिनिधिले संविधान लेख्ने र सो संविधान अन्तर्गत शासित हुने जनअपेक्षा थियो।

लामो सङ्क्रमण र राजनीतिक अस्थिरता भोगेको नेपाली समाजले यावत् विसंगतिबाट त्राण पाउने माध्यमका रूपमा यो निर्वाचनलाई लिन सकिन्छ। लामो बलिदानबाट प्राप्त संविधान सभा र त्यसले बनाएको नेपालको संविधान कार्यान्वयनको दिशातर्फ मुलुक अगाडि बढ्ने आमअपेक्षा रहेको छ। तीन चरणमा सम्पन्न स्थानीय तह निर्वाचनपछि प्रदेशसभा र केन्द्रको निर्वाचन सम्पन्न गरी नेपालको संविधानले तोकेको कार्यभार पूरा गर्ने दिशातर्फ मुलुक अगाडि बढेको छ। नयाँ संविधान जारी भइसकेपछि त्यसको पूर्ण र प्रभावकारी कार्यान्वयनको प्रमुख सिँढीका रूपमा लिइएको यी निर्वाचनहरूको ऐतिहासिक महत्व छ। त्यसकारण पनि आमजनता उत्साहका साथ मतदानमा सहभागी भएको मान्न सकिन्छ।

सफल निर्वाचनका केही अनिवार्य सर्तहरू रहेका हुन्छन् । निर्वाचनलाई भयरहित र निष्पक्ष बनाउन सरकार, राजनीतिक दल, आममतदाता, निर्वाचन आयोग, सञ्चारमाध्यम सबैको उत्तिकै जिम्मेवारी हुन्छ। निर्वाचन आचारसंहिताको व्यापक उल्लङ्घन हुँदा निर्वाचन आयोगले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको चर्चा भयो। आचारसंहिता उल्लङ्घनको बलियो अनुगमन गर्ने, उल्लङ्घनकर्तालाई चेतावनी दिने र कारबाहीसमेत गर्ने अख्तियारी पाएको निर्वाचन आयोगको मौनता गजबको देखियो। भड्किलो प्रचार प्रसार रोक्नेदेखि मौन अवधिमा हुनसक्ने आचारसंहिता विपरीत गतिविधिलाई रोक्नेतर्फ पनि आयोगको ध्यान गएको पाइएन। स्थानीय तह निर्वाचनका क्रममा ठूलो मात्रामा मत बदर भयो। मतदाता शिक्षाका नाममा आयोगले ठूलो धनराशि खर्च गरेको भए पनि धेरै मत बदर हुँदा आयोगको काम प्रभावकारी नभएको भनी आलोचना भएको थियो। प्रदेश र प्रतिनिधिसभा निर्वाचनको पूर्वसन्ध्यामा सुरक्षा व्यवस्थाको चरम लापरबाही देखियो। उम्मेदवारलक्षित आक्रमणलाई सुरक्षा निकायले नियन्त्रणमा लिन नसकेको प्रस्ट भयो।

यसपटकको निर्वाचन परिणामले नेपाली जनता स्थिर र टिकाउ सरकारको पक्षमा रहेको सन्देश दिएको छ। वाम गठबन्धनले स्पष्ट बहुमत प्राप्त गरेको छ भने लोकतान्त्रिक गठबन्धनलाई बलियो प्रतिपक्षका रूपमा जनताले हेर्न चाहेको देखियो। नेपाली जनताले आफूलाई सधैँ लोकतन्त्रप्रति निष्ठावान, परिवर्तनप्रति आतुर रहेको देखाउने गरेका छन्। मृतप्रायः भएको लोकतन्त्रको पुर्नस्थापना, निरङ्कुशताको विरोध, अग्रगमन र प्रगतिप्रति उत्सुक रहेका जनाताले यो उपलब्धिका लागि ठूलो बलिदान गरेका छन्। बलिदान र संघर्षको एउटै कारण समृद्धि नै हो जुन नेपाली जनताको उत्कट चाहना पनि हो। तर जनअपेक्षा अनुसार सरकारका नीति कार्यक्रम नहुनु, स्रोत र साधनमा केही सीमित व्यक्ति र संस्थाको हालिमुहाली चल्नु, गरीब र पाखा पारिएका मानिसहरूको जीवनस्तर उकास्ने कार्य नहुनु, रोजगारीको अभावमा ठूलो संख्यामा युवा जोखिमपूर्ण कामका लागि बाहिरिनुपर्ने जस्ता समस्याले देश आक्रान्त छ। अब बन्ने सरकारले यी र यस्ता समस्या समाधान गर्न तथा देखिने गरी विकास र निर्माणका कार्य अगाडि नबढाउने हो भने जनताको मतको अवमूल्यन हुनेछ। निर्वाचन अघि जनतालाई देखाइएको सपना पूरा गर्न आगामी सरकार केन्द्रित हुनसके मात्रै उन्नत भनिएको संविधानमा उल्लेखित अधिकारको प्राप्तिका दिशामा देश अगाडि बढ्न सक्छ।

# संघीय संरचना र विकेन्द्रीकरणसहितको एकात्मक संरचनाको तुलना

– डा पुष्प कँडेल

**संघात्मक व्यवस्थाको परिचय**

संघीय (Federalism) शब्दको अर्थ प्रतिज्ञापत्र (Covenant) हो र यसले कुनै व्यक्ति वा समूह र अर्को व्यक्ति वा समूहको बीचमा हुने प्रतिज्ञापत्रलाई जनाउँछ। राजनीतिक रूपमा संघीय शासन व्यवस्था भन्नाले एकभन्दा बढी सरकारी संयन्त्र परिचालन हुने व्यवस्था भन्ने बुझिन्छ भने यसको विपरीतार्थक शब्द एकात्मक शासन व्यवस्थाले एउटै शक्तिशाली सरकार हुने कुरालाई जनाउँछ। संघीय व्यवस्थामा सामान्यतया राज्यमा केन्द्र र राज्य गरी दुई तहका सरकारहरू हुन्छन्। केन्द्रले परराष्ट्र, मुद्रा, सुरक्षा आदिजस्ता कुराहरू हेर्दछ भने राज्यले स्थानीय सुरक्षा, विकास निर्माण र स्थानीय सरोकारका अधिकांश कामहरू हेर्दछ। संघीय शासन व्यवस्थामा केन्द्र र राज्यको बीचमा संविधानद्वारा नै अधिकारको प्रष्ट विभाजन गरिएको हुन्छ। राजस्व उठाउने सन्दर्भ र कुन तहको सरकारले के काम गर्ने भन्ने कुराहरूको पनि प्रष्ट रेखा कोरिएको हुन्छ।

संघीय अवधारणाको पिताको रूपमा जोहान्स अल्थुसियस (Johannes Althusius) लाई लिइन्छ। उनले सर्वप्रथम सन् १६०३ मा उनको आफ्नो सहर इमडेनलाई स्वतन्त्र राख्नको लागि यो अवधारणा ल्याएका थिए। लुडोल्फ हुगो, मन्टेन्क्यु, डेविड ह्युम, इमान्युयल कान्ट जेम्स मेडिसन र अलेक्जेन्डर हेमिल्टन् आदिले पनि संघात्कताको बारेमा विचार दिएका छन्। जोन स्टुआर्ट मिल (१८०६-१८७३) ले आफ्नो किताबमा छुट्टिएका मानिसहरू जो एक ठाउँमा एउटै सरकारमुनी बस्न चाहँदैनन् त्यस्तालाई लडाईंबाट र आक्रमणबाट बचाउनको लागि संघीय राज्यको प्रस्ताव गरे। उनले संघात्मक संरचनाको लागि तीनवटा शर्तहरू - जातीय सहानुभूति, भाषा, राज्य र सबैभन्दा माथि एकै खालका राजनीतिक इच्छा अघि सारेका छन् जसमा इकाइहरू त्यस्तो हुनुपर्छ जुन सुरक्षाको हिसाबले अन्य देशको सहयोगबीना चल्न सकोस् र तेस्रो देशबाट अलग रहने इच्छा गरोस तथा एकअर्को इकाइको बीचमा कसैले कसैलाई हेप्ने स्थिति नहुनको लागि करिबकरिब सबैको शक्ति समान होस्। प्रुधों र बाकुनिन पनि संघीय व्यवस्थाको समर्थक र प्रवर्तक थिए। त्यस यता संसारमा धेरै विद्वानहरूले यस सम्बन्धमा अध्ययन गरेका छन्। संघीयताको अध्ययनमा जीवन नै उत्सर्ग गर्ने व्यक्ति अमेरिकाको रोचेस्टर विश्वविद्यालयका प्राध्यापम विलियम राइकर हुन्। कुनै पनि देश संघीयतामा जानुभन्दा अघि उनका तर्कहरूको सम्बन्धमा प्रष्ट हुनुपर्ने विद्वानहरूको राय छ।

**संघीय राज्यका फाइदा र बेफाइदाहरू**

संघीय राज्य प्रणालीका विभिन्न फाइदाहरू छन्। पहिलो, यसले शक्तिलाई एक ठाउँमा केन्द्रित नगरी विभाजन गर्दछ। दोस्रो, यसमा लोकतन्त्रको अभ्यास अझ धेरै गर्न सकिन्छ। तेस्रो, यसले नयाँ नेतृत्व विकासको अवसर दिन्छ। चौथो, यो सरकार कामको नजिक अर्थात् जनताको नजिक रहन्छ जसले गर्दा छिटो छरितो काम हुन्छ। पाँचौं, संघीय राज्यमा नागरिकमुखी काम हुन्छ। छैटौं, यसले प्रतिस्पर्धाको भावना विकास गर्छ। सातौं, यसले सन्तुलन र नियन्त्रणको अवस्था ल्याउँछ। आठौं, यसले विविधतालाई समेट्छ।


संघीय राज्य प्रणालीका केही बेफाइदाहरू पनि छन। पहिलो, यो महँगो प्रणाली हो। दोस्रो, यसले क्षेत्रीय असमानता अझ बढाउँछ र गरीब ठाउँलाई झन् गरिब बनाउँछ। तेस्रो, यसले देशलाई टुक्र्याउने सम्भावना रहन्छ। एकात्मक व्यवस्था भएका देशहरूभन्दा संघीय व्यवस्था भएका देशहरू सजिलैसंग टुक्रन्छन्। सोभियत संघ, युगोस्लाभिया, पाकिस्तान आदि यसका उदाहरण हुन्। चौथो, यसले द्वन्द्वको सिर्जना गर्दछ। यस्तो द्वन्द्व राज्यहरूको बीचमा र केन्द्र तथा राज्यहरूको बीचमा हुन सक्छ। खासगरी केन्द्र र राज्यको बीचको द्वन्द्व डरलाग्दो हुन्छ। पाँचौं, संघीय प्रणाली ढीलो खालको हुन्छ। केन्द्र तथा राज्यको स्वीकृति लिनु पर्ने भएकोले ढिलो हुने कुरा सामान्य रहन्छ। छैटौं, यसले क्षेत्रीय र स्थानीय ठूलाठालू र सामन्तहरूको वर्चस्व स्थापित गर्दछ। सातौं, संघात्मक संरचनाले पनि सबै जातजाती र भाषाभाषीलाई ठाउँ दिन सक्तैन। हरेक जातजातिको लागि अलगअलग राज्य बनाउन सकिंदैन।

**संघात्मकताका प्रकारहरू**

संघात्मक संरचनालाई विभिन्न व्यक्तिहरूले विभिन्न कोणबाट विभिन्न हिसाबले बाँडेको देखिन्छ। एउटा विभाजनअनुसार यसलाई एक ठाउँमा आउने Coming Together Federalism तथा एक ठाउँमा राख्ने Holding Together or Staying Together Federalism भन्ने गरेको देखिन्छ। यहाँ एक ठाउँमा आउने संघ भन्नाले छुट्टाछुट्टै इकाईहरूलाई एक ठाउँमा ल्याई बलियो राज्य बनाउने चाहनाले बनेको संघ, जस्तो : संयुक्त राज्य अमेरिका, स्विट्जरल्याण्ड, मलेसिया आदि भन्ने बुझिन्छ भने यसको बिपरीत विभाजनतिर जान लागेका भूभागहरूलाई एकीकृति गराइ राख्नको लागि बनाउने संघात्मक संरचनालाई एक ठाउँमा राख्ने संघ Holding Together वा Putting Together Federalism भनिन्छ। यसको उदाहरणको लागि स्पेन, बेल्जियम, क्यानडा आदिलाई लिन सकिन्छ। यहाँ Putting Together र Staying Together मा पनि केही फरक देखिन्छ। Putting Together ले कसैले संझौतामार्फत् एक ठाउँमा राखिदिने कुरा भन्छ भने Staying Together ले आफ्नै इच्छाले एक ठाउँमा बस्ने भन्ने बुझाउँछ। यसबाहेक एक परिचय One Identity वा बहु परिचय Many Indentity संघात्मकता, मिल्दोजुल्दो Symmetric र फरकफरक खालको Assymmetric संघात्मकता, केन्द्रीकृत Centralized र बाहिरी घेरा Peripheralized, दोहोरो Dual or Competitive र सहकार्यात्मक Cooperative, आदेशानुसार चल्ने Permissive Federalism, जन्मदै Born र पछि बनेका Became, औपचारिक Formal र प्रभावकारी Effective, नियामक Regulatory र मिलेमतो Collusive र केन्द्रको योजनाअनुसार चल्ने Planned र बहुमतको निर्णयले चल्ने Majority आदि संघीयता रहेका छन्।

*(साभार : प्राची दैमासिक, २०६४ वैशाख, पूर्णाङ्क ६१)*

# अन्तर्राष्ट्रिय कानुन, मानव अधिकार र नागरिक दायित्व



सुबोधराज प्याकुरेल

**सबै लोकतान्त्रिक देशहरुले घरेलु कानुन बनाउँदा आफू पक्षधर भएको अथवा नभएको भएता पनि विश्वव्यापी कानुनलाई मध्यनजर गरेर कानुन निर्माण गरेको पाइन्छ। कतिपय अन्तर्राष्ट्रिय कानुनहरू अर्को देशमा समेत अभियोजन गर्न सकिने प्रकारका छन्। जस्तै कुनै एउटा मुलुकमा यातना विरुद्धको महासन्धिको प्रतिकूल अपराध गर्नेलाई त्यो महासन्धिको कुनै अर्को पक्ष राष्ट्रले आफ्नो देशमा पनि अभियोजन गर्न सक्छ।**

कानुनको सृजना जनताको तत्कालिन जीवन शैली, अपेक्षा, आकांक्षा र आवश्यकताको आधारमा हुन्छ। परिवर्तनशील सामाजिक चरित्रका आधारमा यो शाश्वत कुरा हो। भारतबर्षमा बहस, जागरण र परिवर्तनका विभिन्न आयामहरूले पनि यही कुराको पुष्टि गर्दछ।

मानव अधिकारको सिद्धान्त कुनै नविन आविष्कार होइन। मानव अधिकारको विश्वव्यापी घोषणापत्र विश्वव्यापी अनुभव र अपेक्षाको सँगालो मात्र हो। खासगरी दोस्रो विश्वयुद्धको विभीषिकाबाट पीडित राष्ट्रहरूको सामूहिक चेतना र अपेक्षाहरूको सँगालो हो। विज्ञानको अर्थ हुन्छ तथ्य वा प्रामाणिक ज्ञान। भोगिएका पीडा र विद्यमान अपेक्षाको उद्घोष भएकोले विश्वव्यापी घोषणापत्र विज्ञान हो भने त्यसको सृजनशील व्यवहारको अनन्त सम्भावना रहेकोले कला पनि हो। पहिलो विश्वयुद्ध अगावै व्यापारसँग गाँसिएका र कानुनहरूको अन्तर्राष्ट्रिय परिपालनासँग सम्बन्धित अरू धेरै अन्तर्राष्ट्रिय कानुनहरू विद्यमान थिए। अन्तर्राष्ट्रिय रेडक्रसको स्थापना नै पनि संयुक्त राष्ट्रसङ्घ भन्दा अगाडी भएको हो। र घोषणापत्र भन्दा पहिले नै भियना-रुल जस्ता अन्तर्राष्ट्रिय नियमहरू थिए।

कानुन निर्माणको चरणलाई हेर्ने हो भने दुई चरण देखिन्छ। नरम कानुन (Soft rule) र बाध्यकारी कानुन (Hard law) जस्तो बेइजिङगमा सम्पन्न महिलाहरूको विश्व सम्मेलनले पारित गरेको घोषणा। अथवा भियनामा भएको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन जसले नागरिक तथा राजनीतिक अधिकार र आर्थिक सामाजिक अधिकारहरू सबै एक आर्का प्रति अन्योन्याश्रित छन्, तिनलाई छुट्याएर हेर्न मिल्दैन भनेर भन्यो। त्यसपछि भन्न थालियो कि नागरिक अधिकार प्रयोग गरेर स्वतन्त्र नागरिक आवाजले आफ्ना अपेक्षा र प्रतिवद्धता प्रकट गर्छ भने त्यो आवाजको लक्ष्य नागरिकको आर्थिक, सामाजिक दिनचर्यालाई समृद्ध, सम्मानित बनाउनुमा केन्द्रित रहने गर्छ। पहिले आम बहस हुन्छ। नागरिकहरू एउटा निष्कर्षमा पुग्छन्। त्यस्तो निष्कर्षले भएका कानुनी संरचना र व्यवस्थापनको प्रगतिशील व्याख्या मार्फत अपेक्षा पूरा गर्ने उपाय खोज्छ। उपाय नपाउने अवस्थामा परिवर्तनका चाहनाले सामूहिक वाणीको स्वरूप ग्रहण गर्छ। अन्ततः सामूहिक वाणीले आफूलाई स्थापित वा विजयी गर्ने हो। त्यसैले घोषणापत्रको प्रस्तावनामा उल्लेख गरियो, मानव परिवारका सबै सदस्यहरूको आत्मसम्मान तथा उनीहरूले पाउनु पर्ने, पन्छाउनै नमिल्ने बराबरीको अधिकारलाई मान्यता दिनुनै स्वतन्त्रता, न्याय र शान्तिको जगलाई बलियो पार्नु हो। शीरमै लेखियो, मानिसले अत्याचार र दमनलाई पन्छाउने अरू बाटो नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय हो भन्ने नठानुन् ....... (भनेर यो घोषणापत्र जारी गरियो)।

यो घोषणापत्र विश्वभरिका जनताका तर्फबाट जारी गरिएको थियो। प्रस्तावनाको एउटा वाक्यले भन्छ, राष्ट्रहरूका बीच मित्रता बढाउनुपर्ने भएकोले, हामी संयुक्त राष्ट्रसङ्घका जनता मानव जातिका मौलिक अधिकारहरू र मानवको आत्मसम्मानको कदर गर्दै नर-नारीहरूका समान अधिकारहरू प्रति विश्वास छ भन्ने कुरा पुनः दोहोऱ्याउछौं। हामीले बढी स्वतन्त्रताका आधारमा सामाजिक प्रगति गर्ने र जीवनको स्तर बढाउने निश्चय गरेका छौं। त्यसैले संयुक्त राष्ट्रसङ्घका देशहरूले यस घोषणापत्रको सहयोगमा मानव अधिकारहरू र मौलिक स्वतन्त्रताहरू प्रति विश्वव्यापी सम्मान वृद्धि गर्ने र त्यसको पालना गर्ने प्रतिज्ञा गरेका छौं। विश्वव्यापी घोषणापत्रको बारेमा यति लामो चर्चा किन गरियो भने मानव अधिकारको पछिल्लो व्याख्याका रूपमा यो रहेको छ। अथवा भनौं मानव अधिकार बृक्षको मूल काण्ड यही हो। घोषणापत्रका ३० वटा धाराले फरक फरक विषयको सिद्धान्त सृजना गरेको छ। घोषणापत्र जारी भए यता जति पनि महासन्धी जारी भए सबैले कुनै न कुनै धारालाई विस्तारित गरेका छन्। कानुन निर्माताहरूले यो प्रक्रिया र सिद्धान्तलाई मनन् गर्न सके कानुनी द्विविधा धेरै हदमा समाधान हुन सक्छ।

विश्वव्यापी घोषणापत्र आ-आफ्नो तर्फबाट गरिएको प्रतिवद्धता मात्र हो। त्यसलाई जवाफदेही बनाउनका लागि विभिन्न महासन्धी प्रस्तावित गरियो। आजका मितिमा त्यस्ता महासन्धी नौ वटा छन्। मुख्य रूपमा मानव अधिकारको अन्तरवस्तु र त्यसको प्राप्तिको अधिकारलाई दुई मुख्य भागमा विभक्त गरिएको छ, (१) नागरिक तथा राजनीतिक अधिकार र (२) आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार। र त्यसै

अनुरुप दुई वटा प्रमुख महासन्धी जारी भयो। त्यस बाहेक आम नागरिक र राष्ट्र समक्ष पर्नसक्ने चुनौतिलाई दृष्टिगत गरी अरू सात वटा महासन्धी जारी गरियो, (३) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी, (४) बाल अधिकारसम्बन्धी, (५) सबै किसिमका भेदभाव उन्मुलनसम्बन्धी, (६) यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको, (७) अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी, (८) बलपूर्वक बेपत्ता विरुद्धको र (९) सबै आप्रवासी कामदार र तिनका परिवारका सदस्यको अधिकार सम्बन्धी। यी सबै महासन्धीमा उल्लेखित जिम्मेवारी पूरा गर्नमा राज्यको भूमिका, उपलब्धि र चुनौतिको प्रतिवेदन आवधिक रूपमा संयुक्त राष्ट्रसङ्घमा बुझाउनु पर्ने नियम पनि बने। हरेक चार बर्षमा सदस्य राष्ट्रहरूको मानव अधिकार स्थिति र प्रगतिको समग्र विवेचना गर्न विश्वव्यापी आवधिक परिक्षणको प्रबन्ध पनि गरियो। कुनै महासन्धीको पक्ष राष्ट्रले आफ्ना जनतालाई न्यायिक ढङ्गले अधिकार नदिएको अवस्थामा उजुरी गर्न सकिने प्रावधान सहित तत् तत् महासन्धिको अतिरिक्त ऐच्छिक प्रलेख पनि जारी गरियो। महासन्धिलाई प्रतिज्ञापत्र पनि भनिन्छ। यसकारण कि प्रतिज्ञा तोडेकोमा जवाफदेहिता स्वत: आकर्षित हुन्छ। अतिरिक्त प्रलेखमा अनुमोदन गर्ने राष्ट्रको बारेमा पीडित वा अरू कुनै सरोकारवाला वा मानव अधिकार संस्था वा व्यक्तिले सम्बन्धित समितिमा उजुरी दिन सक्छन्। किनकि महासन्धी अनुसारका विभिन्न समितिहरू हुन्छन्।

संयुक्त राष्ट्रसङ्घको गठनसँगै अन्तर्राष्ट्रिय फौजदारी अदालतको गठन गर्ने प्रयास पनि सुरु भयो। तर बल्ल सन् २००१ देखि यो कार्यान्वयनमा आएको छ। राज्यको वा सङ्गठित शक्तिको दुरुपयोग गरी नरसंहार, मानवता विरुद्धको अपराध, युद्ध अपराध गर्ने व्यक्तिलाई व्यक्तिगत रूपमा जिम्मेवार बनाउन सकिने अधिकार यो फौजदरी अदालतले पाएको छ। भर्खरै अन्तर्राष्ट्रिय अदालतको अख्तियारीमा सीमा पारी गरिने हस्तक्षेप (Crime of aggression) पनि सामेल भएको छ। यो अदालतले यसको विधान अनुमोदन गर्ने राष्ट्रहरूको हकमा मात्र काम गर्न सक्ने अधिकार पाएको छ। र, यसको अनुमोदन गरे पश्चात्का घटनाका हकमा मात्र यसले उजुरी लिन, छानबिन गर्न र आफ्नो फैसला बमोजिमको कारबाही गर्न सक्दछ। तर संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले निर्णय गरी आग्रह गरेको अवस्थामा भने अन्तर्राष्ट्रिय फौजदारी अदालतले पक्षराष्ट्र नभएका देशको हकमा पनि कारबाही गर्न सक्छ।

उल्लेखित कुराहरू सुन्दर छन्। तर अहिलेसम्म तिनको परिपालना बहुतै कमजोर छ। संयुक्त राष्ट्रसङ्घ विश्व पुलिस वा अदालत होइन। उसले गर्ने आदेशहरू नैतिकतामा आधारित आग्रहका हैसियतमा छन्। बलिया देशले नैतिक बन्धन मानेका छैनन्। सन् १९५२ मा काश्मीर समस्याको हल गर्न काश्मीरमा जनमत सङ्ग्रह गर्ने फैसला गरियो, अमेरिकाले इराक र सिरियामा हमला गऱ्यो। इज्राएलले प्यालेस्टाइनको ठूलो भू-भागमा जबरजस्ति कब्जा जमाएर बस्ति बिस्तार गरिरहेछ। बलिया राष्ट्रहरूसँग व्यापक मानव संहारक अस्त्र छन्। तर सानालाई बन्देज र ठूलालाई त्यस्ता संहारक अस्त्र विकासमा निरङ्कुश हुन दिइएको उदाहरण हालैको उत्तर कोरिया विरुद्धको नाकाबन्दीमा देख्न सकिन्छ। आम संहारक अस्त्र राखेको झुठो आरोपमा सद्धाम हुसेनलाई इराकमा अमेरिकी सेनाले मृत्युदण्ड नै दियो। कतै उजुरी वा सुनुवाई भएन।

साना देशसँग भएको नैतिक तागतको साझा मञ्च चाहीं संयुक्त राष्ट्रसङ्घ नै हो। निरङ्कुश देश भित्रका अधिकारकर्मीहरूले लिनुपर्ने सहारा पनि त्यहाँ मात्र छ। संयुक्त राष्ट्रसङ्घमा मानव अधिकार समुदायबाट समानान्तर प्रतिवेदन लिने चलन। जसले राज्यले प्रस्तुत गरेको झुठो प्रतिवेदनलाई चुनौती दिन सक्छ। विभिन्न समाधिक्षकहरू हुन्छन् जसले विभिन्न विषयमा संसार भरिबाट यथार्थ सङ्कलन गरेर राष्ट्र संघीय मानव अधिकार परिषद्को बैठकमा आफ्नो प्रतिवेदन पेश गर्छन्। अहिलेको स्थितिमा संयुक्त राष्ट्रसङ्घ सत्यको उद्घाटन मार्फत मानव अधिकारको संरक्षण गर्ने काम गरिरहेको छ।


बेला बेलामा मानव अधिकारका सिद्धान्तको अपव्याख्या गरिएको र त्यस्तै अपव्याख्यालाई टेकेर अन्तर्राष्ट्रिय स्वार्थले चलखेल गरेको पनि देखिएको छ। घोषणापत्रमा लेखिएका अधिकारहरू निरपेक्ष होइनन्। समाज प्रतिको कर्तव्य, अरूको अधिकारको सम्मान र मानव अधिकारको सिद्धान्त र उद्देश्य विपरित अधिकार र स्वतन्त्रताको दुरुपयोग गर्न पाइन्न। यो कुरा विश्व घोषणापत्रको धारा २९ को उपधारा (१), (२) र (३) मा प्रष्टसँग लेखिएको छ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिले दिएको अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अधिकारको दुहाइ दिँदै हामीकहाँ दिग्गजहरूले सरकारको आलोचना गरे। राष्ट्र बिखण्डनको माग राखेर आन्दोलन गर्ने सीके राउतलाई आफ्नो माग राख्ने स्वतन्त्रता छ भनेर वक्तव्य जारी गरे। उक्त महासन्धीको उल्लेखित धारा १९ ले अभिव्यक्ति स्वतन्त्रताको उपयोग गर्दा पालना गर्नुपर्ने विशेष कर्तव्य र दायित्वहरू पनि किटान गरेको छ। र, सरकारलाई ती दायित्वका कानुनको परिपालना गराउने जिम्मेवारी दिएको छ। धारा १९ ले लागेका बन्देजमा (क) अरूको अधिकार वा प्रतिष्ठामा आघात पुऱ्याउन र (ख) राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको बर्खिलाफका कुराहरू पर्दछन्।

राज्यले प्रदान गर्ने सुविधा र संरक्षण राज्यको क्षमतामा भर पर्छ। माग राख्नु नै अधिकार होइन। हरेक माग सँगै दायित्व पनि स्वत: सृजित हुने कुरा हो। अशक्तावस्थामा नागरिकको संरक्षण गर्नु राज्यको दायित्व हो भने आफ्नो राज्यलाई सक्षम बनाउनु नागरिकको पनि कर्तव्य हो। घोषणापत्रको धारा २१ सरकारमा भाग लिने अधिकारका विषयमा केन्द्रित छ। त्यसको उपधारा (१) देशको शासन अङ्गमा स्वतन्त्र चुनावबाट छानिएर भाग लिने अधिकार प्रत्येक व्यक्तिलाई छ। (२) प्रत्येक व्यक्तिसँग आफ्नो योग्यताअनुसार देशको सरकारी जागिर खान पाउने हक हुन्छ। (३) सरकार वा शासन सत्ताको जग जनताको इच्छा नै हुनु पर्दछ। त्यस्तो इच्छा सर्वव्यापी समान मताधिकारद्वारा समय समयमा हुने निष्पक्ष चुनाव मार्फत् अभिव्यक्त गरिनु पर्दछ। त्यस्तो चुनाव गोप्य र स्वतन्त्र मतदानद्वारा गरिनु पर्दछ। धारा २१ ले सरकारको इच्छा क्षमता र कार्यान्वयनमा स्वत: मतदातालाई जिम्मेवार बनाएको देखिन्छ।

हरेक मतदाता आफ्नो परिवारका र समाजका सबै सदस्यका प्रतिनिधि हुन्।

आवरण



शोभाकर बुढाथोकी[1]

# लोकतन्त्रमा निर्वाचन र नयाँ सरकारका प्राथमिकताहरू

**राजनीतिक अस्थिरता र अन्यौलका कारण मुलुकले विकास, प्रगति र समृद्धिमा फड्को मार्न सकेको छैन। बिडम्बना, नीति निर्माताहरू हरेक चुनावमा विकास तथा समृद्धिका आश्वासनहरू बाँडेर निर्वाचित भए पनि आमनागरिकहरूको आशा अनुसार भौतिक विकास र समृद्धिका नमूनाहरूले मुर्तस्वरुप लिन सकेको छैन। तसर्थ, आगामी सरकारका सामु सबैभन्दा ठूलो चुनौती भनेको हालैका निर्वाचनका क्रममा गरिएका प्रतिवद्धतालाई व्यवहारमा उतार्नु हुनेछ। विगतमा संविधानसभाको कार्य संविधान निर्माण गर्नु भएका कारण विकासतर्फ ध्यान दिन नसकेको जस्ता तर्कले आगामी सरकार उम्किन सक्ने अवस्था छैन।**

आवधिक निर्वाचनलाई लोकतन्त्रमा अपरिहार्य मानिन्छ। निर्वाचनको नियमित सुनिश्चितताले मात्र लोकतन्त्रको संस्थागत विकास, मानव अधिकारको संवर्द्धन र कानुनी शासनको स्थापना सम्भव हुन्छ। मुलुकको राजनीतिक प्रणाली र शासन पद्धति अनुसार निर्वाचनका स्वरुपहरू फरक-फरक हुने गर्छन्। मूलत: लोकतान्त्रिक व्यवस्था र नियन्त्रित शासन व्यवस्थाका निर्वाचन प्रणालीहरूमा आधारभूत भिन्नता हुने गर्दछ। आमनागरिकको अभिमतका आधारमा देशको शासन व्यवस्था चलाउने न्यूनतम मापदण्डलाई व्यवहारमा उतार्ने तरिका पनि मुलुकको शासन व्यवस्थाअनुसार फरक-फरक भएको पाइन्छ।

समस्त निर्वाचन प्रक्रिया आमनागरिकको सहभागितामा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न हुन सक्नुपर्दछ भने वालिग मताधिकारका आधारमा एक व्यक्ति एक मतका आधारमा छनौट गरिने व्यवस्था लोकतान्त्रिक शासन पद्धतिमा मात्र पाइन्छ। साथै, लोकतन्त्रमा आमनागरिकको मतदान गर्ने व्यवस्थालाई उनीहरूको मानव अधिकारका रूपमा व्याख्या गरिएको हुन्छ र सोहीअनुसार प्रत्याभूत गरिन्छ। साथै, राज्यले मतदानको अधिकारमा कुनै पनि प्रकारको हस्तक्षेप बिना सुरक्षित हुन सकेमा आमनागरिकहरूलाई लोकतन्त्रको अनुभूति हुन्छ भने यसको संस्थागत विकासमा सहयोग पुर्‍याउँछ।

निर्वाचनलाई सामान्यतया सत्ता प्राप्ती वा परिवर्तनसँग मात्र जोडिए पनि मूलभूत रूपमा निर्धारित समयमा हुने निर्वाचनले देशमा देखा पर्नसक्ने अस्थिरता, अन्यौलता र अनिश्चयको अन्त्य गर्न मद्दत गर्दछ। साथमा आमनागरिकमा लोकतान्त्रिक शासन पद्धतिमाथि भरोसा बढ्दै जान्छ भने जननिर्वाचित सरकारको विश्वसनीयतामा समेत बृद्धि गर्दछ। निर्वाचनलाई सत्ता प्राप्ती र सरकार सञ्चालनको साधनका रूपमा मात्र हेरिनुलाई राजनीतिक शक्तिहरूमा विद्यमान अल्पकालीन सोच प्रतिबिम्बित भएको ठान्नुपर्छ। समष्टिगत रूपमा निर्वाचनलाई देशमा सुशासन, जवाफदेहीपन र जिम्मेवारीपन बढाउने माध्यमका रूपमा लिनुपर्छ भने राष्ट्रनिर्माणको अभियानमा आमनागरिकको चाहनालाई समावेश गर्ने प्रक्रियाका रूपमा बुझ्नुपर्ने हुन्छ। विशेषगरी राष्ट्रनिर्माण प्रक्रियाका लागि आवश्यक हुने जनादेश, रणनीति निर्माणका लागि राजनीतिक दृष्टिकोणको निर्माण र यसको कार्यान्वयनका लागि विश्वसनीय आधारहरू निर्वाचनबाट प्राप्त हुने गर्दछ। तसर्थ, लोकतान्त्रिक पद्दतिमा राष्ट्र निर्माण प्रक्रियालाई कार्ययोजनामा उतार्न र व्यवहारमा कार्यान्वयन गर्नका लागि निर्वाचनको महत्त्वपूर्ण योगदान रहने गर्दछ।

द्वन्द्वउपान्त समाजमा शान्ति प्रक्रियालाई निष्कर्षतर्फ उन्मुख गराउन, शान्ति सम्झौताको पूर्ण रूपमा कार्यान्वयन गर्न तथा यसका आधारमा सम्पन्न कार्यहरूलाई वैधानिकता दिन र द्वन्द्वपीडितहरूका लागि न्यायका सुनिश्चितता गर्नका लागि पनि निर्वाचन अत्यन्त जरुरी हुन्छ। द्वन्द्वउपान्त समाजमा आवधिक निर्वाचनको सुनिश्चितता हुन नसकेमा समाजमा हिंसा भड्कन सक्ने र मुलुक पुन: द्वन्द्वतर्फ धकेलिने सम्भावना पनि रहन्छ। तसर्थ, निर्वाचनलाई कर्मकाण्डी कार्यको रूपमा मात्र नसोची यसलाई द्वन्द्वउपान्त समाजमा विगतका द्वन्द्वरत पक्षहरूकाबीचमा

१. *द्वन्द्व तथा सुरक्षा विशेषज्ञ एवम् मानव अधिकारकर्मी बुढाथोकी शान्ति तथा न्याय प्रवर्द्धन केन्द्र र न्याय तथा सुरक्षा सञ्जालसँग सम्वन्धित हुनुहुन्छ । peace.sb@gmail.com*

आपसी सद्भाव र मेलमिलापको वातावरण निर्माण गर्नेतर्फ पनि उपयोग गरिनुपर्छ। समाजमा विद्यमान अविश्वासको वातावरण अन्त्य गर्न, राज्यका निकायहरूको आमनागरिकहरूसँगको सम्बन्ध पुर्नस्थापित गर्ने एवम् मजबुत बनाउने वातावरण बनाउन र देशमा दिगो शान्ति तथा न्यायपूर्ण समाजको स्थापनाका लागि लोकतान्त्रिक पद्धतिमा नागरिकको आम सहभागितामा सम्पन्न निर्वाचनले विशेष महत्त्व राख्दछ। वैधानिक निर्वाचन बिना निरन्तर शासन व्यवस्था सञ्चालन गर्ने प्रयत्न भएमा मुलुक अधिनायत्वतर्फ उन्मुख हुने, सामाजमा विद्यमान आपसी सहअस्तित्व र मेलमिलापको वातावरण भड्कनसक्ने तथा तनावको स्थिति पैदा हुने, द्वन्द्व पुनः बल्भिने, सुशासनका मापदण्डहरू धरापमा पर्ने र राजनीतिक अस्थिरता तथा अन्यौल बढ्ने खतरा रहन्छ।

नयाँ संविधान जारी भएपछि यसको कार्यान्वयनको महत्त्वपूर्ण पक्ष सङ्घीय तथा प्रदेश निर्वाचन तुलनात्मक रूपमा अत्यन्त शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको छ। यसलाई सङ्घीयताको संस्थागत विकासका दृष्टिकोणबाट कोशेढुङ्गा मान्नुपर्छ। तर, निर्वाचनको परिणाम सार्वजनिक भएसँगै सत्ता हस्तान्तरणमा जटिलता देखिनुले आगामी दिनहरू राजनीतिक स्थायित्वका दृष्टिकोणमा सङ्कटपूर्ण हुने देखिएका छन्। यसले संविधानमा व्यवस्था भएका जटिल व्यवस्थाहरूको कार्यान्वयनमा देखा पर्न सक्ने चुनौतीहरू पनि प्रतिबिम्बित गरेको छ। साथै, निर्वाचनको सम्पन्नतासँगै जनआकाङ्क्षा व्यापक चुलिएको समयमा नवनिर्वाचित दुवै तहका संसद् र सरकारले गम्भीर परिस्थितिको सामना गर्नुपर्ने अवस्था आउन सक्छ। यस परिवेशमा एकातिर मुलुकलाई राजनीतिक सङ्क्रमणबाट स्थिरता र सम्वृद्धितर्फ रूपान्तरण गर्नुपर्नेछ भने अर्कोतिर सङ्घीयताको प्रवर्द्धनका लागि पूर्वाधारको व्यवस्थापन एवम् राष्ट्रिय संरचनाको स्थापनाका लागि राष्ट्रका सामू आर्थिक भारका अलावा नीतिगत तथा कानुनी संयन्त्रहरूको निर्माण गर्नुपर्नेछ। यसर्थ, लोकतन्त्र र सङ्घीयताको संस्थागत विकासका लागि निम्न पक्षहरूमा ध्यान दिनु मुलुकका निम्ति लाभदायक हुनेछ।

**संविधानको कार्यान्वन**

संविधानका कार्यान्वयनको महत्त्वपूर्ण पक्षका रूपमा रहेको सङ्घीय तथा प्रदेशसभाको निर्वाचन सम्पन्न भएको छ। तथापि संविधानलाई चलायमान बनाउन आगामी दिनहरू सहज भने देखिएका छैनन्। एकातिर संविधान जारी गर्ने समयमा असन्तुष्ट तराई-मधेसका सवालहरू सम्बोधन हुन सकेका छैनन् भने अर्कोतिर संविधानसभा सदस्यहरूको व्यापक सहभागिता तथा समर्थनबाट जारी संविधानमा समाविष्ट जटिल, अस्पष्ट र अव्यावहारिक प्रावधानहरूका कारण संविधानलाई आमनागरिकले अपनत्व महसुस गर्न सक्ने वातावरण निर्माण पनि भएको छैन।

उदाहरणका लागि मौलिक हकमा समाविष्ट महत्वाकाङ्क्षी व्यवस्थाहरू, अव्यावहारिक राज्यका निर्देशक सिद्धान्तहरू, व्यवस्थापन गर्न नसकिने संवैधानिक आयोगहरू, जटिल शासन प्रणाली तथा निर्वाचन पद्धति जस्ता प्रावधानहरूका अलावा सङ्घीय व्यवस्था चलायमान बनाउन सबैभन्दा चुनौतीपूर्ण मानिने सङ्घ र प्रदेशकाबीचमा अधिकारको बाँडफाँड तथा क्षेत्राधिकारको सीमा निर्धारण जस्ता व्यवस्थालाई प्रभावकारी बनाउनुपर्ने हुन्छ। निश्चित रूपमा संविधान गतिशील दस्तावेज हो र यसलाई चलायमान बनाउन सकेमा मात्र यसको दिगोपना कायम रहन सक्छ। यसर्थ, संविधानसभाबाट पारित संविधानलाई जीवन्तता दिनका लागि यसमा रहेका कमजोरीहरूको वैधानिक तवरबाट सम्बोधन गर्नुपर्दछ। आवश्यकता अनुसार संविधान संशोधनका लागि जिम्मेवार राजनीतिक शक्तिहरूले लचकताका साथ पहल गर्नुपर्ने हुन्छ।

**राजनीतिक स्थिरताको सुनिश्चितता**

सङ्घीय तथा प्रदेश सभा निर्वाचन परिणामले राजनीतिक स्थिरताको जनचाहनालाई अनुमोदन गरेको छ। ३० वर्षको पञ्चायतकालीन अवधिको गणना नगर्ने हो भने २००७ सालमा प्रजातन्त्रको स्थापनापछि बहुदलीय शासन पद्धतिको पुर्नस्थापना र गणतन्त्रकालीन समयमा पनि मुलुकले राजनीतिक अस्थिरता, अन्यौल र अनिश्चियको सामना गरिरहेको छ। परिणामस्वरुप देशमा विकास, प्रगति र सम्वृद्धिका प्रयासहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन्। राजनीतिक अस्थिरताका कारण देशमा संविधानसभाको चुनाव समेत दुईपटक गर्नुपर्ने अवस्था आएको थियो भने बाध्यतावश प्रधानन्यायाधीशलाई कार्यकारीको भूमिका दिनुपर्ने अवस्था समेत आयो। यसको मतलव आममतदाताहरूले हालैको निर्वाचनमा राजनीतिक स्थिरताको सुननिश्चितताको पक्षमा व्यापक मत जाहेर गरेका छन्। फलतः वाम गठबन्धनले स्पष्ट बहुमत हासिल गरेको छ र लोकतान्त्रिक गठबन्धन प्रतिपक्षीको भूमिकामा सीमित हुन पुगेको छ।

लोकतन्त्रको संस्थागत विकासका लागि सत्तापक्ष र विपक्षीकाबीचमा सहकार्य र समन्वय हुन नसकेमा असमझदारी बढ्छ। साथै, राजनीतिक शक्तिहरू सत्ता जोगाउन र सत्ता कब्जा गर्ने होडबाजीमा सीमित रहेमा मुलुकमा अन्यौल कायम रहनेछ। यस्ता अस्वस्थ प्रतिष्पर्धा र गतिविधिले मुलुकमा राजनीतिक अस्थिरतालाई निरन्तरता दिनेछ र आमनगरिकको अपेक्षामाथि कुठाराघात हुनेछ।

**समृद्धिका आधारहरू निर्माण**

राजनीतिक अस्थिरता र अन्यौलका कारण मुलुकले विकास, प्रगति र समृद्धिमा फड्को मार्न सकेको छैन। बिडम्बना, नीति निर्माताहरू हरेक चुनावमा विकास तथा सम्वृद्धिका आश्वासनहरू बाँडेर निर्वाचित भए पनि आमनागरिकहरूको आशा अनुसार भौतिक विकास र समृद्धिका नमूनाहरूले मुर्तस्वरुप लिन सकेको छैन। तसर्थ, आगामी सरकारका सामू सबैभन्दा ठूलो चुनौती भनेको हालैका निर्वाचनका क्रममा व्यक्त प्रतिबद्धताहरूलाई व्यवहारमा उतार्नु हुनेछ। विगतमा संविधानसभाको कार्य संविधान निर्माण गर्नु भएका कारण विकासतर्फ ध्यान दिन नसकेको जस्ता तर्कले आगामी सरकार उम्किन सक्ने अवस्था छैन।

यस कार्यका लागि मूलतः सरकारको दायित्व भए पनि विपक्षी दल र अन्य राजनीतिक शक्तिहरूलाई पनि समझदारीमा ल्याउनुपर्ने हुन्छ। सरकारले राष्ट्रनिर्माणको दीर्घकालीन कार्ययोजना तयार गर्ने र उक्त योजनालाई सरकारले अधिकतम राजनीतिक सहमतिबाट पारित गर्नुका साथै कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ।

## सङ्घीय पूर्वाधारको विकास

सङ्घीय र प्रदेश निर्वाचनको सम्पन्न भएसँगै मुलुक विधिवत रूपमा सङ्घीयतामा प्रवेश गरेको छ। अधिकतम विकेन्द्रिकरणको उत्कृष्ट स्वरुप सङ्घीयता भए पनि यसका लागि आवश्यक भौतिक पूर्वाधार र संरचनाको व्यवस्थापन चुनौतीपूर्ण देखिएको छ। साथै, सङ्घीय व्यवस्थालाई समन्वयात्मक एवम् सहयोगात्मक सिद्धान्तका आधारमा सञ्चालन गर्नु र उनीहरूकाबीचमा अधिकार क्षेत्रको सीमालाई कार्यान्वयनमा ल्याउन पनि प्रारम्भमा कठिनाइ देखिनु स्वभाविक मान्नु पर्छ।

प्रदेश राजधानीको स्थापनाका साथमा प्रदेश प्रमुखका अलावा प्रदेश कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका साथै सुरक्षा र प्रशासनिक निकायहरूको उचित रूपमा व्यवस्थापन सरकारले तत्कालै गर्नुपर्ने भएको छ। सङ्घीय संरचनाको व्यवस्थापनका लागि पूर्वाधारको स्थापना तथा विकास, कर्मचारी परिचालन र नयाँ संरचनाहरूलाई चलायमान बनाउन एकातिर कानुनी जटिलता छ भने अर्कोतिर देशले ठूलो आर्थिक भार पनि बेहोर्नुपर्नेछ। तसर्थ, आगामी सरकारको दायित्व प्रादेशिक निकायहरूको व्यवस्थापनका साथै सङ्घीय पूर्वाधारहरूको विकास गर्नु पनि हुनेछ।

## भ्रष्टाचार नियन्त्रण

मुलुक भ्रष्टाचारबाट आक्रान्त छ। नीतिगत तथा कार्यगत तहका भ्रष्टाचारले देशका सबै तहका संयन्त्रहरू गतिशील हुन नसकेको र आम नागरिकहरूले राज्यबाट प्राप्त गर्नुपर्ने न्यूनतम सेवा-सुविधाहरू बिचौलियाको संलग्नता विना प्राप्त गर्नसक्ने अवस्था छैन। राज्यबाट भ्रष्टाचार न्यूनिकरणका लागि पर्याप्त कानुनी तथा प्रशासनिक संरचनाहरूको व्यवस्था भए पनि प्रभावकारी हुन सकिरहेका छैनन्। विश्वसनीय तथा प्रभावकारी सेवा-सुविधाहरू उचित समयमा निर्वाध रूपमा राज्यबाट प्राप्त गर्नु आमनागरिकहरूको अधिकार हो र सोही प्रयोजनका लागि उनीहरूले कानुनसम्मत कर तिर्ने गर्दछन्।

बिडम्वना मुलुकका नीति निर्माताहरू (राजनीतिक र कर्मचारी) को असक्षमता, इच्छा शक्तिको अभाव र नाजायज प्रलोभनप्रति आशक्तिका अलावा योजनावद्ध रूपमा गैरकानुनी तथा अवैधानिक कार्यमा संलग्नता हुनु र त्यसको ढाकछोपका लागि नीतिगत तहमा प्रभाव पार्ने कार्यमा संलग्न हुनुले सुशासनका मान्यताहरू धरासायी भएका छन्। तसर्थ, आगामी सरकारको सफलता सुशासनका मान्यताहरूको प्रभावकारी रूपमा कार्यान्वयन र भ्रष्टाचार न्यूनिकरणमा चाल्ने कदममा निर्भर गर्नेछ। यसका लागि भ्रष्टाचारमा आरोपित व्यक्तिहरूलाई कानुनको दायरामा ल्याउन सहयोग पुऱ्याउने र संवैधानिक अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सशक्त बनाइ मुलुकमा सुशासनको वातावरण तयार गर्नका लागि आगामी सरकारले नीतिगत तथा कार्यगत तहमा प्रभावकारी कदम चाल्नुपर्नेछ।

## द्वन्द्वकालीन घटनाहरूको सम्बोधन

शान्ति सम्झौताको अभिन्न अङ्गका रूपमा रहेको द्वन्द्वपीडितहरूलाई न्यायको सुनिश्चितता गर्ने र पीडकहरूलाई कानुनी प्रक्रियाका माध्यमबाट दण्ड-सजायको दायरामा ल्याउन सकेमा मात्र शान्ति प्रक्रिया निष्कर्षतर्फ उन्मुख भएको मान्न सकिन्छ। शान्ति सम्झौताले परिकल्पना गरेको द्वन्द्व पीडितहरूलाई न्यायको प्रत्याभूति गर्नका लागि सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोग गठनको परिकल्पना गरेको थियो। पीडित तथा मानवअधिकार समुदायको निरन्तर दवावका वावजुद मुलुक द्वन्द्वबाट शान्तितर्फ रूपान्तरण प्रक्रियामा प्रवेश गरेको ८ वर्षपछि गठन हुन पुगेका आयोगहरू गठन प्रक्रियाका समयदेखि नै विवादास्पद रहन पुगे। आयोगका पदाधिकारीहरूको कमजोर क्षमता र विवादास्पद कार्यशैलीका कारण आफ्नो २ वर्षे कार्यकाल उपलब्धिविहीन हुन पुगे भने कानुनत: बढाउन सकिने एक वर्षको अवधि पनि निरर्थक हुने निश्चित छ। साथै, एकातिर सरकारले उल्लेखित आयोगहरूलाई क्षमादान र मेलमिलापका सम्बन्धमा जारी गरेको आदेशका आधारमा कानुनको संशोधन गरेको छैन भने अर्कोतिर यी आयोगहरूले पीडितहरूका अलावा यसका सरोकारवालाहरूका सवालहरू सम्बोधन गर्ने न्यूनतम प्रयास नगरेको देखिन्छ।

ती आयोगहरूका अहिलेसम्मको उपलब्धि भनेको पीडितहरूका तर्फबाट दायर भएका उजुरीहरूको सङ्कलन गर्ने, अनुसन्धानका लागि प्रदेशस्तरीय कार्यालय सञ्चालनमा ल्याउने, सरकारी वकिल तोक्ने र कार्यक्षेत्रमा खटाउने वाहेक अन्य कुनै परिणाममुखी कार्य देखिएको छैन। यसरी पीडितहरू, मानवअधिकार समुदाय र अन्तर्राष्ट्रिय क्षेत्रले समेत मान्यता नदिएका आयोगहरूको पदावधि अनिवार्य रूपमा समाप्त हुन लागेको समयमा कुनै पनि प्रकारको वैकल्पिक व्यवस्था हुन नसकेमा पीडितहरूमाथि राज्यबाट थप अन्याय हुनेछ। मानव अधिकारको गम्भीर उल्लङ्घन र जघन्य अपराधबाट प्रभावित द्वन्द्व पीडितहरूको घाउमा मल्हम लगाउन र उनीहरूलाई न्यायको अनुभूति गराउनु नयाँ सरकारको पनि दायित्व हो। तसर्थ, नयाँ सरकारले कानुनको आवश्यक संशोधन र आयोगहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रहरूलाई स्वीकार्य हुने नयाँ पदाधिकारीहरूको नियुक्तिमार्फत् द्वन्द्वकालीन घटनाका पीडितहरूलाई न्यायको सुनिश्चितता गर्ने विकल्पका बारेमा समयमा नै सोच्नुपर्ने हुन्छ। साथै, त्यस्ता मानवअधिकार उल्लङ्घन र जघन्य अपराधका घटनाहरू पुन: दोहोरिन नदिने वातावरण तयार गर्नका लागि द्वन्द्वकालीन घटनाहरूको उचित रूपमा सम्बोधन गर्नुपर्दछ।

## फौजदारी न्यायिक पद्धतिमा सुधार

आमनागरिकका लागि न्यायको अन्तिम विकल्प भनेको फौजदारी न्यायिक पद्धतिको प्रभावकारिता र निष्पक्षतामा निर्भर गर्दछ। अपराध अनुसन्धान र अभियोजनको स्वच्छता र निष्पक्षताले मात्र न्यायपालिकालाई न्याय निरूपण गर्न मद्दत पुग्ने भएकाले यस्ता निकायहरूलाई सक्षम तथा सवल र स्वतन्त्र बनाउनुपर्दछ। साथै, फौजदारी न्यायसँग सम्बन्धित सबै निकायहरूलाई स्वतन्त्र तथा स्वायत्त रूपमा जिम्मेवारी वहन गर्ने कानुनी तथा प्रशासनिक आधारहरू तयार गरिनुपर्दछ। यसका लागि आवश्यक नीतिगत, संरचनागत र कानुनमा सुधार, परिमार्जन एवम् संशोधनका अलावा आवश्यकता अनुसार नयाँ नीति र कानुनको तर्जुमा गर्नुपर्ने पनि हुन्छ। नेपालको सन्दर्भमा फौजदारी न्यायिक पद्धतिको महत्वपूर्ण पक्ष

अपराध अनुसन्धानको जिम्मेवार निकाय नेपाल प्रहरीमा सरकारबाट निरन्तर नीतिगत तहमा राजनीतिक हस्तक्षेप हुने गरेको छ भने कार्यगत तहमा राजनीतिक दलहरू तथा समाजका अन्य समूहहरूबाट निष्पक्ष भूमिका निर्वाह गर्नबाट वञ्चित गर्ने गरेको पाइन्छ। साथै, नेपाल प्रहरीले दक्ष जनशक्ति, स्रोत-साधनलगायत राजनीतिक इच्छाशक्तिको कमी एवम् आर्थिक सङ्कटको निरन्तर सामना गर्नुपरेको छ भने सरुवा, बढुवा तथा अवसरमा हुने हस्तक्षेपले संस्थागत रूपमा निरूत्साहित गर्ने गरेको पाइन्छ।

अभियोजनकर्ता महान्यायाधीवक्ताको कार्यालय र यस मातहतका सरकारी वकिलका कार्यालयहरू पनि स्रोत-साधन, सक्षम जनशक्ति एवम् भौतिक पूर्वाधारको अभावका कारण अपराध अनुसन्धानमा प्रहरीलाई आवश्यकता अनुसार सहयोग गर्न र कार्यबोझ तथा वृत्ति विकासको अस्पष्टताका कारण प्रभावकारी अभियोजन हुन नसकेको देखिन्छ। तुलनात्मक रूपमा सक्षम मानिएको न्यायपालिकामा समेत न्यायाधीशहरूको नियुक्ति स्रोध-साधनको विनियोजन लगायतका माध्यमबाट दलीय हस्तक्षेप हुन थालेको छ। न्याय निरूपणका सवालमा दलीय सिफारिसको प्रभाव नदेखिए पनि यस्ता नियुक्तिले भविष्यमा स्वच्छ तथा निष्पक्ष न्यायका मान्यताहरूमाथि प्रभावित पार्ने सम्भावनामा वृद्धि हुँदै गएको महसुस गर्न सकिन्छ। तसर्थ, देशको फौजदारी न्यायिक पद्धतिलाई स्वतन्त्र, निष्पक्ष र समयसापेक्ष बनाउनका लागि कानुनी, प्रशासनिक, संरचनागत, प्रविधि र भौतिक पूर्वाधारका हरेक क्षेत्रमा व्यापक सुधार नगरिएमा आमनागरिकले अपेक्षा अनुसारको न्याय नपाउने अवस्था सृजना हुन सक्छ। यसलाई समयमा सम्बोधन गर्नु सरकारको दायित्व हो र आगामी सरकारले समयमा नै यससम्बन्धी कार्ययोजना बनाउनु पर्दछ।

**पुर्ननिर्माणमा गतिशीलता**

मुलुक २०७२ को महाभूकम्पका कारण १४ पहाडी जिल्लाहरू र पटक-पटकको बाढीले तराईका अधिकांश जिल्लाहरू प्रभावित भएका छन्। बिडम्बना, बाढी पीडितहरू सरकारको दैवी प्रकोप सहायता कोषको राहतमा बाँच्न बाध्य हुनुपरेको अवस्था छ भने भूकम्प प्रभावित क्षेत्रहरूको पुनर्निर्माण तथा पीडितहरूको पुर्नस्थापनाका लागि राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण गठन गरिए पनि प्रारम्भदेखिको दलीय राजनीतिका कारण प्रभावकारी हुन सकेको छैन। पीडितहरू लगातार वर्षेझरी र कठ्याङ्ग्रिँदो जाडोमा जीवन बिताउन बाध्य छन्। एकातिर प्राधिकरण संरचनागत योजना बनाउन असफल देखिन्छ भने अर्कोतिर बनाएका योजनाहरू पनि कार्यान्वयन गर्न सकिरहेको छैन। राज्यको ठूलो लगानी राहतका नाममा लगातार वितरण भइरहेको छ भने राहत वितरणमा दलीय प्रभाव जमाउने प्रतिष्पर्धा समेत भएको यथार्थ हामी सबैका सामु छर्लङ्ग छ।

निर्वाचनका समयमा दलीय प्रतिस्पर्धा भए पनि आगामी सरकारका लागि पुननिर्माणलाई तदारुकता दिनु र भूकम्प पीडितहरूको पुर्नस्थापनाका कार्यक्रमहरूलाई सक्रियताका साथ अगाडि बढाउनुपर्ने जिम्मेवारी थपिएको छ। स्थानीय तहको निर्वाचन पश्चात् कुनै सक्रियता नआएपछि निराश बनेका भूकम्प तथा बाढी पीडितहरूको पुर्नस्थापना तथा उनीहरूसँग सम्बन्धित व्यक्तिगत र सामूहिक संरचनाहरूको पुर्ननिर्माणमा ढिलासुस्ती हुन गएमा सरकारमाथि जनविश्वास घट्ने निश्चित छ। तसर्थ, सरकारले पुननिर्माण प्राधिकरणको वर्तमान संरचनाबाट नै पुर्ननिर्माणका कार्यहरूलाई जनस्तरमा महसुस हुने गरी पुऱ्याउन, राज्यको विद्यमान स्रोत-साधनलाई पारदर्शिताका साथ अधिकतम परिचालन गर्नुपर्दछ। आवश्यकता अनुसार जनसहभागिताको सिद्धान्तलाई कार्यान्वयनमा ल्याउन, विद्यमान संरचना तथा मापदण्डहरूको परिमार्जनका लागि प्रक्रिया समेत अगाडि बढाउनु पर्दछ। साथै, समस्त पुननिर्माणका कार्यलाई अनुगमन गर्न प्रदेश तहमा संसदीय अनुगमन समिति पनि गठन गर्न सकिन्छ।

यसैगरी, हरेक वर्ष मुलुकले बेहोर्नुपर्ने बाढी-पहिरोलगायतका प्राकृतिक प्रकोपको सामना गर्नका लागि गृहमन्त्रालय अर्न्तगतको दैवी प्रकोप उद्धार तथा राहतसम्बन्धी संरचनालाई आपतकालीन उद्दार, राहत र पुर्नस्थापनाको कार्यादेशसहितको विशेष स्वायत्त निकायको रूपमा विकास गर्न जरुरी छ। यसमा मानवीय सेवा, सुरक्षा निकाय र स्वयम्सेवकहरू सम्मिलित चलायमान संयन्त्र बनाउन सकिन्छ। प्रशासनिक तथा प्राविधिक जटिलता र ढिलासुस्तीका कारण सरकारप्रति आम नागरिकको बढ्दो जनविश्वास घटाउन र भूकम्प तथा बाढी पीडितहरूको पुर्नस्थापना र यसबाट प्रभावित संरचनाहरूको पुर्ननिर्माण आगामी सरकारको विशेष प्राथमिकतामा रहनुपर्दछ।

**निष्कर्ष**

लोकतन्त्रमा निर्वाचनले नयाँ सरकार मात्र नभई जिम्मेवारी पनि हस्तान्तरण गर्दछ। निर्वाचनले एकातिर आम नागरिकलाई उनीहरूका अभिमत जाहेर गर्ने अवसर प्रदान गर्दछ भने अर्कोतिर मुलुकको नेतृत्वकर्ता राजनीतिक दल वा व्यक्तिको क्षमता, प्रतिबद्धता र कार्ययोजनालाई अनुमोदन पनि गर्दछ। हाम्रो सन्दर्भमा हालै सम्पन्न निर्वाचनले एकातिर संविधानको कार्यान्वयनका सवालमा थप फड्को मारेको छ भने अर्कोतिर सङ्घीयताको संस्थागत विकासका लागि मजबुत आधारहरू निर्माण गरेको छ।

त्यसैले आगामी सरकारले जनआकाङ्क्षाको सम्बोधनका अलावा मुलुकमा अस्थिरता, अन्यौल र अनिश्चयताको अन्त्य गर्नेतर्फ सक्रिय रहनुपर्दछ। साथै, राष्ट्रनिर्माणका लागि आर्थिक समुन्नति, विकास र समृद्धिका रणनीति तथा कार्ययोजनाहरू निर्माण गर्नुपर्दछ भने आमनागरिकले महसुस गर्नेगरी कार्यान्वयनमा ल्याउन सक्नुपर्दछ। साथै, सरकारका सामु द्वन्द्वपीडितहरूको न्यायको सुनिश्चितता जस्ता शान्ति प्रक्रियाका बाँकी जिम्मेवारीहरू पनि पूरा गर्नुपर्ने अहम् दायित्व बाँकी रहेको छ। मूलतः लोकतन्त्र र सङ्घीयतालाई संस्थागत गर्नु आगामी सरकारको मूल दायित्व भए पनि जनसरोकारहरूलाई समयमा नै यथोचित रूपमा सम्बोधन गर्नुपर्ने हुन्छ। तर, राजनीतिक शक्तिहरू सत्ता प्राप्तीको उद्देश्यमा मात्र सीमित रहेमा आमनागरिकमा निराशा पैदा हुनेछ भने लोकतन्त्र र सङ्घीयताको गलत सन्देश प्रवाह हुनेछ।

विश्लेषण



गोपाल सञ्जेल

# संविधानको कार्यान्वयन र समृद्धितर्फको यात्रा

नेपालको संवैधानिक इतिहासमा सातौँ संविधान २०७२ साल असोज ३ गते जारी भयो। यसअघिका संविधानभन्दा यो संविधान यसर्थ पनि विशेष अर्थ र अपनत्वको छ कि यो संविधानसभाले लेखेर जारी गरिएको संविधान हो। गणतन्त्रको गर्भमा निर्माण गरिएको र गणतन्त्रलाई नै संस्थागत गर्न कार्यान्वयनको चरणमा प्रवेश गरेको अवस्थाको संविधान हो। संविधानत: हालै सम्पन्न भएका निर्वाचनहरूले संविधान कार्यान्वयन हुने विश्वसनीयता अझ बढाएको छ।

नेपालको संविधानसभाको निर्वाचन दुई दुई पटक भयो। पहिलो संविधानसभाले संविधान जारी गर्न सकेन। संवैधानिक रूपले देश झन्डै 'लिकआउट' हुन लागको बेला २०७० सालमा पुन: संविधानसभाको निर्वाचन हुनु आफैँमा ज्यादै सकारात्मक पक्ष थियो। दोस्रो संविधानसभाले दुई वर्ष गुजारी सक्दा पनि स्पष्ट दिशानिर्देश गर्न सकिरहेको थिएन। त्यति नै बेला २०७२ वैशाख १२ गते विनाशकारी भूकम्प आयो। भूकम्पको अकल्पनीय मानवीय तथा भौतिक क्षतिले मूलधारका दलहरूलाई एक ठाउँमा ल्याउन दबाव दियो। यही दबावकैबीचमा संविधान लेखन कार्यको गतिले मूर्तरूप लियो। अन्तत: राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनेक दबावका बावजुद संविधान जारी भयो। देशले एक थान नयाँ संविधान पायो। नागरिकहरूले ७० वर्षदेखि खोजेको अपनत्वसहितको मौलिक संविधान पाए। यसले मुलुकको राजनीतिक परिवर्तनलाई संवैधानिक रूपमा संस्थागत गर्‍यो। मुलुकले बल्ल नयाँ कोर्सको थालनी गर्‍यो।

फेरि पनि राज्यले भने संविधान जारी गरेको नाममा दु:ख पायो। जारी संविधानप्रति विमति राख्दै केही मधेसवादी दलहरूको आह्वानमा अनिश्चितकालीन मधेस बन्द गरियो। बन्दसँगै भारतसँगका प्राय: सबै नाकासमेत ठप्प पारियो। भारतले नाकाबन्दी गरेको भन्नै चाहेन। ऊ मधेसवादी दलको आडमा यहाँका मूलधारका ठूला दलहरूले नपुछेको साटो फेर्न चाहन्थ्यो। यही मेहरोमा मुलुकले अनाहकमा पाँच महिना लामो नाकाबन्दी व्यहोर्न बाध्य भयो। नागरिकहरूले पाउनुसम्म दु:ख पाए। ढुङ्गे युगको सकस खेपे। भारतले बिनाकारण हामीमाथि गरेको उपेक्षा, अपमान र अपराधप्रति सिङ्गो राष्ट्र एक भयो। नझुक्ने प्रण गर्‍यो। भूकम्प सहन चाहे तर छिमेकीको अपमानपूर्ण नाकाबन्दी सहन पटक्कै चाहेनन्। भारतले झुकाउन चाहेको स्थितिको उल्टो परिस्थिति बन्यो। बाध्य भएर उसले नाकाबन्दी खोल्यो। तर, नाकाबन्दीको मामिला झन् पछि भो झन् पेचिलो बन्दै गएको छ। यसको प्रत्यक्ष प्रभाव निर्वाचन परिणाममा समेत देखा पर्‍यो। नाकाबन्दीका बारेमा जसले खुलेर विरोध गरे उनीहरूप्रति नागरिकहरू नजिक देखिए। जसले जिब्रो चपाए उनीहरू बढारिए। मधेसवादीहरू पनि पछाडि फर्किन बाध्य भए। नाकाबन्दीले नागरिकहरूमा भारत विरोधी भावना झन् बढ्यो। यो दुखद् पक्ष हो। छिमेकीसँगको दुई पक्षीय सम्बन्ध सुमधुर हुनैपर्छ। तर, यसमा दुवै पक्षले समान व्यवहार देखाउनु जरूरी हुन्छ। सार्वभौम देशको संविधानसभाले अधिकतम् सहमतिका साथ जारी गरेको संविधानप्रति कसैले मन खुम्चयाइरहनु आवश्यक थिएन र छैन।

संविधान लेखिनु र अधिकतम् सहमतिका साथ जारी गरिनु आफैँमा ठूलै उपलब्धि हो। तर, यसको सफल कार्यान्वयन हुन सकेन भने जतिसुकै उत्कृष्ट संविधान लेखिएर जारी गरिएता पनि त्यो कागजी खोस्टो सरह नै हुन्छ। संविधान जीवित दस्तावेज त्यतिबेला ठहरिन्छ जतिबेला राजनीतिक नेतृत्वले यसको पाना-पाना पल्टाउँदै मर्म समात्न थाल्छन्। किनकी संविधान कार्यान्वयन हुनु वा नहुनु देशको भविष्यसँग जोडिन्छ। लोकतान्त्रिक मुलुक संविधानबिना चल्नै सक्दैन। नचल्नेमात्र होइन समृद्ध हुन नि सक्तैन। त्यसैले कुनै पनि संविधानको सफल कार्यान्वयनको सवाल त्यहाँका राजनीतिक नेतृत्वको

**"२०६२/०६३ को आन्दोलन भनौँ वा क्रान्ति भनौँ यसको ग्राभिटी उच्चस्तरको थियो। सशस्त्र विद्रोही शक्ति र शन्तिपूर्ण आन्दोलनरत शक्तिको गठजोडको ग्राभिटीले सिर्जना गरेको भोल्टेज कम आँक्ने खालको थिएन। प्रतिगामी शक्तिहरू सदाका लागि उठ्नै नसक्ने गरी थान्को लाग्ने परिस्थिति सिर्जना भयो। तर पनि, प्रतिगामी शक्ति थान्को लाग्यो भनेर बेवास्ता गर्ने स्थिति अझै पटक्कै बनेको छैन। राजनीतिक विडम्बना नै भो कि कमल थापाहरूले गणतन्त्रमा समेत राजनीतिको मूलमियो हल्लाइरहे। अब प्रतिगामी शक्ति नै उदाउने सम्भावना त छैन तर मूलधारका दलहरूले राजनीतिक व्यवस्थापन गर्न ढिला गरे, अलमल गरे, सौदाबाजी गरे वा सक्षमता देखाएनन् भने त्यो स्पेशमा भद्रगोल र अस्तव्यस्तताको शक्तिले लिन्छ। यो आफैँमा शक्ति त होइन तर स्पेश भने बनाउँछ र मुलुकलाई अन्धकारतर्फ धकेल्छ। मूलधारका दलहरूको विकल्प कुनै तानाशाह वा सैनिक शासक पनि हुन सक्तैन। बरू नयाँ पुस्ता वा नयाँ धरातलका शक्तिहरू उदाउन सक्छन्। त्यसको पूर्वसङ्केत झिनै भए पनि काठमाडौँ लगायतका जिल्लाहरूमा प्रस्ट रुपमा देखिएको छ। त्यसकारण लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो। दलहरूको विकल्प दल नै हो। जनताले खोजेको सुदृढ लोकतन्त्र, संस्थागत लोकतन्त्र र सुसंस्कारयुक्त लोकतन्त्र नै हो।"**

कार्यकुशलतामा निर्भर हुन्छ। राजनीतिक नेतृत्वले लोकतान्त्रिक मूल्यमान्यतालाई कसरी आत्मसात गर्छन् र संवैधानिक विधिलाई कसरी पछ्याउँछन् भन्ने विषय अहम् हुन्छ। कागजी संविधानलाई बोल्ने र संवैधानिक रूपमा क्रियाशील बनाउने कार्य राजनीतिक वृत्तबाटै हुनुपर्छ। विस्तारै सही, हाम्रो संविधान कार्यान्वयनको यात्रा अघि बढेकै हो। अब पछि हट्ने र अलमलिने बाहना सकिएका छन्।

संविधानप्रति विमतिका स्वर नभएका होइनन्। संविधानका मूलभूत पक्षमा नभई सङ्घीयताका संरचना र यसका सीमित अध्यायहरूमा मात्र विमति देखाएका हुन्। अब ती विमतिका मतहरू साँघुरिँदै जाने क्रम पनि बढ्दो छ। स्थानीय तह र आम निर्वाचनमा ती शक्ति र स्वरहरूलाई जनताले त्यति रूचाएनन्। यसो भन्दैमा यो त्यत्तिकै निमिट्यान्न होस् भन्न खोजिएको होइन। कतिपय जायज माग र आवाजलाई बेलैमा सम्बोधन गरिएन भने आजको त्यो झिनो ठानिएको आवाज भोलि ठूलो हुन बेर लाग्दैन। त्यसको गहिराइ र 'ग्राभिटी'को नापजोख उचित ढङ्गले गरिनुपर्छ। संविधान भन्ने बित्तिकै राजनीतिक विषय भएकाले एकैपटक सर्वसम्मत हुने सम्भावना कमै हुन्छ। सम्बद्ध पक्षबीच निरन्तर संवाद र वार्तालाप जारी रहनु अपरिहार्य हुन्छ। त्यसैले अधिकतम् सहमतिको प्रयास गरियो वा गरिएन भन्ने कुरोचाहिँ महत्त्वपूर्ण हुन्छ।

संविधानसभाका कूल ६ सय १ मध्ये ५ सय ७ जना अर्थात् ८९.७९ प्रतिशत सभासदहरूले हस्ताक्षर गरेको हालको संविधानलाई अधिकतम् सहमतीय संविधान भन्न र मान्न सकिन्छ। मतदानमा १ सय २० जना आदिवासी जनजाति, ६७ मधेसी, २१ थारू र १४ जना मुस्लिम समुदायका सभासद् सहभागी थिए। त्यसो त संविधान भनेकै तत्कालीन राजनीतिक शक्ति सन्तुलनको सहमतीय दस्तावेज हो भनिन्छ। यो कोर्स संविधानसभाले जारी गरेको नेपालको संविधानले पूरा गरेको छ। संविधान गतिशील हुन्छ। समयसापेक्ष पनि। समय र शक्तिलाई सम्बोधन गर्न सकेन भने तत्क्षण संशोधन गर्न त्यही संविधानले नै विधि तोकिदिएको छ। विमतिको सानै स्वरलाई भए पनि सम्बोधन गर्न भनेरै व्यवस्थापिका संसदले जारी भएको एकै वर्षभित्र पहिलो संशोधन पनि गरिसकेको छ। दोस्रो पटकको संशोधनको पहल भने सहमति हुन सकेन। तर पनि यी प्रयासले यसको जीवन्त पक्ष झल्काउँछ। त्यसैले हाम्रो संविधान गतिशील दस्तावेजको रूपमा स्थापित भइसकेको छ।

अब कार्यान्वयनका खुट्किलाहरू एकएक गरेर चढ्नैपर्छ र छिट्टै उपल्लो खुट्किलो पार गरेर समृद्धिको यात्रा तय गरिनुपर्छ। नत्र समयले पुछारकै खुड्किलोबाट पछारेर हामीलाई छोड्नेछ।

**सङ्क्रमणकालको अन्त्य**

यो संविधान मूलत: २०६२/०६३ सालको शान्तिपूर्ण ऐतिहासिक आन्दोलनको सम्बोधन हो। १० वर्षे सशस्त्र विद्रोहलाई शान्तिपूर्ण, तार्किक निष्कर्षमा पुर्‍याउने अठोटसहित २०६३ मङ्सीर ५ गते तत्कालीन सरकार र विद्रोही पक्षबीच गरिएको विस्तृत शान्ति सम्झौताको मर्म र भावना हो। यसका लागि राजतन्त्रात्मक संसदीय व्यवस्थाको सट्टा गणतन्त्रात्मक सङ्घीय राज्य व्यवस्था कायम गर्ने मार्गनिर्देश हो। २०६२ मङ्सिर ७ गते तत्कालीन सात राजनीतक दल र विद्रोही पक्षले गरेको १२ बुँदे सम्झौता र मधेस आन्दोलनको पृष्ठभूमिसमेत हो। आन्दोलनको राप र तापले ल्याएको उभारपछि २०४७ सालको संविधानलाई विस्थापित गर्दै जारी गरिएको अन्तरिम संविधान २०६३ लाई २०७२ मा जारी संविधानले विस्थापित गर्‍यो। यो ऐतिहासिक परिघटनाले संवैधानिक हिसाबमा त सङ्क्रमणकाल पार गर्‍यो तर, संरचनात्मक पूर्णता वैधानिक हिसाबले पाउन सकेको थिएन। वैधानिक हिसाबले संरचनात्मक रूपमा पूर्णता पाउन निर्वाचन हुनै पर्छ। निर्वाचनबाट सङ्घीय संसद्, प्रादेशिक संसद् र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि नआउन्जेलसम्म सङ्क्रमणकाल सकिएको मान्न सकिन्न। संरचनात्मक सङ्क्रमणकाललाई अन्त्य गर्न नै अहिलेको निर्वाचन गरिएको हो। ढिलै भए पनि संविधानको पूर्ण कार्यान्वयनका लागि धमाधम तहगत रूपमा निर्वाचन गरिएको हो। यसले एकातिर संविधानको कार्यान्वयन भएको ठोस आधार दिन्छ भने अर्कातिर सङ्क्रमणकाल सकिँदै गएको पुष्टि गर्छ।

भर्खरै स्थानीय तह, प्रदेश र सङ्घीय निर्वाचन सम्पन्न भएको छ। संविधानत यो ज्यादै ठूलो उपलब्धि हो। आम निर्वाचन लोकतन्त्रको मेरूदण्ड नै मानिन्छ। जननिर्वाचित संरचना भएकाले यी सरकारहरूले संविधानको निर्दिष्ट दायराभित्र

**"संविधानप्रति विमतिका स्वर नभएका होइनन्। संविधानका मूलभूत पक्षमा नभई सङ्घीयताका संरचना र यसका सीमित अध्यायहरूमा मात्र विमति देखाएका हुन्। अब ती विमतिका मतहरू साँघुरिँदै जाने क्रम पनि बढ्दो छ। स्थानीय तह र आमनिर्वाचनमा ती शक्ति र स्वरहरूलाई जनताले त्यति रूचाएनन्। यसो भन्दैमा यो त्यत्तिकै निमिट्यान्न होस् भन्न खोजिएको होइन। कतिपय जायज माग र आवाजलाई बेलैमा सम्बोधन गरिएन भने आजको त्यो झिनो ठानिएको आवाज भोलि ठूलो हुन बेर लाग्दैन। त्यसको गहिराइ र 'ग्राभिटी'को नापजोख उचित ढङ्गले गरिनुपर्छ। संविधान भन्ने बित्तिकै राजनीतिक विषय भएकाले एकैपटक सर्वसम्मत हुने सम्भावना कमै हुन्छ। सम्बद्ध पक्षबीच निरन्तर संवाद र वार्तालाप जारी रहनु अपरिहार्य हुन्छ। त्यसैले अधिकतम् सहमतिको प्रयास गरियो वा गरिएन भन्ने कुरोचाहिँ महत्वपूर्ण हुन्छ।"**

रही क्रियाशील हुने नै छन्। यसपछि भने बल्ल संवैधानिक र संरचनात्मक हिसाबले सङ्क्रमणकाल पार भएको मान्न सकिन्छ। यद्यपि, निर्वाचित सरकारहरूका संरचनात्मक ढाँचाभित्रका अन्तरकुन्तर मिलाउन केही समय लाग्ने नै छ। यो व्यवस्थापनको विषयलाई त गौण नै मान्नुपर्ने हुन्छ। मूल कुरो भनेको संविधान कार्यान्वयनको यात्राको रेल लिकमै गुडेको छ। राज्यका संवैधानिक अङ्गहरूले संविधानत: पूर्णता पाउनु भनेकै सङ्क्रमणकालको अन्त्य भएको ठोस प्रमाण हो। अब अलमलिनुपर्ने कार्य र चालिनुपर्ने कदम बाँकी छैनन्।

सङ्क्रमणकाल पार भएपछि अब मुलुकले समृद्धिको यात्रा तय गर्नुपर्छ। समृद्धिको यात्रा तय गर्न तीनै तहका सरकारले विधि-विधान, ऐनकानुन र नियमहरू बनाउनुपर्ने हुन्छ। विधिको शासन नै लोकतन्त्रको आधार हो। समृद्धिको मार्ग हो। संविधानको मर्म र अङ्गप्रत्यङ्ग हो। यी काम तहगत संरचनात्मक सरकारहरूले गर्ने कार्यसूचीभित्र पर्छन् र गर्दछन्।

**परिवर्तनको आकांक्षा**

समृद्धिको यात्रा तय गर्न दूरदर्शी द्रष्टा र स्वप्नदर्शी स्रष्टाको गुण भएको नेतृत्व अपरिहार्य हुन्छ। हाम्रो सन्दर्भमा राजनीतिक विडम्बना के भयो भने पटक-पटक आन्दोलनको पृष्ठभूमि तयार गर्न, आन्दोलनको नेतृत्व गर्न, सशस्त्र विद्रोह गर्न, आन्दोलनको आँधीबेहरी ल्याउन राजनीतिक दलहरू र तिनका नेतृत्वहरू पटक-पटक नै सफल भए। सक्षम भए। यो कार्यमा दक्षिण एशियामै अग्रणीसमेत भए। तर, आन्दोलनपछिको राजनीतिक व्यवस्थापन गर्न, परिवर्तनलाई संस्थागत गर्न र समृद्धिका खाका कोर्न भने पटकपटक नै असफल भए। जनताले रोजीरोजी पटकपटक अवसर पनि दिए। तर जुन दललाई अवसर दिइए पनि संस्कार र प्रवृत्तिमा तात्विक भिन्नता पाइएन। बरू उल्टै परिवर्तनको सार धरापमा पर्ने र पुन: राजनीतिक चक्रव्यूहमा फस्ने उपक्रम चल्दै रह्यो। २००७ साल, २०१५ साल, २०४६ सालका परिवर्तनलाई संस्थागत गर्न र सुदृढ बनाउन जनताले राजनीतिक दलहरूलाई दह्रो काँध थाप्दा उल्टै दलहरू नै दलीय स्वार्थमा लागे र चिप्लिए। जबजब दलहरू चिप्लिए तबतब प्रतिगामी शक्तिहरू उदाए। दलहरू चिप्लिनुको अर्थ राजनीतिक स्पेस रिक्त हुन्न। त्यो स्पेसमा प्रतिगामी शक्तिहरू हावी भए र हदैसम्मको हण्डर मुलुकले व्यहोर्नु पर्‍यो।

२०६२/०६३ को आन्दोलन भनौँ वा क्रान्ति भनौँ यसको ग्राभिटी उच्चस्तरको थियो। सशस्त्र विद्रोही शक्ति र शन्तिपूर्ण आन्दोलनरत शक्तिको गठजोडको ग्राभिटीले सिर्जना गरेको भोल्टेज कम आँक्ने खालको थिएन। प्रतिगामी शक्तिहरू सदाका लागि उठ्नै नसक्ने गरी थान्को लाग्ने परिस्थिति सिर्जना भयो। तर पनि, प्रतिगामी शक्ति थान्को लाग्यो भनेर बेवास्ता गर्ने स्थिति अझै बनेको छैन। राजनीतिक विडम्बना नै भो कि कमल थापाहरूले गणतन्त्रमा समेत राजनीतिको मूलमियो हल्लाइरहे। अब प्रतिगामी शक्ति नै उदाउने सम्भावना त छैन तर मूलधारका दलहरूले राजनीतिक व्यवस्थापन गर्न ढिला गरे, अलमल गरे, सौदाबाजी गरे वा सक्षमता देखाएनन् भने त्यो स्पेशमा भद्रगोल र अस्तव्यस्तताको शक्तिले लिन्छ। यो आफैँमा शक्ति त होइन तर ठाउँ भने बनाउँछ र मुलुकलाई अन्धकारतर्फ धकेल्छ। मूलधारका दलहरूको विकल्प कुनै तानाशाह वा सैनिक शासक पनि हुन सक्तैन। बरू नयाँ पुस्ता वा नयाँ धरातलका शक्तिहरू उदाउन सक्छन्। त्यसको पूर्वसङ्केत झिनै भए पनि काठमाडौँ लगायतका जिल्लाहरूमा प्रस्ट रूपमा देखिएको छ। त्यसकारण लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो। दलहरूको विकल्प दल नै हो। जनताले खोजेको सुदृढ लोकतन्त्र, संस्थागत लोकतन्त्र र सुसंस्कारयुक्त लोकतन्त्र नै हो।

**समृद्धि तर्फको यात्रा**

जसरी हाम्रो राजनीतिक व्यवस्था सुधारिनु र फेरिनु जरूरी थियो त्यसैगरी राजनीतिक दलहरूका संस्कार, प्रवृत्ति र आचरण पनि सुधारिनु र परिवर्तन हुनु अपरिहार्य भएको छ। वास्तवमा हाम्रो देशको राजनीतिले खोजेको चुरो कुरो पनि यत्ति नै हो। जबसम्म राजनीतिक दलहरूका संस्कार, प्रवृत्ति र आचरण फेरिन्नन् तबसम्म समृद्धिको यात्रा हाँक्नु व्यर्थ हुन्छ। व्यर्थमात्र होइन दुर्घटना हुन्छ। बिचैमा तुहिन्छ। समृद्धिको यात्रालाई बाधा पुर्‍याउने पक्षहरू पहिल्यै आँकलन नगर्ने हो भने त्यो यात्रामा छिट्टै विश्राम लाग्छ। अब समृद्धिको यात्रामा विश्राम लाग्नु भनेको संविधान कार्यान्वयनमा ब्रेक लाग्नुसमेत हो। फेरि राजनीतिक र संवैधानिक रूपमा ब्रेक लाग्नु भनेको देश द्वन्द्वमा फस्नु हो। त्यतातिर त अब सोच्न पनि सकिन्न। मुलुकको संवैधानिक जहाजले सही दिशानिर्देश गरेको मार्ग अविचलित रूपमा हाँक्नु नै यतिबेलाको राजनीतिक दायित्व हो।

राजनीतिक संस्कार, प्रवृत्ति र आचारण फेर्न पटक्कै सजिलो छैन। 'नानीदेखि लागेको बानी' भन्ने नेपाली आहान राजनीतिमा पनि जोडिन आउँछ। यहाँ ५०/६० वर्षको विरासत बोकेका राजनीतिक दलहरूको दम्भ ज्यादै जब्बर भएर गडेको छ। उदाहरणका लागि अहिलेको जस्तो भड्किलो निर्वाचन पद्धति र तरिका फेरिएन भने राज्यले किमार्थ थेग्न सक्तैन। भर्खरै सम्पन्न निर्वाचनहरूमा प्राय: सबै दलहरूमा सबै तहहरूमा इमान र जमानका राजनीतिक व्यक्तिहरू ओझेलमा पर्नुपर्ने अनि धनबल र डनबलका व्यक्तिहरू सजिलै हावी हुने वातावरण बनेको टिठ लाग्दो परिदृश्य देखियो। यो खालको परिदृश्यले हाम्रो भावी राजनीतिक क्षितिज पक्कै उज्यालो देखिन्न। अहिलेको जस्तो धनबल र डनबलका हातमा राजनीति हत्याउने हो भने त्यसले दिने परिणाम पनि घिनलाग्दो हुने सजिलै अनुमान लगाउन सकिन्छ। समृद्धिको 'स' पनि नजान्ने र नबुझ्ने व्यक्तिहरूबाट कसरी यसको खाका कोर्न सक्छन् र विधि स्थापित गर्छन् ? गम्भीर प्रश्न उब्जेको छ। निर्वाचन भनेकै तडकभडक, तामझाम र रासरौश हो भन्ने मान्यता स्थापित हुनुलाई बढो चिन्ताको विषयका रूपमा लिइनु पर्छ। यदि यो प्रवृत्ति समयमै निमिट्यान्न गरिएन भने यसले सिङ्गै राजनीतिक परिपाटी नै ध्वस्त पार्नेछ। र, अन्तत्वगत्वा संविधानलाई धक्का दिन्छ। मुलुकले स्थायित्व र समृद्धिका पाइला अघि सार्न सक्तैन। यसका लागि जति निर्मम हुनु पर्ने हो त्यो हुनैपर्छ। कुनै सम्झौता गरिनु हुन्न। राजनीति सफा नभइकन अन्य क्षेत्र सुधारिने आशा गर्ने सकिन्न। भर्खरै सम्पन्न निर्वाचनमा राजनीतिलाई सधैँ अस्थिरतामा राख्ने सानातिना दलहरू आवश्यक नभएको सन्देश जनताले प्रस्ट रूपमा दिएका छन्। मूलधारका सीमित दलहरू मात्रै हावी हुनुको सन्देश यही हो। दलीय विकल्प दुई ध्रुवभित्रै

**भर्खरै स्थानीय तह, प्रदेश र सङ्घीय निर्वाचन सम्पन्न भएको छ। संविधानत यो ज्यादै ठूलो उपलब्धि हो। आम निर्वाचन लोकतन्त्रको मेरुदण्ड नै मानिन्छ। जननिर्वाचित संरचना भएकाले यी सरकारहरूले संविधानको निर्दिष्ट दायराभित्र रही क्रियाशील हुने नै छन्। यसपछि भने बल्ल संवैधानिक र संरचनात्मक हिसाबले सङ्क्रमणकाल पार भएको मान्न सकिन्छ। यद्यपि, निर्वाचित सरकारहरूका संरचनात्मक ढाँचाभित्रका अन्तरकुन्तर मिलाउन केही समय लाग्ने नै छ। यो व्यवस्थापनको विषयलाई त गौण नै मान्नुपर्ने हुन्छ। मूल कुरो भनेको संविधान कार्यान्वयनको यात्राको रेल लिकमै गुडेको छ। राज्यका संवैधानिक अङ्गहरूले संविधानतः पूर्णता पाउनु भनेकै सङ्क्रमणकालको अन्त्य भएको ठोस प्रमाण हो। अब अलमलिनुपर्ने कार्य र चालिनुपर्ने कदम बाँकी छैनन्।**

खोज्न सकिने सन्देश दिएका छन्। स्थायित्व र समृद्धिका लागि यो ज्यादै सकारात्मक पनि छ।

राजनीतिमा जबसम्म सुस्पष्ट वैचारिक पक्ष, प्रखर प्राज्ञिक पक्ष र उच्च-प्रविधि मैत्री तथा खुला सांगठनिक संरचनाको पक्ष हाँक्ने दुरदर्शी नेतृत्व हुन्न तबसम्म मुलुकले वरको सिन्को पर सार्न सक्तैन। पुरातन विरासत होइन, विषयगत विज्ञता आजको राजनीतिले खरोखास खोजेको छ। हरिलठ्ठकहरूको भीडले देशलाई अधोगतिमा लैजान्छन् र भड्खारोमा हाल्छन्। त्यसैले पनि यसपालीको निर्वाचनमा धेरै पुराना शैली र संस्कार बोकेका दल र व्यक्तिहरूलाई जनताले रूचाएको पाइएन। सधैं राजनीतिक भजन गाएर नथाक्ने पक्ष पनि न्यूनिकरण भएको छ। अझै थुप्रै त्यस्ता दल, व्यक्ति र प्रवृत्तिहरू बाँकी छन् जो समृद्धिको यात्रामा बाधक र अवरोधक भएर उभिन सक्छन्। बरू जबरजस्त जनताले अस्थिर राजनीतिलाई अन्त्य गर्न चाहेका छन्। स्थिर राजनीतिले मात्र समृद्धिको कुरो उठान गर्न सक्छ। खाका कोर्न पाउँछ। वर्ष वर्ष दिनका सरकारले हैरान पारेको र राजनीतिलाई व्यापार सम्झेकाहरूलाई पनि जनताले दरै झापड हानेका छन्। निर्वाचनको जनमतले समृद्धिको यात्राका बाधक तत्वहरूप्रति निकै निष्ठुर देखायो भने जसलाई विशवास गरे उनीहरूप्रति पनि गतिलो खबरदारी गरेको देखियो। यो पटकको निर्वाचनमा उधारोमा विश्वास गरेनन्। नयाँ अनुहार र सक्षम व्यक्ति हेरिहेरि जुनसुकै ध्रुवका भए पनि विश्वास गरेका छन्। ताकि समृद्धिको यात्रामा तिमीहरू एकै हौ र तिम्रा निष्ठा र आस्था समृद्धिका लागि गौण हुन् पनि भनेका छन्। यो जनताको ज्यादै परिपक्व निर्णय हो। जनताको परिपक्व निर्णयले लोकतन्त्र झनै मजबुत बनाउँछ। र, समृद्धिको मार्ग प्रशस्त गर्छ।

**अन्त्यमा,**

वैदेशिक लगानीलाई खुला गरिने अर्थनीति हुनुपर्छ। अर्थराजनीति सही नहुँदा समृद्धिका सबै ढोका बन्द हुन्छन्। हालको रेमिट्यान्स अर्थतन्त्रलाई तत्काल उल्ट्याउनु पर्छ। स्वदेशमै स्वरोजगारमुखी अर्थतन्त्र र स्वदेशी उत्पादनमुखी अर्थतन्त्र अवलम्बन गरिनुपर्छ। ५० लाख युवाका पाखुरीलाई विदेश पठाएर यहाँ देशको समृद्धि खोज्नु भनेको अर्को मुर्ख्याइँ हो। वैदेशिक रोजगार कम्पनी तत्काल बन्द गरिनुपर्छ। गएका युवाहरूलाई एकाध वर्षभित्र फर्काइसक्ने नीति लिइनुपर्छ। वैदेशिक रोजगारलाई रोक्नु भनेको उनीहरूलाई यहीं रोजगारको सिर्जना गर्नु हो। देशको आर्थिक परिवर्तन गर्न तिनै ५० लाख युवा नफर्की सम्भवै छैन। समृद्धिको कुरो गर्ने बित्तिकै नाकैमा ठोक्किने विषय वैदेशिक रोजगारी हो। स्वदेशमै स्वरोजगार हुने वातावरण, नीति, स्रोत र सहजीकरण राज्यले निर्माण गरिनुपर्छ। पर्यटन, जलविद्युत र कृषिको बहुआयामिक आधुनिकीकरण र बजारीकरणका कार्यसूची नै हाम्रा समृद्धिका कार्यक्षेत्र हुन सक्छन्। राज्यले प्राथमिकीकरण गर्दै खाका कोर्न, सहजीकरण गर्न र आमनागरिकलाई सहज पहुँच पुऱ्याउँदै अग्रसर बनाउनु पर्छ। वित्तीय संस्थाहरूको पहुँच सहज र सरल बनाइनु पर्छ। लोकतन्त्रमा जस्तै विकासमा पनि अपनत्व ज्यादै ठुलो विषय हो। राज्यले वातावरण मात्र निर्माण गर्नुपर्छ समृद्धिको यात्रा तय गर्न जनाता आफैं सक्षम हुन्छन्।

दुनियाँमा राजनीतिक तहल्का मच्चाउने र समृद्धिका छलाङ मार्ने एकै व्यक्ति काफी छन्। मुलुकको कायापलट एकाध वर्षमा उल्टापाल्टा पार्ने व्यक्ति पनि एकाध नै काफी छन्। हाम्रै सिमाना जोडिएको बिहारमा मुख्यमन्त्रीको एकै कार्यकालमा नीतिसकुमारले बदनाम बिहारलाई सद्नाम बिहार बनाए। लामो समयदेखि ४ अङ्कको जीडीपीलाई डबल डिजिट ११ अङ्क पुऱ्याए। त्यसैगरी सिङ्गापुर, हङकङ, दक्षिण कोरिया, मलेसियाका राजनीतिक नेतृत्वका थुप्रै सफल उदाहरण दिन सकिन्छ। स्वप्नद्रष्टा राजनीतिक नेतृत्वबिना समृद्धि सम्भव छैन भन्ने कुरो प्रस्टै हुन्छ। अब जनतालाई समृद्धिका लागि सिर्जनशील स्वप्न र दर्विलो दृष्टिकोण चाहिएको छ। ढपक्कै ढाक्ने अर्थराजनीति चाहिएको छ। बस् यत्ति।

*(सञ्जेल सामाजिक अभियन्ता हुनुहुन्छ।)*

**सन्दर्भ सूची :**


- नेपालको संविधान २०४७
- नेपालको अन्तरिम संविधान २०६३
- नेपालको संविधान (२०७२)
- स्थानीय तह पुनर्संरचना आयोगको प्रतिवेदन २०७३
- निर्वाचन आयोग नेपालका प्रतिवेदनहरू
- नेपाल मानव अधिकार वर्ष पुस्तक २०१६, इन्सेक

विश्लेषण



कालिका खड्का

# न्यायमा महिलाको पहुँच

महिला अझै पनि आफूमाथि भएको हिंसाविरुद्ध उजुरी गर्न डराउँछन्। पतिले कुटपिट गरे। अर्की ल्याए पनि पतिका विरुद्ध जाने आँट खासगरी ग्रामीण महिलाले गर्दैनन्। घरको इज्जत प्रतिष्ठामा आघात पर्ने सोचले चुपचाप बस्ने संस्कृति बढी छ। समाजमा धेरै विकृति र विसङ्गतिहरू बढ्दै गएको छ। हत्या, बलात्कार गर्भपतन, बालबिवाह, बुहविवाह, घरेलु हिंसाजस्ता घटनाहरूमा उल्लेख्य रूपमा बढोत्तरी भएको छ। यी घटनाहरू एकदम कम मात्रै अदालतसम्म आइपुग्छन्। धेरै घटनाहरू गाउँघरमा मिलाउने प्रयास हुन्छ। गर्भपतन, बलात्कारजस्ता जघन्य अपराध पनि क्षतिपूर्ति दिएर मिलाउने गरेको उदाहरणहरू धेरै छन्। आफूलाई अन्याय पर्दा न्यायालय जानुपर्छ भन्ने ज्ञान पनि धेरै महिलामा छैन। ज्ञान भएकाहरू पनि सही समयमा न्याय पाउनेमा विश्वास गर्दैनन्। न्यायालयमा गएर न्याय पाइन्छ भन्ने आँट लिएर अदालत आउन सक्दैनन्। आफूलाई अन्याय भएमा न्यायालय जाने आँट महिलाले गर्नुपर्छ। पहिलाको तुलनामा अहिले केही महिला न्यायका लागि न्यायालय जान थालेका छन्। तर अधिकांश ग्रामीण महिलामा अदालतमा गएर न्याय पाइन्छ भन्ने सोचको विकास हुन सकेको छैन।

"पतिविरुद्ध न्यायलय गए पनि पछि त्यही घरमा सँगै बस्नुपर्छ, मुद्दा गरेर अंश लिएर के गर्नु ? समाजमा इज्जत के होला ?" धादिङकी रमिला रेग्मीले भनिन्। उनका पतिले कान्छी ल्याएपछि उनी हेलाको पात्र भएकी छिन्। बहुविवाहको मुद्दा लगाएमा आफूले अंश पाउने ज्ञान उनलाई छ। तर, दुई सन्तान छन्। तिनैको लापनपालन गर्नुपर्छ। पढाउनु पर्छ। यस्तै कुराले उनलाई पतिसँग मुद्दा लडेर अंश लिन मन छैन। रमिला प्रतिनिधि पात्र मात्रै हुन्। उनीजस्ता धेरै महिलालाई पतिले अर्की ल्याए हेला भए न्यायलयमा जाँदा अंश प्राप्त गरेर अलग्गै बस्न सकिने थाहा छ। तर, समाजको डर छ। न्यायालय जाँदा पतिसँग झगडा हुन्छ भन्ने चिन्ता पनि छ। आफ्नै परिवारले नराम्रो मान्छन् कि भन्ने चिन्ता छ।

धेरै ग्रामीण महिलाहरू पढ्ने अवसरबाट वञ्चित छन्। आर्थिक रूपमा पुरूषमा निर्भर छन्। जसले गर्दा महिला अन्यायका विरुद्ध न्यायालय जान डराउँछन्। अन्यायमा परेका धेरै महिला आफ्नो हक अधिकार लिन न्यायालय जाँदैनन्। केही परिवारको डरले न्यायका लागि अदालत जानुपर्छ भन्ने ठान्दैनन्। जबसम्म नेपाली महिलाको नाममा सम्पत्तिमाथिको अधिकार हुँदैन। तबसम्म परनिर्भर हुन्छन्। परनिर्भर महिलाले आफ्नो हक अधिकारको कुरा उठाउन सक्दैनन्। अन्याय विरुद्ध आवाज उठाउने हिम्मत गर्दैनन्।

कानुनले महिला र पुरूषलाई समान अधिकार दिएको छ। अझ कतिपय अवस्थामा महिलाको संरक्षण, सशक्तिकरणका साथै विकासका लागि विशेष व्यवस्था गर्न कानुनले राज्यलाई अधिकारसमेत दिएको छ। तर, न्याय जन्मसिद्ध अधिकार भए पनि त्यसको महिलाले सही सदुपयोग गर्न पाएका छैनन्। नेपालमा धैरै महिलाहरूको स्थिति अझै पनि दयनीय छ। नेपालका ग्रामीण महिलाहरू अझै पनि दैनिकी चुलोचौका, पानीपँधेरा, दाउराघाँस, खेतीपातीमा माात्र सीमित छन्। आफ्नो नाममा जग्गा जमिन, पैतृक सम्पति छैन। महिलाहरू बिहानदेखि बेलुकाको दुई छाक टार्ने चिन्तामा देखिन्छन्। महिलाको साक्षरता प्रतिशत अझै कम छ। पछिल्लो तथ्याङ्कअनुसार २५ प्रतिशत महिलाको मात्र सम्पत्तिमा पहुँच देखिन्छ। त्यो पनि सरकारले महिलाको नाममा जग्गा दर्ता गर्दा सस्तो पर्ने हुनाले महिलाको नाममा पास गरिन्छ। तर, उनीहरूले आफुखुशी भोगचलन गर्न पाएका छैनन्।

**नेपालको संविधानले मौलिक हकअन्तर्गत धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ। जसमा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना वंशीय हक हुनेछ। महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृति, परम्परागत, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक, वा अन्य कुनै किमिसका हिंसाजन्य कार्य वा शोषण हुने छैन। सम्पत्ति वा पारिवारिक मामिलामा दम्पतीको समान हक, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी सामाजिक सुरक्षाका सकरात्मक विभेदको आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भनी उल्लेख गरिएको छ। तर, मौलिक हक अन्तर्गतका कानुन तीन वर्षभित्रमा बनाएर लागु गर्ने भनिएको छ। सो निर्माण भएर कार्यान्वयनमा आउन सकेको छैन।**

**कानुनले महिला र पुरूषलाई समान अधिकार दिएको छ। अझ कतिपय अवस्थामा महिलाको संरक्षण, सशक्तिकरणका साथै विकासका लागि विशेष व्यवस्था गर्न कानुनले राज्यलाई अधिकारसमेत दिएको छ। तर, न्याय जन्मसिद्ध अधिकार भए पनि त्यसको महिलाले सही सदुपयोग गर्न पाएका छैनन्। नेपालमा धैरै महिलाहरूको स्थिति अझै पनि दयनीय छ। नेपालका ग्रामीण महिलाहरू अझै पनि दैनिकी चुलोचौका, पानीपधँरा, दाउराघाँस, खेतीपातीमा माात्र सीमित छन्। आफ्नो नाममा जग्गा जमिन, पैतृक सम्पति छैन। महिलाहरू बिहानदेखि बेलुकाको दुई छाक टार्ने चिन्तामा देखिन्छन्। महिलाको साक्षरता प्रतिशत अझै कम छ। पछिल्लो तथ्याङ्कअनुसार २५ प्रतिशत महिलाको मात्र सम्पत्तिमा पहुँच देखिन्छ। त्यो पनि सरकारले महिलाको नाममा जग्गा दर्ता गर्दा सस्तो पर्ने हुनाले महिलाको नाममा पास गरिन्छ। तर, उनीहरूले आफुखुशी भोगचलन गर्न पाएका छैनन्।**

कोही परिवार, समाजमा इज्जत प्रतिष्ठा जाने हिसाबले आफ्नैका विरुद्ध न्यायलय जाँदैनन्। अनि कोही सहज न्याय नपाउने देखेर न्यायालय जाँदैनन्। अदालत जाँदा छिटो न्याय पाइँदैन। बढी खर्च लाग्छ। तारेख धाउँदा-धाउँदा दिक्क हुनेजस्ता कुराले न्यायालयसम्म पुग्दैनन्। न्यायालयमा एकदम कम मात्र पढेलेखेका आँटिला महिला मात्र आउने गरेको पाइएको छ। पहिलादेखि महिलाको नाममा सम्पत्ति मात्र नभएर हरेक क्षेत्रमा विभेद थियो। महिलाको हातमा पैसा नहुने, शिक्षा र निर्णय गर्ने तहमा पुरूष भएको हुँदा महिलाको न्यायमा पहुँच कम हुँदै गयो। पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठका अनुसार सर्वसाधरणको न्यायमा पहुँच जम्मा नौ प्रतिशत मात्र छ। न्याय पाइन्छ। अदालत जानुपर्छ भन्ने नै छैन। एकदम सीमित मानिसहरू मात्र न्यायका लागि अदालत आउँछन्।

अहिले पनि धेरै घरभित्र सीमित गरिएको हुँदा न्यायको प्रक्रियाबारे नै महिला जानकार छैनन्। त्यसो त सामान्य महिलाले बुझ्ने खालको कानुनी प्रक्रिया पनि छैन। कानुनी पुस्तक र न्यायालयसम्मको प्रक्रिया सहज नहुँदा महिलासँग न्यायालयसम्म पुगेर न्याय लिने आर्थिक हैसियत पनि छैन। अझै पनि घरको कुरा बाहिर ल्याउनुहुँदैन। परिवारमै मिल्नुपर्छ, बाहिर ल्याए परिवारलाई बदनाम गरेको भनेर बहिष्करणमा पर्ने डर छ। महिलाको विशेष व्यवस्थाकै लागि राज्यले सकारात्मक विभेदको नीति लिएको पाइन्छ। यसका अतिरिक्त महिलाहरूलाई राष्ट्रनिर्माणको मूल प्रवाहमा संलग्न गराउने, पछाडि परेका महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी गराउने, शिक्षा स्वास्थ्य, सामाजिक सुरक्षा र रोजगारीको विशेष व्यवस्था गर्ने कुराहरू राज्यको मूल कानुनमा नै परेको पाइन्छ। तर पनि सोचेअनुरूप महिला अघि बढ्न सकेको पाइँदैन।

फैसला गर्ने ठाउँमा महिला उपस्थिति उत्साहजनक छैन। नेपाल बार काउन्सिलको तथ्याङ्कअनुसार नेपालमा १५ हजार ६ सय ६० अधिवक्ता छन्। त्यसमा महिलाको सङ्ख्या २ हजार ३ सय ९९ रहेको छ। मुलुकभर १ सय ७६ जना वरिष्ठ अधिवक्तामा आठ जना मात्र महिला छन्। त्यसमा पनि तीन जनाले न्यायसेवाबाट अवकाश लिइसकेका छन्। महिला न्यायका लागि अदालतसम्म आउँदै नआउने भने होइनन्। तर, शिक्षा आर्जन गरेका, अर्थ उपार्जन गर्न सक्ने र आफ्नो हक अधिकारप्रति लड्नसक्ने महिला अदालतसम्म पुग्छन्। अन्याय भयो भने चुप लागेर बस्न हुँदैन भन्ने सोच भने धेरै महिलामा विकास हुँदै आएको छ।

न्याय समानता, स्वच्छता, औचित्यता, विवेकपूर्ण, नैतिकता, उचित व्यावहारसँग जोडिन आउँछ। नेपाली महिलालाई सबल बनाउने, राज्यका हरेक कार्यमा सहभागी बनाउने, राज्यबाट पाउने लाभ वा उपचार बिना कुनै भेदभाव समान रूपमा वितरण गर्ने उद्देश्यले शिष्ट र मर्यादित भाषासमेत प्रयोग गरि बनाइएका कानुनहरूको कुनै कमी छैन। कानुनी सहायतासम्बन्धी ऐन, कोर्ट फि ऐन, घरेलु हिंसा कसुर र सजाय ऐनलगायतका विभिन्न ऐनहरू, पक्षको गोपनीयता कायम गर्ने निर्देशिका समेत न्यायमा सहज पहुँच पुऱ्याउने उद्देश्यले बनाइएको हो।

नेपालको संविधानले मौलिक हकअन्तर्गत धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ। जसमा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव बिना वंशीय हक हुनेछ। महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परागत, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक, वा अन्य कुनै किमिसका हिंसाजन्य कार्य वा शोषण हुने छैन। सम्पत्ति वा पारिवारिक मामिलामा दम्पतीको समान हक, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी सामाजिक सुरक्षाका सकरात्मक विभेदको आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भनी उल्लेख गरिएको छ। तर, मौलिक हक अन्तर्गतका कानुन तीन वर्षभित्रमा बनाएर लागु गर्ने भनिएको छ। सो निर्माण भएर कार्यान्वयनमा आउन सकेको छैन।

समानताको हक, महिलाको हक, सामाजिक न्यायको हकले महिलालाई विशेष संरक्षण गरेको देखिन्छ। राज्यको दायित्व

निर्देशक सिद्धान्त र नीतिहरूमा महिलाको हकहितका कुराहरू प्राथमिकतामा परेका छन्। नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धिलाई अनुमोदन गरिसकेको छ। उक्त महासन्धिको धारा १५ ले राज्यपक्षले महिलालाई कानुनको दृष्टिमा पुरुष सरहको समानता प्रदान गर्नेछन् भन्ने उल्लेख छ। उक्त महासन्धि नेपाल कानुन सरह लागू हुने तथ्य नेपालको सर्वोच्च अदालतको फैसलाबाट समेत स्थापित भइसकेको छ।

घरपरिवार र कार्यस्थलमा महिलाहरू हिंसाबाट पीडित हुँदै आएका छन् । नेपाली महिलाहरू सामाजिक एवम् सांस्कृतिक रूपमा पनि हिंसा पीडित छन् । पीडितले न्याय पनि पाउन सकेका छैनन् । न्याय दिनेहरूले लाभको आशा राखेर कानुनको व्याख्या गर्ने प्रवृत्ति रहेसम्म वास्तविक पीडितले न्याय पाउन सक्ने छैनन् भने पीडक भने शानका साथ समाजमा बसिरहेका छन्। यस्तो अवस्थामा पनि सामाजिक असुरक्षाका कारण पीडित महिलाले पीडकमाथि कारबाही र आफूलाई न्याय दिलाउन न्यायालयको ढोका ढक्ढक्याउन हिचकिचाउँछन् । त्यसैले धेरैजसो घरेलु हिंसाका घटना सार्वजनिक हुन सक्दैनन् भने पीडित महिलाहरूले आफ्नो पीडालाई लुकाएर र व्यथालाई गुम्स्याएर बस्नुपर्ने अवस्था छ ।

अधिवक्ता मीरा ढुङ्गानाका अनुसार तुलनात्मक रूपमा महिलाले न्यायका लागि आवाज उठाउन थालेका छन्। न्याय दिने निकायमा पनि पुरूष बढी हुँदा महिलाका विषय प्राथमिकताका साथ हेरिँदैन कि भन्ने चिन्ता महिलामा छ। निर्णय गर्ने स्थानमा महिलाको सहभागिता उल्लेख्य रूपमा छैन। सर्वोच्च अदालतको इतिहासमा पहिलोपटक प्रधानन्यायाधीश सुशीला कार्कीसहित मीरा खड्का र सपना प्रधान मल्ल एकैपल्ट तीनजना महिला न्यायाधीशमा पुग्न सफल भएका छन्। राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानन्यायाधीश सुशीला कार्की र सभामुख ओनसरी घर्तीमगर। राज्यको प्रमुख तीन अङ्गका महिला प्रमुखमध्ये एक प्रमुख प्रधानन्यायाधीश कार्की हुन्। अहिले राष्ट्रपति बाहेक अन्य सर्वोच्च निकायमा महिला छैनन्। प्रधानन्यायाधीश कार्कीको अवकास

**नेपाल बार काउन्सिलको तथ्याङ्कअनुसार नेपालमा १५ हजार ६ सय ६० अधिवक्ता छन्। त्यसमा महिलाको सङ्ख्या २ हजार ३ सय ९९ रहेको छ। मुलुकभर १ सय ७६ जना वरिष्ठ अधिवक्तामा आठ जना मात्र महिला छन्। त्यसमा पनि तीन जनाले न्यायसेवाबाट अवकाश लिइसकेका छन्। महिला न्यायका लागि अदालतसम्म आउँदै नआउने भने होइनन्। तर, शिक्षा आर्जन गरेका, अर्थ उपार्जन गर्न सक्ने र आफ्नो हक अधिकारप्रति लड्नसक्ने महिला अदालतसम्म पुग्छन्। अन्याय भयो भने चुप लागेर बस्न हुँदैन भन्ने सोच भने धेरै महिलामा विकास हुँदै आएको छ।**

भइसकेको छ भने सभामुख घर्तीको पद समाप्त भई नयाँ निर्वाचन भइसकेकाले नयाँ सभामुख चुनिनै बाँकी छ।

पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीका अनुसार न्यायालयमा महिला ल्याउनुपर्छ भन्ने कुनै सोच नै देखिँदैन। त्यसकारण न्यायक्षेत्रमा महिला सहभागिता कम छ। महिलाका कुरा सुन्ने महिला न्यायाधीश त चाहियो नि ? न्यायालयमा महिला ल्याउने विषयमा ठुलो विभेद छ। न्यायमा पहुँच पुर्‍याउनका लागि महिला न्यायाधीश पनि त चाहियो नि ! कानुनी प्रक्रियादेखि न्याय पाउने, सुनुवाइ हुनेसम्म महिला न्यायाधीश भएमा महिलालाई न्याय पाउन सजिलो हुने कार्कीको विश्वास छ। न्याय क्षेत्रमा महिला सहभागिता न्यून नै छ। शिलु सिंह, शारदा श्रेष्ठ र गौरी ढकालले सर्वोच्चमा काम गरेर अवकाश लिइसकेका छन्। न्यायालयमा पहिलो महिला प्रधानन्यायाधीश बनेर न्यायालयको कार्यभार सम्हाल्ने अवसर सुशीला कार्कीले पाउनुभयो। हाल सर्वोच्च अदालतमा दुई जना महिला न्यायाधीश छन्। उनीहरूबाहेक विशेष अदालतमा प्रभा बस्नेत, उच्च अदालतहरूमा सुष्मालता माथेमा, नीता गौतम दीक्षित, सारङ्गा सुवेदी, बबिता उप्रेती, शकुन्तला घिमिरे, राज्यलक्ष्मी बज्राचार्य, शान्ता सेढाई, कुसुम भट्टराई र शान्ति सिंह थापा हुनुहुन्छ। जिल्ला अदालतमा भने एकमात्र महिला न्यायाधीश अवनी मैनाली हुनुहुन्छ। मुद्दा हेर्नेदेखि फैसला गर्ने ठाउँसम्म महिला सहभागिता रहे महिलाले न्याय पाउन अलि सहज हुनेछ।

न्यायका लागि आइपुगेका महिलाहरूको प्रमाण नष्ट भएका कारणले पनि धेरै न्याय पाउनबाट वञ्चित छन्। यौनजन्य हिंसाका घटनामा न्यायालयले प्रमाण खोज्ने र सबै अवस्थामा प्रमाण प्रस्तुत गर्न नसक्ने र समय बितेपछि प्रमाण स्वयम् नष्ट हुने हुँदा पीडितले न्याय नपाउने सम्भावना हुन्छ । पीडित महिला न्यायालयसम्म पुगिहाले पनि समयमा सुनुवाइ नहुने एवम् सामाजिक तथा राजनीतिक क्षेत्रका पहुँचवालाहरूले पद, शक्ति र पैसाको बलले न्याय दिने कार्यलाई प्रभावित गर्न खोज्ने प्रवृत्तिले गर्दा हिंसापीडित महिलाले न्याय नपाउने अवस्था छ । यसैगरी न्याय दिलाउनेहरू आर्थिक प्रलोभनमा 'बिक्ने', पावरको सामु झुक्ने र डराउने गलत प्रवृत्तिले गर्दा पीडकहरूको हौसला घट्नुको साटो बढ्ने गरेको छ भने पीडितले नै मुख लुकाएर हिँड्नुपर्ने परिस्थिति छ । शिक्षामा बढी जोड र सम्पतिको अधिकारमाथि पहुँच बढाउन सके मात्र न्यायमा महलिाको पहुँच बढाउन सक्ने देखिन्छ।

*(कानुनको विद्यार्थी खड्का रासससमा कार्यरत हुनुहुन्छ )*

विश्लेषण



दुर्गा कार्की

# हिंसापीडित महिलाका लागि न समाउने हाँगो, न टेक्ने खुड्किलो

गत मार्च ६ मा मानव बेचबिखनको नयाँ प्रकृतिको घटना सार्वजनिक भयो। प्लाष्टिक सर्जरीका लागि नेपाली महिलाको छाला तस्करी हुने गरेको छ। युथ की आवाज नामक भारतीय अनलाइनमा प्रकाशित एक अनुसन्धनात्मक समाचारले महिलाको स्तन र पुरूषको लिङ्ग प्लाष्टिक सर्जरीका लागि नेपाली महिलाको छाला विश्व बजारमा बेचिने गरेको तथ्य बाहिर ल्याएको हो। उक्त समाचारअनुसार भारतीय कोठीमा यौन व्यवसायका लागि बेचिएका महिलाको समेत कोठीहरूबाटै छाला बेचबिखन हुने गरेको छ।

तत्कालीन महिला बालबालिका तथा समाज कल्याण मन्त्री कुमार खड्काले नेपाल सरकारले बेचबिखनको यो प्रकृतिका बारेमा जानकारी नपाएको र अब यसको नियन्त्रणमा लाग्ने प्रतिक्रिया दिनुभयो। नेपाली महिलाको गरिबीको फाइदा उठाएर अवैध रूपमा वर्षौंदेखि बिक्री हुँदै आएको उक्त समाचारमा जनाइएको छ। यसअघि दलालहरूले उनीहरूका मिर्गौला बेच्दै आएको समाचार हाम्रा लागि नौलो होइन। प्रहरीसमेत यो खालको बेचबिखनको स्वरूपदेखि अनभिज्ञ रहेको नेपाल प्रहरीका तत्कालीन प्रवक्ता सर्वेन्द्र खनालले बताए।

दाइजो नल्याएको निहुँमा रूपन्देहीकी एक महिलालाई परिवारले दिनरात यातना दियो। बिहे भएको एक महिनापछि बाटै सुरू भएको उनीमाथिको हिंसा यथावत छ। न्यायका लागि हात दिने आफन्त नभएपछि उनी सहेरै बस्न बाध्य छिन्। माइती पक्षलेसमेत इज्जत जाने डरले उनलाई न्याय खोज्ने बाटो अवरुद्ध पारिदिएको छ।

दिदीबहिनी नामक एक गैरसरकारी संस्थाले गरेको महिला सुरक्षा परीक्षण नामक एक अध्ययनमा संलग्न ७८ प्रतिशत बालिका र किशोरीले आफूहरू कहीं पनि सुरक्षित भएको अनुभव नगरेको बताएका छन्। महिलाका लागि सार्वजनिक स्थल कति सुरक्षित छन् भनेर गरिएको सो अध्ययन प्रतिवेदनमा ५८ प्रतिशत महिला तथा बालिकाले आफ्नै घरमा समेत सुरक्षित नरहेको बताएको उल्लेख छ। अध्ययनमा संलग्न धेरैजसो महिलाले यस्ता खालका व्यवहार दैनिक रूपमा व्यहोरिरहेकोले यसलाई सामान्य रूपमा लिने गरेको बताएका छन्। साथै आफूमाथि हुने यस्ता व्यवहार वा हिंसाविरुद्ध उजुरी कहाँ र कसरी गर्ने भन्नेबारे आफूहरूलाई जानकारी नभएको बताएका थिए। कतिले उजुरी गरे पनि आफ्नो समस्यालाई गम्भीरतापूर्वक नलिइएको वा उल्टै दुर्व्यवहार सहनुपरेको बताएका छन्। आर्थिक र सामाजिक रूपमा जोखिममा रहेका हिंसा पीडितहरू डर, त्रास र असुरक्षाका कारण  आफैँमाथि भइरहेको हिंसा सहेरै बस्न बाध्य छन्। कतिलाई आफूमाथि हिंसा भइरहेको कुरा थाहा छैन। थाहा भए पनि कहाँ कसरी जाने र न्याय के पाइन्छ भन्ने कुरामा अनभिज्ञ छन्। यु एन ओमनको तथ्याङ्क भन्छ विश्वमा हरेक तीन जना महिलामा एकजनाले जीवनमा कुनै न कुनै हिंसा भोगेका छन् र यी मध्ये धेरै आफ्नो नजिकका मान्छेबाट पीडित छन्। महिलाहरू सबैभन्दा असुरक्षित आफ्नै घर भित्र र नजिकका आफन्तबाट रहेको तथ्याङ्कले पनि देखाउँछ।

आर्थिक वर्ष २०७२/२०७३ मा नेपाल प्रहरीले ११ हजार ४ सय ७२ ओटा महिलामाथि भएका हिंसाका घटना अभिलेख गऱ्यो। यीमध्ये ९ हजार २ सय ९८ ओटा उजुरी  घरेलु हिंसाका मात्रै थिए भने बलात्कारका १ हजार ९ ओटा घटना  थिए। यसैगरी सन् २०१६ मा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले २ हजार ९ सय ९ ओटा महिलामाथि भएका घटनाको अभिलेख गऱ्यो। यी मध्ये २ हजार २ सय १ पारिवारिक हिंसाका घटना थिए। यस्तै कथित बोक्सी आरोप, बेचविखनलगायतका हिंसा महिलामाथि भइरहेका छन्।

समाजमा भइरहेका सबै घटना बाहिर आउँदैनन्। प्रतिष्ठा र सामाजिक लाञ्छानाको डर देखाएर समाजका ठूलाबडा नै यस्ता घटना मिलाउन दबाव दिन्छन् र प्रहरीलाई पनि यो ठूलो चुनौती भइरहेको नेपाल प्रहरी महिला बालबालिका सेवा निर्देशनालयका तत्कालीन प्रमुख प्रहरी नायब महानिरीक्षक रामकुमार खनाल बताउँछन्। महिलामाथि हुने सबैभन्दा गम्भीर हिंसा बलात्कार र यौन दुर्व्यवहार हो। यसका कारण महिलामाथि ठूलो मानसिक र शारीरिक चोट पर्छ। अपराध कर्म गर्नेलाई दण्डित गरेपछि समेत जिन्दगीभर उनले पूर्ण न्याय पाएकी हुँदिनन्। झन् अपराधी छाती फुलाएर समाजमै हिँडिरहेको देख्दा उनलाई झन् कस्तो हुन्छ होला ?

यति हुँदाहुँदै पनि गाउँ गाउँमा महिलामा आएको चेतना शहरका महिलाको भन्दा उच्चस्तरको छ। यसकारण महिलामाथिका हिंसाका घटना पहिला भन्दा निकै नै बाहिर आउन थालेका छन्। हिंसा पहिला पनि उत्तिकै थियो तर, महिलामा अन्याय सहनु हुन्न भन्ने चेतना र न्यायका लागि सहयोगी संयन्त्रको अभावमा पनि धेरै बाहिर आउने अवस्था थिएन । तर, अहिले अन्याय सहन हुन्न भन्ने चेतना बढेको छ र महिलाले आफूमाथि भएको हिंसाविरुद्ध बोल्न

र रिपोर्ट गर्न थालेका अधिकारकर्मीहरू बताउँछन्। महिलालाई समाजले हेर्ने दृष्टिकोण र व्यवहारमा तात्विक परिवर्तन नभए पनि आँट गरेर आफूमाथि भएको अन्यायविरुद्ध बोल्ने, प्रतिकार गर्ने र रिर्पोटिङ गर्ने क्रम बढ्नु मानव अधिकारका दृष्टिकोणबाट सकारात्मक मान्न सकिन्छ।

नेपाली समाजमा घरभित्रको होस् वा यस्ता हिंसालाई सामाजिक प्रतिष्ठासँग जोडेर हेरिन्छ। यसकारण महिला वर्षौंसम्म आफूमाथिको हिंसा सहेर बस्न बाध्य छन्। महिलाहरू सशक्त भए पनि आर्थिकरूपमा आत्मनिर्भर नभएका कारण आफैंमाथि भइरहेका हिंसाविरुद्ध आवाज उठाउन सकिरहेका छैनन्। आफूमाथि भएको अन्यायविरुद्ध आवाज उठाउने बित्तिकै घर छोड्नुपर्ने तर जाने ठाउँ नहुने बाध्यताका कारण उनीहरू चुपचाप सहेर बस्न बाध्य भएका हुन्। राज्यले हिंसा पीडित महिलाका लागि सहयोगी संयन्त्र नबनाउँदा वा बनाए पनि ती पीडितमैत्री नभएका कारण यस्तो बाध्यताको शिकार महिला भइरहेका छन्।

अर्कोतर्फ पीडकलाई विभिन्न राजनीतिक दलहरूले संरक्षण दिने वा पीडक नै आफूलाई बचाउन विभिन्न दलको साहारा लिने र पीडितलाई डर, त्रास धम्की र लोभ लालच देखाएर प्रभावित गर्ने गरेका घटना प्रशस्त छन्। यसकारण दण्डहीनता चरम छ र कानुन कार्यान्वयनका लागि ठूलो बाधक पनि। योसँगै महिलामा बढेको चेतनाको अनुपातमा समाजमा महिलालाई हेर्ने दृष्टिकोण परिवर्तन भएको छैन। महिलालाई परम्परागत भूमिकामै हेर्न चाहने र यस्तै भूमिका खाज्नेहरूको व्यवहार परिवर्तन नहुँदा भएका कानुन कार्यान्वयनमा ठूलो चुनौतीको महसुस गरेर होला गतवर्ष नोभेम्बरमा सोह्र दिने अभियानका अवसरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आयोजना गरेको लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी कानुनको प्रभावकारिता विषयक कार्यक्रममा सरकारका तत्कालीन मुख्यसचिव डा. सोमलाल सुवेदी भन्दै थिए महिलामाथि हुने हिंसा नियन्त्रण गर्न कानुन छन् नभए बनाइन्छ, तर व्यवहार परिवर्तन कसरी गर्ने ? कानुन र व्यवहारबीच ठूलो 'ग्याप' छ। स्थायी सरकार मानिने कर्मचारीतन्त्रका सबैभन्दा माथिल्लो तहका कर्मचारीले यसो भनिरहँदा अहिले दिनदिनै बाहिर आउने महिलामाथिका हिंसा उनीहरूलाई हेर्ने दृष्टिकोण र गरिने व्यवहार परिवर्तन नभएकै मान्न सकिन्छ। कानुन कार्यान्वयन गर्न नसक्नु, दोषीलाई कारबाहीको कठघरामा ल्याउन नसक्नु पक्कै पनि राज्यको कमजोरी हो।

महिलामाथि हुँदै आएका विभेद र हिंसा सम्बोधन गर्ने कानुन नभएका हैनन्। लैङ्गिक हिंसा नियन्त्रण तथा लैङ्गिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने ऐनमा महिलाका विषयमा विभेदकारी मानिएका ३३ ओटा कानुन संशोधन वा खारेज गरिएका छन्। बलात्कारको मुद्दामा ३५ दिनभित्र उजुरी दिनुपर्ने हदम्याद बढाएर ६ महिना बनाइएको छ भने पीडकले क्षतिपूर्ति दिन नसक्ने अवस्था भएमा पीडितलाई क्षतिपूर्ति दिने दायित्व राज्यले लिएको छ। संविधान अनुसार बन्नुपर्ने नयाँ कानुन बन्दैछन्। घरभित्र हुने हिंसा, कार्यस्थलमा हुने यौनशोषण, बोक्सीजस्ता कुप्रथाका लागि छुट्टै कानुन बनेका छन्। वैवाहिक बलात्कारमा सजाय बढेको छ। देशमा व्याप्त कुरीतिजन्य हिंसा अन्त्यका लागि एकीकृत कानुनको आवश्यकता रहेको कुरा बहसमा छ। महिलामाथिका हिंसा नियन्त्रण गर्न बनाइएका कानुन त यी भए। यसरी नै अन्य थुप्रै नीति र ऐन तथा नियमावलीहरूलाई लैङ्गिक उत्तरदायी बनाउने प्रयास गरिएको छ। भएका कानुनको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने हो भने पनि महिलामाथि हुने हिंसा नियन्त्रणमा ठूलो सहयोग पुग्ने थियो। जस्तै सम्पत्तिमा छोरा र छोरीलाई समान अधिकारको व्यवस्था अन्तरिम संविधान मै आएको हो। १० वर्षको अवधिसम्म यो कार्यान्वयनमा आएको वा पाइन भनेर कुनैपनि छोरीले अदालतमा मुद्दा दिएको सुन्नमा आएको छैन।

यसैगरी हिंसा पीडित महिलाको समस्या सम्बोधन गर्न केही संयन्त्र पनि बनाइएको छ। पीडित महिला न्यायिक, स्वास्थ्यलगायतका उपचार खोज्न छुट्टाछुट्टै ठाउँ भौतारिन नपरोस भन्ने उद्देश्ले २१ ओटा जिल्लामा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (One Stop Crisis Center) स्थापना गरिएको छ। यो विस्तार हुने क्रममा छ। यो केन्द्रको अवधारणा हिंसा पीडित महिलालाई स्वास्थ्य उपचार, मनोविमर्श, कानुनी उपचार लगायतका कुरा एकै ठाउँबाट उपलब्ध गराउनु हो। हिंसापीडित महिलाको संरक्षण गर्न १७ ओटा जिल्लामा सुरक्षा आवास छन्। तर, यहाँ ४५ दिन भन्दा धेरै राख्ने व्यवस्था छैन। नेपाल प्रहरीमा देशैभर २ सय ७० ओटा महिला तथा बालबालिका सेवा केन्द्र पनि छन्। तर, यी सेवा केन्द्रमा सबै ठाउँमा महिला प्रहरीको व्यवस्था गरिएको छैन भने कतिपय ठाउँमा हिंसापीडित महिलाले आफ्ना कुरा भन्न सक्ने वातावरण छैन अर्थात गोप्य स्थानको अभाव छ। यसरी कानुन वा संयन्त्र बनाउने तर यसको प्रभावकारिता नहुने हो भने यसको कुनै अर्थ रहँदैन। निष्प्रभावी संयन्त्र विस्तार गर्नुभन्दा भएकालाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु अत्यन्त आवश्यक देखिन्छ।

महिलाका विषयमा भएका थुप्रै अर्न्तराष्ट्रिय सन्धि महासन्धिमा सरकारले हस्ताक्षर गरेको छ। त्यहाँ गरेको प्रतिबद्धता पुरा गर्न कार्ययोजना निर्माण राज्यका लागि बाध्यकारी बन्छ। महिलाका लागि कानुन बनाउन नेपाल सायद दक्षिण एशिया मै अघि छ। काठमाडौँमै भएको एउटा अर्को कार्यक्रममा व्यवस्थापिका संसदको महिला बालबालिका तथा समाज कल्याण समितिकी तत्कालीन सभापति रञ्जुकुमारी झा भन्दै थिइन् "व्यवस्थापिकाले महिलाका लागि प्रशस्त कानुन बनाएको छ, अब नयाँ कानुन माग्नु भन्दा भएका कानुनको कार्यान्वयनका लागि कार्यपालिकासँग लडौँ।" उनको यो भनाइले पनि अब यस्ता अभियानहरूलाई महिलामाथि हिंसा भयो, अधिकार पाएनन् भन्नेमा मात्र सीमित नगरी भएका कानुन कार्यान्वयनका लागि राज्य संयन्त्रलाई दबाव दिने, बाध्य पार्ने जस्ता कामहरू पनि सँगसँगै लैजानुपर्ने देखिन्छ।

साथसाथै राज्यले कानुन छन् कार्यान्वयन गर्न समस्या भयो भनेर गल्ती संरचनागत व्यवहार मै देखेको हो भने ती व्यवहार सबैभन्दा पहिला परिवर्तन आफैंबाट सुरू गर्नुपर्छ। यसका लागि प्रभावकारी कार्यक्रम ल्याएर कानुन कार्यान्वयन गर्न आफ्ना संयन्त्रको क्षमता बढाउने र परिचालन गर्नु आवश्यक छ।

*(कार्की नेपाल वातावरण पत्रकार समूहमा आबद्ध हुनुहुन्छ।)*



जनआन्दोलन २०६२/६३ मा कलङ्कीबाट बल्खु तर्फ बढेको जुलुस

# जनआन्दोलन, संविधान र निर्वाचन

जनआन्दोलन २०६२–०६३ को प्रतिफल स्वरूप नेपाल सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक मुलुक बन्यो। निर्वाचन पश्चात संविधानसभाको गठन भयो । अनेक बाधा व्यवधानका बाबजुद २०७३ असोज ३ गते संविधानसभाले नेपालको संविधान जारी गर्न सफल भयो । २०६४ सालमा निर्वाचन भई गठन भएको पहिलो संविधानसभाले संविधान जारी गर्न सकेको थिएन। २०७० सालमा पुनः निर्वाचन भई गठन भएको संविधानसभाले संविधान जारी गर्न सफल भएको हो । संविधानमा समेटिनु पर्ने मौलिक हक तथा अन्य महत्त्वपूर्ण प्रावधानहरु समेट्न र सविधान निर्माणमा भएको ढिलाइको विरोधमा नागरिक समाजले पटक पटक सडक आन्दोलन तथा सभामुखलाई ज्ञापनपत्र समेत बुझाएको थियो।

संविधानको सफल कार्यान्वयनको लागि हुनुपर्ने स्थानीय तह, प्रदेश सभा तथा प्रतिनिधि सभा सदस्य निर्वाचन सफलतापूर्वक सम्पन्न भइसकेको छ। यी निर्वाचनहरुमा इन्सेकले विगतमा जस्तै मतदाता शिक्षा, जनचेतना जगाउने कार्य लगायत पर्यवेक्षण समेत गरेको थियो।

यी निर्वाचनहरूले विगत २० वर्षदेखि रिक्त रहेका स्थनीय तहमा जनप्रतिनिधिहरू निर्वाचित भए। अब गठन हुने सरकारले द्वन्द्व पीडितहरूलाई न्याय, सङ्क्रमणकालीन अवस्थाको अन्त्य गरी सामाजिक एकता र आर्थिक समृद्धिका कार्यमा क्रियाशील हुने अपेक्षा सबैले गरेका छन्।

**– विमलचन्द्र शर्मा**




जनआन्दोलन २०६२/०६३ गणतन्त्रको माग गर्दै सहभागी




जनआन्दोलन २०६२/०६३ मा संविधान सभाको माग




संविधान निर्माण तथा जारी गर्ने कार्यमा भएको ढिलाइविरुद्ध प्रदर्शन



संविधानमा समेटिनुपर्ने मौलिक हक तथा अन्य महत्त्वपूर्ण प्रावधानहरूबारे संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङलाई ज्ञापनपत्र बुझाउँदै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल




प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनको पर्यवेक्षण गर्नु हुँदै इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतम



रेसुङ्गा नगरपालिका–७ को भुजेलखर्कका दलित समुदायलाई स्थानीय निर्वाचनको सन्दर्भमा मतदाता शिक्षा प्रदान गर्दै इन्सेक पोखराका संयोजक शिव खकुरेल




संविधानसभा निर्वाचन २०७० बारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले कञ्चनपुरमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल



वसन्त गौतम[1]

# क्षतिपूर्तिसम्बन्धी कानुनी व्यवस्था र प्रयोगको अवस्था

नेपालमा एकमुष्ट रूपमा क्षतिपूर्तिसम्बन्धी कानुनी व्यवस्था भएको पाइँदैन। छरिएर रहेका कानुनमा केही मुद्दाका पीडितहरूले क्षतिपूर्ति पाउने भन्ने व्यवस्था भए पनि क्षतिपूर्तिको परिभाषा, क्षतिपूर्तिको प्रावधान के कस्तो हुने? भन्ने सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था छैन। क्षतिपूर्ति समेतलाई समेटेर पीडितहरूको आवश्यकता र चाहना सम्बोधन गर्ने परिपूरणसम्बन्धी कानुनी व्यवस्था पनि हुन सकेको छैन।

लोककल्याणकारी राज्यमा कसैको पनि जीवन, सम्पत्ति र स्वतन्त्रतामा आघात पुऱ्याउन पाइँदैन। १९ औँ शताब्दीदेखि यस सिद्धान्तको विकास भए पनि नेपालमा मानव अधिकार उल्लङ्घनका घटना वा अन्य घटनाबाट जनधनको क्षति पुगेका, पीडित भएकाहरूका लागि परिपूरण दिलाउन स्पष्ट कानुनी व्यवस्था रहेको देखिँदैन। पीडितहरूको सत्य, न्याय र परिपूरण प्राप्त गर्ने अधिकार भए पनि धेरै जसो पीडितहरूले परिपूरण र न्याय पाउन त टाढाको कुरा घटनाकै बारेमा सत्यतथ्य नै थाहा पाउन सकेका हुँदैनन्।

**नेपालको संविधानमा क्षतिपूर्तिसम्बन्धी व्यवस्था**

नेपालको संविधान २०७२ ले मौलिक हकको अतिक्रमण वा उल्लङ्घन भएमा पीडित व्यक्तिले क्षतिपूर्ति पाउने कुरा उल्लेख गरेको छ। संविधानको धारा २१ मा व्यवस्था भएको अपराध पीडितको हक अन्तरगत उपधारा २ ले अपराध पीडितले कानुनबमोजिम क्षतिपूर्ति पाउने व्यवस्था गरेको छ। यस्तै निवारक नजरबन्दको हक अन्तरगत धारा २३ (३) अनुसार कानुन विपरीत वा बदनीयतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ। यसरी संविधानको मौलिक हकमा क्षतिपूर्तिसम्बन्धी व्यवस्था गरेता पनि संविधानका प्रदत्त हक उपभोगका लागि अहिलेसम्म कानुन बन्न नसक्दा त्यस्ता पीडितले के कस्तो कार्यविधि अपनाएर कति क्षतिपूर्ति पाउने भन्ने बारेमा अझै स्पष्ट हुन सकेको छैन। मौलिक हकको रूपमा रहेको यातनाविरुद्धको हक अन्तर्गत धारा २२ को (२) ले यातना पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ। हाल कार्यान्वयनमा रहेको यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ को दफा ५ ले सुरक्षा निकायले यातना दिएमा त्यसउपर उजुरी, कारबाही र क्षतिपूर्तिसम्बन्धी व्यवस्था गर्दै पीडितलाई नेपाल सरकारबाट एक लाख रुपियाँसम्म क्षतिपूर्ति भराउन सकिने व्यवस्था गरेको छ। तर अदालतबाट मुद्दा जितेका कतिपय पीडितले अझै पनि कानुनमा तोकिएबमोजिमको क्षतिपूर्ति रकम पाउन सकेका छैनन्।

यस्तै संविधानको धारा २४ (५) मा भएको छुवाछूत तथा भेदभाव विरुद्धको हकमा भएको व्यवस्था अनुसार “सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुन बमोजिम दण्डनीय हुनेछ। त्यस्तो कार्यबाट पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ” भन्ने व्यवस्था गरेको छ। मौलिक हककै रूपमा रहेको सम्पत्तिसम्बन्धी हक धारा २५(३) ले सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा

> **“परिपूरण भन्ने कुरा खाली क्षतिपूर्ति मात्रै नभएर पीडितको गुमेको क्षति र परेको पीडाबाट केही हदसम्म भए पनि राहत वा सन्तोष मान्ने एउटा माध्यम पनि भएकोले पीडितको आवश्यकता र चाहनालाई सम्बोधन गर्ने खालको परिपूरण र क्षतिपूर्तिसम्बन्धी कानुनी व्यवस्था हुन जरुरी छ। क्षतिपूर्ति भन्ने बित्तिकै खाली पैसा मात्रै नभई पीडितको गुमेको क्षति र पीडा कम गर्नका लागि क्षतिपूर्तिका साथै, प्रतिस्थापन, पुनर्स्थापना, सन्तुष्टि तथा नदोहोरिने प्रतिवद्धताको समग्र प्याकेजलाई सम्बोधन गर्ने खालको परिपूरण नीति बनाई कार्यान्वयनमा ल्याउन जरुरी छ।”**

१. लेखक अधिवक्ता हुन्।

क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐन बमोजिम हुनेछ भन्ने व्यवस्था गरेको छ।

संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकअन्तर्गत उपधारा २ मा वातावरण प्रदुषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदुषकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ। यसमा पनि अहिलेसम्म कानुन नबनेकोले क्षतिपूर्तिको प्राप्त गर्ने कार्यविधि र तरिका के हुने कसरी कुन निकायबाट प्राप्त हुने अझै अन्योल रहेको छ।

महिलाको हकअन्तरगत संविधानको धारा ३८ (३) मा भएको व्यवस्था अनुसार महिलाविरुद्ध धार्मिक, सामाजिक सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भनिएको छ। त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ। बालबालिकाको हकअन्तरगत धारा ३९ (१०) ले पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ। संविधानको मौलिक हक अन्तरगत उपरोक्तबमोजिम क्षतिपूर्ति पाउने कुरा उल्लेख गरेको भएता पनि संविधान बनेको दुई वर्ष पूरा भइसक्दासमेत त्यसको कार्यान्वयनको लागि कानुन बन्न नसक्दा क्षतिपूर्ति पाउने कुरा कागजमै सीमित भएको छ।

संविधानका साथै नेपालको विभिन्न ऐन कानुनहरूमा क्षतिपूर्तिसम्बन्धी विभिन्न व्यवस्था गरिएको छ। जसअनुसार उपभोक्ताको हकअन्तर्गत धारा ४४(२) ले गुणस्तरहीन वस्तु तथा सेवा क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था छ। यो ऐनको प्रभावकारी कार्यान्वयनको अभावमा यो व्यवस्था पनि कागजमै सीमित जस्तै छ। निकै कम सङ्ख्याले मात्र यो ऐन अनुसार क्षतिपूर्ति पाएको देखिन्छ।

जग्गा प्राप्ती ऐन २०३४ को दफा ७ ले नोक्सान वापत क्षतिपूर्ति र दफा ७ (३) ले क्षतिपूर्तिमा चित्त नबुझे क्षतिपूर्तिसम्बन्धी जानकारी पाएको मितिले १५ दिन भित्र प्रजिअसमक्ष उजुर गर्नसक्ने व्यवस्था गरेको छ। यसैगरी, सार्वजनिक सुरक्षा ऐन २०४६ को दफा १२ (क) ले बदनीयतपूर्वक नजरबन्दमा राखेकोमा गैरकानुनी थुनामा बसेका पीडितले क्षतिपूर्ति पाउनसक्ने व्यवस्था गरे पनि कमैले मात्र त्यस्तो क्षतिपूर्ति रकम पाउन सकेका छन्।

सुरक्षित कारोबार ऐनको दफा ५५ ले लगानीकर्तालाई हुनसक्ने सम्भावित क्षतिबाट जोगाउन दफा ५३ बमोजिम क्षतिपूर्ति कोषको व्यवस्था गर्न सक्ने र क्षतिपूर्ति रकम तोकिए बमोजिम दिलाउने सम्बन्धमा आवश्यक व्याख्या गर्नसक्ने प्रावधान रहेको छ। ऐनमा भएको यो व्यवस्था पनि प्रभावकारी कार्यान्वयन हुन सकेको पाइँदैन।

धितोपत्रसम्बन्धी ऐन २०६३ को दफा १०५ ले क्षतिपूर्ति तिर्नुपर्ने सम्बन्धमा व्याख्या गरेको छ। जसअनुसार कसैलाई धितोपत्र खरिद वा बिक्री गर्दा मूल्यमा असर पारेको कारणले कुनै हानि नोक्सानी भएको भए सो हानि नोक्सानीसमेत त्यस्तो कसुर गर्नेबाट भराई लिन सक्नेछ भन्ने व्यवस्था गरेको छ।

नागरिक अधिकार ऐन २०१६ को दफा १७(३) ले नागरिकको हकहितलाई स्वतन्त्रतालाई संवर्द्धन गर्ने उद्देश्यले ऐन आएको जनाएको छ। जोसुकैको कार्यबाट पनि नागरिकहरूको हक अधिकार उल्लङ्घन भएमा उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाबाट अदालतले क्षतिपूर्ति भराइ दिनसक्ने व्यवस्था भए पनि त्यस्ता सबै पीडित व्यक्तिले क्षतिपूर्ति रकम पाउन सकेको देखिँदैन।

गाली बेइज्जती ऐन २०१६ को दफा १२ ले सबैलाई लिखित वा मौखिक आचरण वा कुनै पनि तरिकाले गाली गर्ने, मानमर्यादामा आँच पुऱ्यायो भने त्यस्तो व्यक्तिबाट अदालतले क्षतिपूर्ति दिलाउनसक्ने साथै मुद्दा खर्चसमेत दिलाउन सक्ने प्रावधान रहेको छ।

वैदेशिक रोजगार ऐन २०४२ को दफा ३२ र ३६ ले पनि क्षतिपूर्तिसम्बन्धी व्यवस्था गरेको छ। कुनै पनि संस्था/म्यानपावर वा कुनै व्यक्तिले विभिन्न प्रलोभन देखाई झुठा व्यहोरा दर्शाएर वैदेशिक रोजगारीमा पठाउने, प्रलोभन दिएर ठग्ने प्रकृयालाई निरुत्साहित गर्न त्यस्तो कार्य गर्ने व्यक्ति वा संस्था कैद जरिवानाबाहेक मर्का पुग्ने व्यक्तिलाई क्षतिपूर्ति दिनुपर्ने कानुनी व्यवस्था गरेको छ।

> **“संविधानको मौलिक हकमा क्षतिपूर्तिसम्बन्धी व्यवस्था गरेता पनि संविधानका प्रदत्त हक उपभोगका लागि अहिलेसम्म कानुन नबन्दा त्यस्ता पीडितले के कस्तो कार्यविधि अपनाएर कति क्षतिपूर्ति पाउने भन्ने बारेमा अझै स्पष्ट हुन सकेको छैन। मौलिक हकको रूपमा रहेको यातनाविरुद्धको हक अन्तर्गत धारा २२ को (२) ले यातना पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ। हाल कार्यान्वयनमा रहेको यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ को दफा ५ ले सुरक्षा निकायले यातना दिएमा त्यसउपर उजुरी, कारबाही र क्षतिपूर्तिसम्बन्धी व्यवस्था गर्दै पीडितलाई नेपाल सरकारबाट एक लाख रुपियाँसम्म क्षतिपूर्ति भराउन सकिने व्यवस्था गरेको छ। तर, अदालतबाट मुद्दा जितेका कतिपय पीडितले अझै पनि कानुनमा तोकिएबमोजिमको क्षतिपूर्ति रकम पाउन सकेका छैनन्।”**

लैङ्गिक समानता गर्ने ऐन २०६३ ले विभिन्न अपराधमा समानतामूलक अवधारणा अपनाएर न्यायिक निरूपण गर्नुपर्ने महिला हिंसालाई न्यूनिकरण गर्नका लागि अपराधकाविरुद्ध क्षतिपूर्तिको व्यवस्था गरेको छ।

मानव बेचबिखनविरुद्धको ऐन २०६४ को दफा १७ ले यो अपराधबाट पीडितलाई क्षतिपूर्तिको व्यवस्था र उनीहरूको जीवनयापनका लागि पुर्नस्थापना तालिम लगायतका व्यवस्थाहरू गरेको छ।

घरेलु हिंसा र कसुर (सजाय) ऐन २०६६ ले पनि नेपालमा भएको घरेलु हिंसालाई नियन्त्रण गर्न खोजेको छ। आफ्नै नातेदार र घरभित्र पीडित भएकाहरूलाई क्षतिपूर्तिको व्यवस्था गरेको छ।

मुलुकी ऐन २०२० को कुटपिटको महल, जिउ मास्ने बेच्ने, किर्ते कागजको महल, लोग्नेस्वास्नीको महल, आगो लगाउनेको महल, चोरीको महल, कुटपिटको महलमा विभिन्न रूपमा क्षतिपूर्ति र पुनस्थापनाको व्यवस्था गरेको पाइन्छ।

सवारी यातायात ऐन २०४९ को दफा १५०, १६३ ले क्षतिपूर्ति घा खर्च, किरिया खर्चसम्बन्धी व्यवस्थालाई सम्बोधन गरेको छ। नेपालको कानुनी व्यवस्थामा पीडित शास्त्रीय दृष्टिकोणबाट यसमा भएको व्यवस्थालाई ठिकै मान्न सकिन्छ। ऐनअनुसार अपराध हुँदाको अवस्थामा दुर्घटना प्रमाणित हुँदासमेत त्यस्तो घाइते हुन पुगेकालाई घाँ खर्च, मृत्यु हुनेलाई क्षतिपूर्ति र मृतकको सदगत् खर्चसमेत दिने व्यवस्था गरेको छ।

खाद्य ऐन २०४९ खाद्य पदार्थमा मिसावट गर्ने कार्यबाट हुन गएको क्षतिलाई न्यूनिकरण गर्ने उद्देश्यले सरकारले खाद्यमा मिसावट जस्ता अपराधबाट जनजीवनमा क्षति नहोस् भन्ने उद्देश्यले त्यस्तो कार्य गर्नेलाई दण्ड सजायको साथ साथै क्षतिपूर्तिको दायित्वसमेत बहन गराउन खोजेको छ। यसको मुख्य उद्देश्य कालोबजारीयाबाट खाद्यपदार्थ मिसावटलाई नियन्त्रण गरी सर्वसाधारणको स्वास्थ्यसम्बन्धी हितलाई प्राथमिकताको रूपमा हेरेको पाइन्छ। यसबाहेक जबरजस्तीकरणी लगायतका यौन हिंसा पीडित र मानव बेचबिखनका पीडितलाई पनि पीडकबाट क्षतिपूर्ति भराइदिने व्यवस्था कानुनले गरेको छ। यस्तै उपभोक्ता हित संरक्षण ऐन २०५४ को दफा २२, लगायतमा क्षतिपूर्तिसम्बन्धी व्यवस्था गरिएको छ।

नयाँ मुलुकी अपराध (संहिता) ऐन २०७४ मुलुकी फौजदारी कार्यविधि ऐन र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को खण्ड तिनको परिच्छेद ६ मा क्षतिपूर्तिसम्बन्धी व्यवस्था गरेको छ। उक्त परिच्छेदको दफा ४१ अनुसार कुनै कसुरको परिणामस्वरुप पीडितको जीउज्यान, सम्पत्ति वा इज्जतमा कुनै क्षति पुगेमा त्यस्तो क्षतिवापत अदालतले कसुरदारबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराइ दिनुपर्नेछ। तर, कानुनमा कुनै कसुरबाट छुट्टै क्षतिपूर्तिको व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ भनेको छ। उपदफा २ ले क्षतिपूर्ति निर्धारण गर्दा निम्न कुराहरूलाई विचार पुऱ्याउनु पर्दछ भनेको छ। (क) पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक र भावानात्मक क्षति, (ख) पीडितको मृत्यु भइसकेको भए निजको हकवालालाई पर्न गएको क्षति, (ग) कसुरदारको आर्थिक श्रोत र अवस्था (घ) पीडित तथा निजको आश्रित व्यक्तिको अवस्था (ङ) अदालतले उपयुक्त ठहऱ्याएका अन्य कुरा। उपरोक्त बमोजिम क्षतिपूर्ति भराउँदा कसुरको परिणाम स्वरुप पीडितलाई चोटपटक लागेको वा अङ्गभङ्ग भएको भए उपचार खर्च तथा पीडितको मृत्यु भएकोमा सद्‌गत खर्च एवम् काजकिरिया खर्चसमेत भराइ दिनुपर्नेछ। कसुरदारले पीडितको सम्पत्ति, क्षति गरेकोमा त्यसवापत क्षतिपूर्ति भराउँदा यस्तो अवस्थामा नै फिर्ता गराइ दिनुपर्ने भन्ने कानुनी व्यवस्था गरेको छ।

> **“नेपालमा परिपूरण र क्षतिपूर्तिका सवालमा प्रभावकारी कानुनी व्यवस्था हुननसक्दा क्षतिपूर्तिका लागि मानिसहरूले बन्द हडताल गर्ने, चक्काजाम गर्ने, सहिद घोषणाको माग गर्ने कार्यहरू भएको पाइन्छ। क्षतिपूर्तिको स्पष्ट कानुनी मापदण्ड र प्रभावकारी कानुनी व्यवस्था भई कार्यान्वयनमा आउन सके क्षतिपूर्तिका लागि मुडेबल प्रयोग गर्नुपर्ने अवस्था हुने थिएन।”**

नेपालमा परिपूरण र क्षतिपूर्तिका सवालमा प्रभावकारी कानुनी व्यवस्था हुननसक्दा क्षतिपूर्तिका लागि मानिसहरूले बन्द हडताल गर्ने, चक्काजाम गर्ने, सहिद घोषणाको माग गर्ने कार्यहरू भएको पाइन्छ। क्षतिपूर्तिको स्पष्ट कानुनी मापदण्ड र प्रभावकारी कानुनी व्यवस्था भई कार्यान्वयनमा आउन सके क्षतिपूर्तिका लागि मुडेबल प्रयोग गर्नुपर्ने अवस्था हुने थिएन।

नेपालमा विद्यमान क्षतिपूर्तिसम्बन्धी ऐन २०१९ ले क्षतिपूर्तिको सम्पूर्ण दायरालाई समेट्न सकेको छैन। यसले खाली नेपाल सरकारले कानुनबमोजिम प्राप्त गरेको वा प्राप्त गरिने सम्पत्तिको क्षतिपूर्ति दिने कुरा गरेको छ। यो कानुन समय सान्दर्भिक नभएको र सबै खालका पीडितहरूलाई यसले समेट्न नसकेकोले पीडितको परिपूरण र क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सुनिश्चितताका लागि एकीकृत कानुनी व्यवस्था हुन जरुरी छ।

यस्तै परिपूरण भन्ने कुरा खाली क्षतिपूर्ति मात्रै नभएर पीडितको गुमेको क्षति र परेको पीडाबाट केही हदसम्म भए पनि राहत वा सन्तोष मान्ने एउटा माध्यम पनि भएकोले पीडितको आवश्यकता र चाहनालाई सम्बोधन गर्ने खालको परिपूरण र क्षतिपूर्तिसम्बन्धी कानुनी व्यवस्था हुन जरुरी छ। क्षतिपूर्ति भन्ने बित्तिकै खाली पैसा मात्रै नभई पीडितको गुमेको क्षति र पीडा कम गर्नका लागि क्षतिपूर्तिका साथै, प्रतिस्थापन, पुनर्स्थापना, सन्तुष्टि तथा नदोहोरिने प्रतिवद्धताको समग्र प्याकेजलाई सम्बोधन गर्ने खालको परिपूरण नीति बनाई कार्यान्वयनमा ल्याउन जरुरी छ।

विश्लेषण



गीता दाहाल

# प्रतिनिधि र प्रदेश सभा निर्वाचनमा महिला सहभागिता

लोकतन्त्र प्राप्तिको आन्दोलनपछि मुखरित भएको समावेशी लोकतन्त्र, महिला सशक्तिकरण तथा समतामूलक सहभागिता जस्ता विषय कार्यान्वयन गर्न हाम्रा देशका राजनीतिक दलहरूलाई हम्मेहम्मे परेको छ। लोकतन्त्र प्राप्तिपछिका १०-१२ वर्षकै अवधिमा यस्तो हुनु दुःखद् हो। पछिल्लो १० वर्षमा पहिलो संविधानसभादेखिको प्रत्यक्ष चुनाव जित्ने महिलाको अवस्था हेर्दा यसपटक सबैभन्दा कम छ। २०६४ सालमा भएको पहिलो संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फ २९ जना महिलाले जितेका थिए। नेकपा माओवादीबाट २३ जना, काङ्ग्रेसबाट दुई जना, एमालेबाट एक जना, मधेसी जनअधिकार फोरमबाट दुई जना, तराई मधेस लोकतान्त्रिक पार्टीबाट एक जना गरी २९ जना प्रत्यक्षतर्फबाट विजयी भएका थिए। दोस्रो संविधानसभामा नेपाली काङ्ग्रेसबाट ६ जना, एमालेबाट तीन जना र एनेकपा माओवादीबाट एक गरी जम्मा १० जना महिलाले प्रत्यक्षतर्फ चुनाव जितेका थिए। पहिलो र दोस्रो संविधानसभामा प्रत्यक्षतर्फ २ सय ४० सिटमा चुनाव भएको थियो।

संविधानमा हरेक तहमा महिलाको सहभागिता ३३ प्रतिशत सुनिश्चित गरिएको छ। संविधानको धारा ३८ को उपधारा ४ मा भनिएको छ-"राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ।" मौलिक हक खण्डमा महिलाका लागि यस्तो व्यवस्था लेखिएको हो। संविधानको धारा ८४ मा प्रतिनिधि सभाको गठनसम्बन्धी व्यवस्था छ। उक्त धाराको उपधारा ८ मा यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ भनिएको छ। "त्यसरी निर्वाचित गर्दा उपधारा (१) को खण्ड (क) र धारा ८६ को उपधारा (२) को खण्ड (क) बमोजिम निर्वाचित सदस्यहरू मध्ये कुनै राजनीतिक दलको एक तिहाइ सदस्य महिला निर्वाचित हुन नसकेमा त्यस्तो राजनीतिक दलले उपधारा (१) को खण्ड (ख) बमोजिम सदस्य निर्वाचित गर्दा आफ्नो दलबाट सङ्घीय संसद्मा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्नेछ।" थप स्पष्ट पारिएको छ।

**प्रतिनिधि सभामा प्रत्यक्षतर्फबाट निर्वाचित १ सय ६५ जना सांसदमध्ये महिलाको हिस्सा एकदमै न्यून देखिएको छ। १ सय ६५ जनामा ६ जना मात्रै महिला निर्वाचित हुँदा ३.६४ प्रतिशत सङ्ख्या मात्रै पर्न आउँछ। राजनीतिक दलले महिलाका लागि समानुपातिक छँदैछ भनेर बेवास्ता गरेका कारण यस्तो भएको हो। महिलालाई प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा नै कम प्राथमिकतामा पारेका कारण निर्वाचित हुने महिलाको सङ्ख्या कम भएको सजिलै बुझ्न सकिन्छ। संविधानअनुसार राष्ट्रिय सभा र प्रतिनिधिसभासहितको सङ्घीय संसद्का कूल सदस्यमध्ये ३३ प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य छ।**

संविधानको धारा ८६ मा राष्ट्रिय सभा गठनसम्बन्धी व्यवस्था छ। उक्त धाराको उपधारा २ मा महिला सहभागितालाई स्पष्ट पारिएको छ। २ को (क) मा भनिएको छ- "प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा सङ्घीय कानुनबमोजिम प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट

**प्रत्यक्ष निर्वाचनमा निर्वाचित महिला सांसद, राजनीतिक दल र निर्वाचन क्षेत्र**

| जिल्ला | निर्वाचन क्षेत्र | सांसदको नाम | राजनीतिक दल |
|---|---|---|---|
| ललितपुर | ३ | पम्फा भुसाल | माओवादी केन्द्र |
| पूवी रूकुम | पूर्वी रूकुम | कमला रोका | माओवादी केन्द्र |
| कञ्चनपुर | १ | बिना मगर | माओवादी केन्द्र |
| झापा | २ | पवित्रा निरौला | नेकपा एमाले |
| स्याङजा | २ | पदमा अर्याल | नेकपा एमाले |
| प्यूठान | प्यूठान | दुर्गा पौडेल | राष्ट्रिय जनमोर्चा |

**प्रदेश सभा निर्वाचनमा महिलाको उम्मेदवारी र निर्वाचितहरूको सङ्ख्या**

| प्रदेश नम्बर | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्रत्यक्ष सांसद सङ्ख्या | ५६ | ६४ | ६६ | ३६ | ५२ | २४ | ३२ | **३३०** |
| महिला उम्मेदवार | १४ | २८ | ५४ | १० | २५ | ३ | १२ | **१४६** |
| निर्वाचित महिला | २ | ५ | ५ | २ | २ | ० | १ | **१७** |

कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित आठ जना गरी निर्वाचित ५६ जना।" (ख) मा भनिएको छ - "नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा एक जना महिलासहित तीन जना।"

कागजमा लेखेर मात्र के गर्नु ? कार्यान्वयन गर्ने निकायले उक्त वाक्यांशलाई गम्भीरतापूर्वक नलिएपछि। संविधान कार्यान्वयनको सुरूवाती चरणमै देशका तीन प्रमुख पदमा महिला आसिन हुँदा विश्वले हामीसँग सिक्छ भन्थ्यौं। राष्ट्रपतिमा विद्यादेवी भण्डारी, प्रधानन्यायाधीशमा सुशीला कार्की र सभामुखमा ओनसरी घर्तीको उपस्थितिले हौसिएका नेपाली महिला प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनसम्म आइपुग्दा प्राय: निराश छन्। यसको कारण निर्वाचनमा ठुला दलबाट दिइएको उम्मेदवारी हो। साना दल तथा स्वतन्त्रबाट बाहेक ठूला दलबाट महिलाको उम्मेदवारी एकदमै न्यून सङ्ख्यामा थियो।

प्रतिनिधि सभामा प्रत्यक्षतर्फबाट निर्वाचित १ सय ६५ जना सांसदमध्ये महिलाको हिस्सा एकदमै न्यून देखिएको छ। १ सय ६५ जनामा ६ जना मात्रै महिला निर्वाचित हुँदा ३.६४ प्रतिशत हिस्सा मात्रै पर्न आउँछ। राजनीतिक दलले महिलाका लागि समानुपातिक छँदैछ भनेर बेवास्ता गरेका कारण यस्तो भएको हो। महिलालाई प्रत्यक्षतर्फ उम्मेदवारी दिँदा नै कम प्राथमिकतामा पारेका कारण निर्वाचित हुने महिलाको सङ्ख्या कम भएको सजिलै बुझ्न सकिन्छ। संविधानअनुसार राष्ट्रिय सभा र प्रतिनिधिसभासहितको सङ्घीय संसद्का कुल सदस्यमध्ये ३३ प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य छ। दलहरूसँग यो प्रतिशत पुऱ्याउन अब संविधानसभामा समानुपातिक र राष्ट्रिय सभाको निर्वाचन मात्रै विकल्प बाँकी छ।

**१ सय ६५ सदस्यीय प्रतिनिधिसभामा ६ जना महिला निर्वाचित**

प्रतिनिधिसभाका लागि प्रत्यक्षतर्फ चुनाव जित्ने महिलामा सबैभन्दा बढी नेकपा माओवादी केन्द्रबाट तीन जना छन्। माओवादी केन्द्रबाट ललितपुर-३ मा पम्फा भुसाल, रूकुम पुर्वमा कमला रोका र कञ्चनपुर-१ मा बिना मगर निर्वाचित भएका हुन्। त्यसैगरी नेकपा एमालेबाट झापा-२ मा पवित्रा निरौला र स्याङ्जा-२ मा पद्मा अर्याल तथा राष्ट्रिय जनमोर्चाबाट प्यूठानमा दुर्गा पौडेल निर्वाचित भए। यी सबै बाम गठबन्धनबाट उम्मेदवारी दिएका महिला उम्मेदवार हुन्। काङ्ग्रेस तथा लोकतान्त्रिक गठबन्धनबाट उम्मेदवार भएका कुनै पनि महिला प्रतिनिधि सभाको प्रत्यक्षतर्फ निर्वाचित भएनन्।

प्रतिनिधि सभाका लागि १ सय ६५ निर्वाचन क्षेत्रमा जम्मा १ हजार ९ सय ४५ जनाले उम्मेदवारी दिएका थिए। तीमध्ये १ सय ४६ जना महिला थिए। ठूला प्रतिस्पर्धी दलले एकदमै कम महिला उठाएका थिए। साना दल, स्वतन्त्र र जित्न नसक्ने स्थानबाट महिला उम्मेदवार बनेका थिए। नेपाली काङ्ग्रेसबाट भने एकजना पनि महिलाले चुनाव जित्न सकेनन्। देशभरका कूल मतदाता १ करोड ५४ लाख २५ हजार ९ सय ३१ मध्ये महिला मतदाताको सङ्ख्या ७६ लाख ४९ हजार २ सय ६५ छ। कूल मतदाताको झण्डै आधा मतदाता महिला रहेको भए पनि चार प्रतिशत भन्दा पनि कम जनप्रतिनिधि प्रत्यक्षमा चुनिएका हुन्।

**३ सय ३० सदस्यीय प्रदेश सभामा १७ महिला निर्वाचित**

प्रदेश सभामा प्रत्यक्ष प्रणालीबाट १७ जना महिला विजयी भएका छन्। यो भनेको ५.१५ प्रतिशत हुन आउँछ। प्रदेश सभामा पनि पुरूषको तुलनामा कम महिलाले उम्मेदवार बन्ने मौका पाएका थिए। प्रदेशसभा सदस्यका लागि ७ प्रदेशबाट ३ हजार २ सय ३९ उम्मेदवार प्रतिस्पर्धामा थिए। तीमध्ये २ सय ४० जना महिला उम्मेदवार थिए।

**प्रदेश नम्बर १**

प्रदेश नम्बर १ मा ५६ जना प्रत्यक्ष निर्वाचित र ३७ जना समानुपातिक सांसद निर्वाचित हुने संवैधानिक व्यवस्था छ। यो प्रदेशमा ३१ जना महिला सांसदका लागि संविधानले नै आरक्षण गरेको छ। तर, प्रत्यक्ष निर्वाचित हुनेमा इलाम-१ (क) मा खिनु लङ्वा लिम्बु, उदयपुर-२ (ख) मा कला घले मात्रै छन्। दुवै जना नेकपा एमालेबाट निर्वाचित प्रदेश सभा सांसद हुन्। प्रदेश नम्बर १ मा महिला मतदाताको सङ्ख्या १४ लाख ८४ हजार ८ सय ८७ जना रहेका छन्। यहाँ कूल मतदाता २९ लाख ९३ हजार ६ सय ६९ रहेका छन्।

**प्रदेश नम्बर २**

प्रदेश नम्बर २ मा ६४ जना प्रत्यक्ष निर्वाचित र ४३ जना समानुपातिक सांसद निर्वाचित हुने संवैधानिक व्यवस्था छ। यो प्रदेशमा ३६ जना महिला सांसदका लागि संविधानले नै आरक्षण गरेको छ। महोत्तरी-१ (क) मा शारदा थापा (एमाले), सर्लाही-१ (ख) मा बेची लुङ्गेली (एमाले), बारा-३ (क) बाट ज्वालाकुमारी साह (माओवादी केन्द्र), महोत्तरी-३ (ख) मा रानीकुमारी तिवारी (राजपा) र महोत्तरी २-(ख) मा सुरिताकुमारी साह (राजपा) मात्रै प्रत्यक्ष निर्वाचित भएका छन्। प्रदेश नम्बर २ मा कूल मतदाता २७ लाख ६७ हजार ३ सय ६९ मध्ये १२ लाख ७० हजार ६ सय ७० मात्रै महिला मतदाता रहेका छन्। अरू प्रदेशको तुलनामा प्रदेश नम्बर २ मा पुरूष मतदाताको तुलनामा महिला मतदाताको सङ्ख्या अत्यन्तै न्यून रहेको छ।

**प्रदेश नम्बर ३**

प्रदेश नम्बर ३ मा ६६ जना प्रत्यक्ष निर्वाचित र ४४ जना समानुपातिक

सांसद निर्वाचित हुने संवैधानिक व्यवस्था छ। यो प्रदेशमा ३७ जना महिला सांसदका लागि संविधानले नै आरक्षण गरेको छ। काठमाडौँ-८ (ख) मा अष्टलक्ष्मी शाक्य (एमाले), काठमाडौँ-१० (ख) मा रमा आले मगर (एमाले), ललितपुर-१ (क) मा लालकुमारी पुन (माओवादी केन्द्र), नुवाकोट-१ (क) मा राधिका तामाङ (माओवादी केन्द्र), मकवानपुर-२ (क) मा कुमारी मोक्तान (माओवादी केन्द्र) मात्रै प्रदेश नम्बर ३ बाट प्रत्यक्षमा निर्वाचित महिला हुन्। सबैभन्दा बढी मतदाता रहेको प्रदेश नम्बर ३ मा महिला मतदाताको सङ्ख्या पुरूष मतदाताको सङ्ख्या कम रहेको छ। ३० लाख ७४ हजार ४ सय १२ मतदाता रहेको प्रदेश नम्बर ३ मा १५ लाख ४८ हजार ६ सय ५७ जना महिला मतदाता रहेका छन्।

**प्रदेश नम्बर ४**

प्रदेश नम्बर ४ मा ३६ जना प्रत्यक्ष निर्वाचित र २४ जना समानुपातिक सांसद निर्वाचित हुने संवैधानिक व्यवस्था छ। यो प्रदेशमा २० जना महिला सांसदका लागि संविधानले नै आरक्षण गरेको भए पनि प्रत्यक्षमा म्याग्दी (ख) मा नरदेवी पुन (नेकपा एमाले) र तनहुँ-२ (क) मा आशा कोइराला (माओवादी केन्द्र) मात्रै प्रत्यक्षमा निर्वाचित भएका महिला उम्मेदवार हुन्। प्रदेश नम्बर ४ मा १५ लाख ६८ हजार ८ सय २९ मतदातामध्ये ८ लाख २३ हजार ६ सय ६६ महिला मतदाता रहेका छन्।

**प्रदेश नम्बर ५**

प्रदेश नम्बर ५ मा ५२ जना प्रत्यक्ष निर्वाचित र ३५ जना समानुपातिक सांसद निर्वाचित हुने संवैधानिक व्यवस्था छ। यो प्रदेशमा २९ जना महिला सांसदका लागि संविधानले नै आरक्षण गरेको छ। यो प्रदेशमा बाँके-१ (क) बाट कृष्णा केसी (माओवादी केन्द्र), बाँके-१ (ख) बाट आरती पौडेल (एमाले) निर्वाचित भएका छन्। यो प्रदेशमा बाँके निर्वाचन क्षेत्र नम्बर १ का दुई ओटै प्रदेश निर्वाचन क्षेत्रमा महिला निर्वाचित भएका हुन्। २७ लाख ४० हजार ८ सय ४८ कल मतदाता रहेको प्रदेश नम्बर ५ मा १३ लाख ६३ हजार ४७ महिला मतदाता रहेका छन्।

**प्रदेश अनुसार विजयी महिला सांसद सङ्ख्या (दल अनुसार)**

| प्रदेश नम्बर | नेकपा एमाले | माओवादी केन्द्र | राजपा–नेपाल | जम्मा |
|---|---|---|---|---|
| १ | २ | | | **२** |
| २ | २ | १ | २ | **५** |
| ३ | २ | ३ | | **५** |
| ४ | १ | १ | | **२** |
| ५ | १ | १ | | **२** |
| ६ | | | | |
| ७ | | १ | | **१** |
| **जम्मा** | **८** | **७** | **२** | **१७** |

**प्रदेश नम्बर ६**

प्रदेश नम्बर ६ मा २४ जना प्रत्यक्ष निर्वाचित र १६ जना समानुपातिक सांसद निर्वाचित हुने संवैधानिक व्यवस्था छ। यो प्रदेशमा १४ जना महिला सांसदका लागि संविधानले नै आरक्षण गरेको छ। यो प्रदेशमा कुनै पनि महिलाले प्रत्यक्षमा निर्वाचन जित्न सकेनन्। ४ लाख २१ हजार ६३ जना महिला मतदाता भएको यो प्रदेशमा प्रत्यक्ष निर्वाचनमा कुनै पार्टीबाट पनि महिलाले जित हासिल गर्न सकेनन्। यहाँ ८ लाख ४६ हजार ९ सय ३३ मतदाता छन्।

**प्रदेश नम्बर ७**

प्रदेश नम्बर ७ मा ३२ जना प्रत्यक्ष निर्वाचित र २१ जना समानुपातिक सांसद निर्वाचित हुने संवैधानिक व्यवस्था छ। यो प्रदेशमा १८ जना महिला सांसदका लागि संविधानले नै आरक्षण गरेको छ। यो प्रदेशमा बझाङ-१ (ख) बाट देवकी मल्ल (माओवादी केन्द्र) मात्रै प्रत्यक्ष निर्वाचित भएकी छन्। १४ लाख ३३ हजार ८ सय ७१ मतदाता रहेको प्रदेश नम्बर ७ मा ७ लाख ३७ हजार २ सय ७५ जना महिला मतदाता रहेका छन्।

**निष्कर्ष**

निर्वाचन परिणामलाई सरसर्ती हेर्दा संविधानमा नै सुनिश्चित गरिएको राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ भनी लेखिएको विषयलाई कार्यान्वयन गर्न कठिन भएको देखिन्छ। राजनीतिक नेतृत्वले कागजी रूपमा सबैलाई अधिकार सम्पन्न बनाउन प्रतिबद्धता जनाएको संवैधानिक व्यवस्थाबाट बुझ्न सकिन्छ। तर, लामो समयदेखि केन्द्रीकृत अधिकारबाट शासन सञ्चालनमा लिप्त 'समाज'ले संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न गाऱ्हो भएको हुन सक्छ। त्यसो भन्दैमा संविधानमा भएका व्यवस्थालाई कार्यान्वयन नगरी सुखै छैन। निर्वाचनको परिणामलाई हेर्दा आगामी दिनमा कूल निर्वाचन क्षेत्रको ३३ प्रतिशत क्षेत्रमा महिला मात्रैले उम्मेदवारी दिने गरी व्यवस्था गर्न सक्नुपर्छ। त्यसो भयो भने संविधान बनाउनका लागि सुरू गरिएको समानुपातिक निर्वाचन प्रणालीलाई निरन्तरता दिइरहनु पर्दैन। जुन आवश्यक पनि छैन। महिलालाई सक्षम बनाएर प्रत्यक्ष निर्वाचनको उम्मेदवार बन्ने वातावरण बनाउनु आवश्यक छ न कि सधैँ समानुपातिक भनेकै महिलाका लागि हो भन्ने बनाइरहनु आवश्यक हुन्छ। बरू गोला प्रथाबाट फलानोफलानो निर्वाचन क्षेत्रमा महिला मात्रै उम्मेदवार हुनु पर्ने भनी व्यवस्था गर्न सकिन्छ। महिला सहभागितामा उच्चतम बृद्धि गर्नका लागि महिलालाई सक्षम बनाउनु पर्छ। यसैमा समग्र मुलुकको कल्याण हुन्छ।

सन्दर्भ सूची:

१) नेपालको संविधान/ नेपाल कानुन आयोग

२) निर्वाचन आयोगको वेभसाइट

३) इन्सेक/स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको वेभसाइट

विश्लेषण



प्रताप विष्ट

# विछोडको बाटो रोज्दै दम्पतीहरू

सँगै बाँच्ने, सँगै मर्ने कसम खाएर दाम्पत्य जीवनमा गाँसिएका मकवानपुरका दम्पतीहरू वर्षेनी बढ्दो रूपमा बिछोडको बाटो रोजिरहेका छन्। पति र पत्नीबीच सम्बन्धबिच्छेद गर्ने क्रम मौलाउँदै आएको छ। आव ०७३/०७४ मा मकवानपुर जिल्ला अदालतले २ सय २८ मुद्दा टुङ्ग्याइदियो। अर्थात उनीहरूको माग अनुसार अदालतले दाम्पत्य सम्बन्ध टुटाइदिएको छ। अदालतको आदेशपश्चात एक अर्काबाट दुवै स्वतन्त्र भएका छन्। आव ०७३ साउनदेखि ०७४ असार मसान्तसम्म २ सय ८६ थान सम्बन्धबिच्छेदका मुद्दा मकवानपुर जिल्ला अदालतमा दर्ता भएका थिए। तीमध्ये २ सय २८ थान सम्बन्धबिच्छेदका मुद्दा किनारा लागिसकेको छ। ५८ थान सम्बन्धबिच्छेदका मुद्दा किनारा लाग्न बाँकी रहेको अदालतका स्रेस्तेदार अनन्तराज मरासिनीले बताए। पारपाचुके पाउन अदालतमा अधिकांश महिलाले नै निवेदन दिने गरेका छन्।

अदालतमा दर्ता हुने कूल मुद्दामध्ये ३५ प्रतिशत भन्दा बढी पारपारचुकेको मुद्दा पर्ने गरेको छ। अदालतमा अघिल्लो आवमा १ सय ९५ ओटामात्र मुद्दा दर्ता भएका थिए। तीमध्ये एक सय ७५ ओटा मुद्दा किनारा लागेका थिए। “उनीहरूको दाम्पत्य जीवन बाहिर नै टुट्ने अवस्थामा पुगिसकेको हुन्छ” अधिवक्ता मदन दाहालले भने, “अदालतबाट उनीहरू कानुनी वैद्यताका लागि सम्बन्धबिच्छेदको मुद्दा दर्ता गर्छन्।” महिलाले सम्बन्धबिच्छेदको माग गरेपछि कानुनी रूपमा नै उनीहरूकै पक्ष बलियो हुन्छ। पुरूषले सम्बन्धबिच्छेद गर्न नचाहाँदा नचाहँदै पनि महिलाले चाहेपछि सम्बन्धबिच्छेद हुने कानुनी व्यवस्था छ।

महिला अधिकारको क्षेत्रमा कार्यरत अधिवक्ता ललिता श्रेष्ठ कानुनले दिएको सुविधा नै सम्बन्धबिच्छेद बढ्नुको पहिलो कारण भएको बताउँछिन्। विगतमा यस्तो सुविधा थिएन जस्ले गर्दा महिलाहरू पीडा सहेर घर भित्र बसिरहेका थिए उनले भनिन्। पछिल्लो चरणको यो कानुनी व्यवस्थाले महिलाहरूमा पुरूषको दबाव र यातना सहेर नबस्ने सकारात्मक बानी बढाएको छ। अधिवक्ता श्रेष्ठको ठम्याइमा “वैदेशिक रोजगारीका बढ्दो क्रम र त्यसले निर्माण गरेको आर्थिक सम्पन्नताको साथै सक्षम र आत्मनिर्भर महिला सङ्ख्याको वृद्धिले पनि उनीहरू आफैँ निर्णय गर्ने प्रक्रियामा थप स्वतन्त्र भएकाले सम्बन्धबिच्छेदका मुद्दा बढ्दै गएको हुन सक्छ।” सम्बन्धबिच्छेदका घटनाहरू शहरमामात्र होइन गाउँमा पनि बढेको छ। अदालतमा दर्ता भएका पारपाचुके मुद्दामध्ये ३५ प्रतिशत ग्रामीण भेगका छन्।

“सम्बन्धबिच्छेदलाई आत्मनिर्भर र स्वतन्त्रतासँगमात्र जोडेर हेर्न हुँदैन।” समाजशास्त्रका प्राध्यापक बीरेन्द्र साहले भने- “सम्बन्धबिच्छेदपछि महिला र पुरुष स्वतन्त्र होलान् तर उनीहरूबाट जन्मेको बालबालिकाले अभिभावकको बलियो संरक्षकत्व गुमाउँछन्। सम्बन्धबिच्छेदलाई उनीहरूको सन्तानसँग गाँसेर हेर्नुपर्छ।” बावु-आमाको सम्बन्ध बिच्छेदले नाबालक सन्तानको भविष्य नै अलपत्र पार्ने काम भइरहेको छ।

बावुआमाको सम्बन्धबिच्छेदपछि नाबालकको हकमा कानुनमा तर्जुमा गरिएको व्यवस्था अपर्याप्त रहेको कानुन व्यवसायीहरूको ठहर छ। “रेमिट्यान्स अर्थतन्त्रको प्रभाव, आफ्नो जिन्दगीको निर्णय आफैँ गर्नसक्ने शिक्षित महिलाको सङ्ख्या बढ्दो र परम्परागत पुरूष संरचनाको निरन्तरता” प्राध्यापक साहले भने- “नेपाली समाजमा विद्यमान यी तीन पक्षको अन्तरसङ्घर्षले दम्पतीबीच नयाँ समझदारी र नयाँ पारिवारिक वातावरणको खोजी गरिरहेको छ।” पुराना मान्यता र परम्परागत पारिवारिक शैलीलाई चुनौती दिँदै सम्बन्धबिच्छेदका घटनाहरू बढ्दै गएका हुन्।

“पुरानो शैली र परम्परागत मान्यताले अब दाम्पत्य जीवन सुखमय बन्न सक्तैन” अदालतका एक जिल्ला न्यायाधीशले भने- “इजलाशमा यस्ता मुद्दाहरू धेरै हेरिए र दुवै पक्षका तर्क पनि सुनिए।” “परिवारको परम्परागत संरचनाविरुद्ध सम्बन्धबिच्छेदका घटनालाई लिनुपर्छ।” प्राध्यापक साहले भने- “त्यो कुनै महिलाले कुनै पुरूषका विरुद्धमा सम्बन्धबिच्छेदको मुद्दा दर्ता गराएको भए पनि त्यो परम्परागत परिवारको संरचनाविरुद्ध हो भनेर बुझ्नु पर्छ।” अदालतमा परेका सम्बन्धबिच्छेदको घटनालाई विश्लेषण गर्दा पतिले दोस्रो विवाह गरेका कारणले छोडपत्र चाहने महिलाको सङ्ख्या न्यून छ। अदालतमा परेका २ सय ८६ मुद्दामध्ये पतिले दोस्रो विहे गरेपश्चात सम्बन्धबिच्छेद गर्न निवेदन दिएको महिलाको सङ्ख्या २० मात्र छ। यो तथ्यले सम्बन्धबिच्छेदको बदलिँदो पाटो देखाउँछ। सम्बन्धबिच्छेदले अहिले क्रमश: एकल पारिवारिक संरचनाको उदय हुँदै गएको छ। प्राध्यापक साहको तर्क छ- “यो क्रम अब बढ्दै जान्छ।” महिलाहरू सक्षम र उनीहरूमा प्रतिवाद गर्ने क्षमता भएपछि सम्बन्ध बिच्छेदका घटनाहरू स्वत: बढ्दै जान्छन्।

*(विष्ट इन्सेकका मकवानपुर जिल्ला प्रतिनिधि हुनुहुन्छ।)*

विश्लेषण



सुमन अधिकारी

# सङ्क्रमणकालीन आयोग प्रक्रियाको अपनत्व र प्रभावकारिता

**१. सङ्क्रमणकालीन न्याय आयोगको प्रभावकारिता**

सशस्त्र द्वन्द्वकालमा भएका गम्भीर मानव अधिकार तथा मानवीय कानुनको उल्लङ्घन घटनाहरूको सत्यतथ्य पत्ता लगाउन र पीडितलाई न्याय र परिपूरण सिफारिस गर्नका लागि गठित बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगको थपिएको समेतको तीन वर्षे कार्यकाल २०७४ माघ २६ सकिँदै छ। पीडितको पीडा र रगतको जगमा बनेका आयोगले सत्यतथ्य उजागर गर्ने, पीडितलाई परिपूरण र न्याय प्रदान गर्ने एवम् भविष्यमा त्यस्ता घटना नदोहोरिने सुनिश्चितता गर्ने जिम्मेवारी पाएका आयोगहरूले तीन वर्षको अवधि सकिन लाग्दासमेत गम्भीर अपराधका घटनाको सत्यतथ्य उजागर गर्ने, मेलमिलाप कायम गराउने, पीडितको आवश्यकता बमोजिमको परिपूरण अधिकारको सिफारिस गर्ने, अभियोजन एवम् संस्थागत सिफारिस एवम् भेटिङ लगायतका सिफारिसहरू गर्ने कार्य गरेको देखिएको छैन।

पीडित केन्द्रित कार्यप्रणाली अवलम्बन गर्न, सरोकारवाला एवम् पीडित समुदायसँग परिणाम दिने विश्वास र सहकार्यको वातावरण समेत बनाउन सकेनन्। राष्ट्रिय मानव अधिकार आयोग, संयुक्त राष्ट्रसङ्घलगायत विभिन्न मानव अधिकार निकाय एवम् सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य गर्न, उनीहरूसँग रहेका सूचना, प्रमाण, दस्तावेज, अनुभव, विज्ञता एवम् संरचना उपयोग गर्ने दक्षता, तदारूकता र संवेदनशीलता समेत आयोगले देखाएनन्। पीडितका पक्षमा काम गरून् पीडितलगायतका सरोकारवालाहरूको शङ्काको सुविधा एवम् सदासयतालाई आयोगले सदुपयोग गर्न समेत सकेनन्। उजुरीहरूको प्रभावकारी छानबिन, सत्यको उजागर, सार्वजनिक सुनुवाइ र मेलमिलापजस्ता गम्भीर, संवेदनशील, यथेष्ट विज्ञ, साधनश्रोत र समन्वय आवश्यक पर्ने एवम् समय लाग्ने क्रियाकलापहरू सम्पादन गर्ने प्रभावकारी कार्ययोजनासमेत देखिएन।

**२. सत्य अनुसन्धान तथा परिपूरण**

सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले थपिएको एक वर्षे अवधिमा प्राप्त उजुरीहरूमाथि अनुसन्धान थाले। ६० हजार उजुरी परेको सत्य आयोगले उजुरीहरूको सङ्ख्या, घटनाको प्रकृति एवम् सोको लागि अनुसन्धान गर्न आवश्यक पर्ने अनुसन्धान प्रक्रियाको तयारी नै नगरी उजुरी छानबिन गर्न ७ प्रान्तीय कार्यालय स्थापना गरी केवल तीन जनाको अनुसन्धान टोली बनाएको छ। तीन महिनाको अवधि दिएर प्रत्येक प्रान्तमा १/१ हजार उजुरीहरू सनाखत गर्न पठाएकोमा ५/६ महिनाको अवधि बितिसक्दा आधा उजुरीको सनाखतसमेत गर्न सकेको छैन। बेपत्ता छानबिन आयोगले काठमाडौँ र वरिपरिका बेपत्ता पारिएका व्यक्तिका परिवारजनलाई बोलाएर सोधपुछ गरेको भए पनि एकजना बेपत्ता पारिएका नागरिकको अवस्था समेत सार्वजनिक गर्न सकेको छैन। बेपत्ता पारिएका व्यक्तिका बारेमा विस्तृत अनुसन्धान, उत्खनन्, डीएनए परीक्षणलगायतका जटिल प्रक्रियासम्बन्धी आयोगसँग तयारी, योजना, साधनश्रोत, विज्ञता एवम् जनशक्तिको व्यवस्थापन समेतको अभाव आयोगमा देखिन्छ।

आयोगहरूले पीडितलाई बोलाएर पेश गरेका उजुरीहरूको सनाखत गरिरहेका छन्, बयानका लागि आयोग पुगेका पीडितले निर्धक्क भएर पीडा बेदना पोख्न एवम् घर फर्कँदा आफ्नो पीडा साटिएको, हलुका भएको अनुभूति गर्न सकेका छैनन्। घटना कसले किन कसरी गरायो भन्ने सत्यतथ्य अनुसन्धान गर्ने मुख्य जिम्मेवारी बोकेका आयोगहरूले कुनै पनि घटनाको सत्य उजागर गरेका छैनन्, एकजना पनि आरोपित पीडकको बयान लिएका छैनन्। यौन हिंसा तथा बलात्कारजस्ता गम्भीर अपराध पीडित महिलाहरूको न्याय त के तात्कालीन आवश्यकता सम्बोधन गर्ने वातावरण समेत बन्न सकेको छैन।

**३. द्वन्द्वपीडितहरू एकैठाउँमा**

नेपालको सशस्त्र द्वन्द्वकालमा राज्य वा विद्रोही पक्षबाट भएका गम्भीर मानव अधिकार उल्लङ्घनका कारण पीडित बनाएका नागरिकहरू द्वन्द्वकालदेखि नै आ-आफ्नो स्थानबाट सत्य, परिपूरण र न्यायका लागि आ आफ्नो स्थानबाट सङ्गठित हुँदै अभियानरत रहे। शान्ति सम्झौतापछिका प्रारम्भिक वर्षहरूमा राज्य र विद्रोही पक्षबाट पीडित भएका पीडितहरूबीच आपसमा अविश्वास एवम् वैमनश्यता स्वभाविक थियो। सङ्क्रमणकालीन न्यायसम्बन्धी कार्यक्रमहरूमा सहभागिताका क्रममा दुवै पक्षका पीडितहरूबिचमा आपसी पीडाहरू सुन्ने वातावरण मिल्दै गयो, सङ्क्रमणकाल लम्बिँदै जाँदा दुवै पक्षका पीडितहरूबिच जुन पक्षले गरेको मानव अधिकारको गम्भीर उल्लङ्घनबाट पीडित भएको भए पनि दुवै पक्षको पीडाको आँसु, प्रकृति र रङ समान भएको, आपसमा पीडा साटासाट गर्दा राहतको अनुभूति बढ्दै भयो र विस्तारै सहकार्य बढ्दै गयो।

पीडितहरू आफैँ बोल्नुपर्छ, आफ्नो मुद्दाको अगुवाई आफैले गर्नुपर्छ भन्ने अवधारणा स्वरूप पीडित केन्द्रित सङ्क्रमणकालीन न्याय प्रक्रियामा आवश्यक हस्तक्षेप गर्न, राज्यसँग आफ्नो मुद्दा अधिकार स्थापित गर्न दवाब दिन, आपसी समन्वय र सहकार्यको साझा संयन्त्र बनाउने र पीडितहरूको साझा मुद्दामा एकिकृत पीडित अभियानलाई सङ्गठित परिचालन गर्दै स्थानिय देखी राष्ट्रिय तहसम्म एउटै साझा आवाज

निर्माण गर्न, द्वन्द्वपीडितहरूको साझा मुद्दा सत्य, न्याय र परिपूरणको अधिकारका लागि एकिकृत र सशक्त आवाजका लागि २०७१ भदौ २० गते पीडित प्रतिनिधि तथा पीडित संस्थाहरूको राष्ट्रिय भेलाबाट आम पीडित सङ्घसंस्थाहरूको राष्ट्रिय सञ्जालको रूपमा द्वन्द्वपीडित साझा चौतारीको गठन भएको हो। राज्य वा विद्रोही पक्षबाट भएका गम्भीर मानव अधिकार उल्लङ्घनका हत्या, बेपत्ता, यातना, यौनजन्य हिंसा, सम्पत्ति कब्जा एवम् विस्थापन जस्ता विभिन्न प्रकृतिका पीडितहरू आपसी पीडालाई साटासाट र आत्मसात गर्दै भावनात्मक मेलमिलापको नमूना दर्शाउदैं समग्र पीडित नागरिकहरूको सत्य, न्याय र परिपूरण तथा सङ्क्रमणकाल अन्त्यको अभियानमा चौतारीमार्फत हातेमालो गर्दै समर्पित भएका छन्।

विस्तृत शान्ति सम्झौता बमोजिम सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग ऐन पारित गर्ने प्रक्रिया ०६९ जेठ १४ मा संविधानसभा भङ्ग भएसँगै सकिए। ०६९ चैत १ गते सरकारले आममाफीको मनसाय बमोजिम एउटै आयोग गठन गर्न जारी गरेको अध्यादेश विरुद्ध द्वन्द्वपीडितहरूले सर्वोच्च अदालतमा रिट दर्ता गरे। २०७० पौष १८ गते सर्वोच्च अदालतले अध्यादेशका मेलमिलाप, क्षमादान, परिपूरण, हदम्याद, अभियोजन लगायतका प्रावधानहरू खारेज गर्‍यो। खारेज गरेको अध्यादेशकै प्रावधानहरू राखेर सरकारले सरकारले व्यवस्थापिका संसद्मा पेश गरेको आयोग गठनसम्बन्धी विधेयक संसदले २०७१ वैशाख १२ मा पारित गर्‍यो। ४४ जिल्लाका २ सय ३४ द्वन्द्वपीडितहरूले २०७१ जेठ २० मा सर्वोच्च अदालतमा दर्ता गरेको रिटउपर सर्वोच्चले २०७१ फागुन १४ मा फैसला दिएको थियो। साथै सङ्क्रमणकालीन न्यायमा सम्वन्धमा सर्वोच्च अदालतले विभिन्न महत्वपूर्ण फैसलाहरू गरेको छ।

राज्यले द्वन्द्वपीडितहरूलाई अन्तरिम राहत, छात्रवृत्ति, सीप विकास तालिम, मनोसामाजिक परामर्श, घाइतेहरूको उपचार, विस्थापितहरूलाई पुनर्स्थापनालगायतका कार्यक्रमहरू लागू गर्ने गरेको थियो। पीडित समुदायले आवश्यकता बमोजिम जीविकोपार्जन उपयोगी एवम् सहयोगी दीर्घकालीन कार्यक्रमहरू लागू गर्न, छात्रबृत्तिको हदम्याद हटाउन, पूरै राहत एकैचोटि दिने, यातना र बलात्कार तथा यौनजन्य हिंसाका पीडितलाई पहिचान गर्न माग गर्दै आए। चौतारीले पीडितका हक अधिकार लगायत सङ्क्रमणकालीन न्याय एवम् मानव अधिकारका समग्र सवालहरूमा समेत अभियान गर्दै आएको छ। संविधान, चुनावी घोषणापत्रमा पीडितका सवालहरूबारे ज्ञापनपत्र पेश गर्ने, निर्वाचनमा गम्भीर मानव अधिकार उल्लङ्घनकर्तालाई उम्मेदवार नबनाउन (भेटिङ) को अपिल गर्दै आएको छ।

**४. बल्झाउने होइन समाधान खोजौँ**

सत्य आयोग र बेपत्ता छानबिन आयोगले कुनै महसुस योग्य परिमाण दिन नसकेका एवम् सरोकारवालाहरूको विश्वास र सहकार्यको वातावरण निर्माण गर्न पनि नसकेका यथार्थ विचारणीय छ। आयोगले आफू अनुकूलको प्रतिवेदन बुझाएपछि द्वन्द्वकालीन घटनाहरू सकिन्छन् भन्ने मानसिकता सरकारमा रहेको देखिन्छ। ३ वर्षसम्म पीडितले महसुस गर्ने कुनै उपलब्धि हासिल गर्न नसकेका आयोगहरूको म्याद थपेर काम गरेको छ भनेर देखाउनेतर्फ सरकारको मानसिकता देखिन्छ। सङ्क्रमणकालीन न्याय पीडितलाई थकाउने र फुस्ल्याउने प्रक्रिया होइन, द्वन्द्वका घाउहरूको भावनात्मक मलम लगाउनका साथै दण्डहीनताको अन्त्य, फेरि त्यस्ता गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरू नदोहारिने कानुनी तथा संरचनागत निर्माण एवम् त्यस्ता अपराध गरेवापत् दण्डित भइने शिक्षा प्रदान गर्नुसमेत हो।

अहिले पनि सङ्क्रमणकालीन न्याय प्रक्रियाको स्वीकार्यता एवम् सफलताका सम्बन्धमा थुप्रै सवाल र समस्याहरू अगाडि तेर्सिएका छन्। अदालतमा विचाराधीन एवम् प्रहरी कार्यालयहरूमा विचाराधीन मुद्दा, मानव अधिकार आयोगमा द्वन्द्वकालीन उजुरी, संयुक्त राष्ट्रसङ्घको नेपाल द्वन्द्व प्रतिवेदनमा समावेश द्वन्द्वकालीन घटनाहरू, द्वन्द्वकालमा जनसरकारका नाममा गरिएका नामसारी गराइएका घरजग्गा, द्वन्द्वकालमा जबरजस्त भर्ना गराइएका बालसेना, कतिपय दलका नेता एवम् सेनाप्रहरीका उच्च अधिकारीहरू माथिका भेटिङ, द्वन्द्वपीडित सेना प्रहरीका सवालहरू सम्बोधन भएका छैनन्। सङ्क्रमणकालीन न्याय प्रक्रियाले उपरोक्त समग्र सवाल एवम् समस्याहरूको इमान्दारपूर्ण समाधान खोज्नुपर्दछ। उपरोक्त समस्याहरूको समाधान खोज्नु साटो समस्याहरूलाई कार्पेटमुनी छोपेर केवल आयोगको म्याद थपेर सुरक्षित भइन्छ भन्ने मानसिकताले समाधान दिँदैन।

सङ्क्रमणकालीन न्यायसम्बन्धी सर्वोच्च अदालतले विभिन्न मितिमा गरेका फैसलाहरू बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग एवम् सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ तत्काल संशोधन गर्नुपर्दछ, बेपत्ता र यातनाको अपराधिकरण, पीडित तथा साक्षी संरक्षणको व्यवस्था गर्नुपर्दछ। दीर्घकालीन परिपूरण नीति बनाइ द्वन्द्वका समयमा भएका गम्भीर मानव अधिकार उल्लङ्घनबाट पीडित भएका निशस्त्र नागरिक तथा उनीहरूका पीडित परिवारहरूको शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, पहिचान, सम्मान तथा सन्तुष्टिका अधिकारहरू केन्द्रदेखि स्थानीय सरकारका निकायहरूले कार्यान्वयन गर्नुपर्दछ। द्वन्द्वपीडितहरूलाई परिचयपत्र, सम्मान, द्वन्द्वपीडितहरूको स्मृतिमा राष्ट्रिय दिवस, शैक्षिक पाठ्यक्रममा द्वन्द्वकालीन शिक्षा,सामाजिक संरक्षण एवम् सरकारी रोजगारी एवम् राजनीतिक प्रतिनिधित्वका लागि आरक्षणको व्यवस्था गर्नुपर्दछ। सशस्त्र द्वन्द्वका क्रममा सेना वा माओवादीहरूद्वारा मारिएका सर्वसाधारण व्यक्तिका परिवार, घाइते, विस्थापित आदिलाई क्षतिपूर्ति, पुनर्स्थापना, भरणपोषण एवम् घाइतेहरूका लागि उपचार र आवश्यक क्षतिपूर्तिको व्यवस्था गर्नु पर्दछ। सशस्त्र द्वन्द्वका क्रममा मारिएकाका परिवार, घाइते भएका, विस्थापित भएका पीडितहरूलाई राहत, पुनर्बास र सिपमूलक तालिम, जीविकोपार्जनका लागि आर्थिक प्याकेजको व्यवस्था गरिनुपर्दछ। कब्जा गरिएका सम्पत्ति क्षतिपूर्तिसहित फिर्ता गर्नुपर्दछ। आयोगलाई पीडित केन्द्रित, पारदर्शी, स्वतन्त्र, विश्वसनीय, जबाफदेही एवम् सहभागितामूलक बनाउने उपाय एवम् कार्यप्रणालीको तत्काल अबलम्बन गर्नुपर्दछ। मानव अधिकार, कानुनी शासन, सर्वोच्च अदालतका आदेशहरूको अक्षरस: कार्यान्वयन गर्नुपर्दछ, सार्वजनिक पद धारण गर्न चाहिने योग्यताको परीक्षण (भेटिङ) सम्बन्धी नीतिगत व्यवस्था गर्नुपर्दछ।

*(अधिकारी द्वन्द्वपीडित साझा चौतारीका अध्यक्ष हुनुहुन्छ ।)*
man.adhikari76@gmail.com)



# निर्वाचन पर्यवेक्षण अनुभव र अनुभूति



बसन्त दहाल

संसारमा अनेकौँ शासन पद्धतिको अभ्यास गरिएका छन्। राज्य सञ्चालन गर्ने अनेकौँ व्यवस्थाहरू स्थापना गरिए र त्यसको विकसित रूप हामी आज लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाको उपयोग गर्दैछौँ। यो व्यवस्थाले जनतालाई शासक बनाएको छ र यहाँ कोही कसैको रैती हुनुपर्ने अवस्था सिर्जना भएको छैन। लोकतान्त्रिक व्यवस्थामा जनताले प्रतिनिधि छान्छन् र आफूलाई शासित बनाउँछन्। आफूलाई शासन गर्ने प्रतिनिधि छान्नको लागि विशेष कार्य सम्पन्न गरिन्छ जसलाई निर्वाचनको संज्ञा दिइएको छ।

लोकतान्त्रिक व्यवस्थामा राज्य सञ्चालनमा अपनाइने हरेक कार्यहरूबारे सूचना ग्रहण गर्ने अधिकार जनतामा निहित हुन्छ। अझ यो अधिकार त्यतिबेला प्रभावशाली हुन्छ जब सम्पूर्ण जनता र राष्ट्रको सेवा गर्न भनेर निर्वाचन गरिन्छ। निर्वाचन त्यो प्रक्रिया हो जसमाथि जनता, समाज र राष्ट्रको भविष्य निर्भर रहेको हुन्छ। कसैको गलत विचार वा कार्यका कारण सम्पूर्ण राष्ट्रले परिवर्तनबाट किन बिमुख बन्नु ? यही कुरा मनन् गरेर निर्वाचन प्रक्रियालाई निष्पक्ष र धाँधलिरहित बनाउन जरूरी छ। जसका लागि विभिन्न प्रकृया अपनाइएको हुन्छ त्यसभित्र निर्वाचन पर्यवेक्षण पनि पर्दछ।

लोकतान्त्रिक मर्मलाई आत्मसात गरेर चुनावी प्रक्रियालाई वैधानिकता प्रदान गर्नका लागि पनि पर्यवेक्षकको अहम् भूमिका रहेको हुन्छ। यसले निर्वाचनको गुणस्तर सुधार्न ठुलो मद्दत पुऱ्याउँछ। यसले मतदाताको नागरिक र राजनीतिक अधिकार सुनिश्चित गर्दछ नै त्यसका अलावा प्रजातन्त्रिक प्रक्रियालाई कानुनी दायरा भित्र ल्याएर निर्वाचनका माध्यमबाट बनेको सरकारप्रति जनतामा विश्वास दिलाउँछ। त्यस्तै पर्यवेक्षणका माध्यमबाट मतदानकै क्रममा देखिएका त्रुटि सच्याउन तथा पर्यवेक्षण प्रतिवेदनले औँल्याएका विषयका आधारमा भविष्यलाई मार्गनिर्देशन गर्न सहयोग पुऱ्याउँछ।

आफ्नो भाग्य निर्धारण गर्ने निर्वाचनमा नागरिक स्वयम्लाई संलग्न गराउनु यस कार्यको महत्वपूर्ण पाटो हो। यसले व्यक्तिमा निहित मानव अधिकारको सम्मान गर्न भूमिका खेल्छ भने द्वन्द्वबाट विकासको मार्गमा जाने क्रममा अपनाइने शान्ति प्रक्रियामा आँच आउने कार्यबाट परै राख्छ। समग्रमा भन्ने हो भने विकसित राजनीतिक व्यवस्थाद्वारा सिर्जित मूल्य र मान्यतामा आकर्षण भरेर त्यसको महत्व बढाउने कार्यमा "निर्वाचन पर्यवेक्षण" जड भएर देखा परेको हुन्छ।

निर्वाचन पर्यवेक्षणको इतिहास हेर्दा १९ औं शताब्दीसम्म पुग्न सकिन्छ तर यसको व्यापकता भने विश्वयुद्धपछि भएको देखिन्छ। कालान्तरमा अनेकौं अन्तर्राष्ट्रिय कानुनसम्मत रहेर पर्यवेक्षण र पर्यवेक्षकसम्बन्धी विभिन्न नियमहरू निर्माण गर्ने कार्य भए र विगतमा पर्यवेक्षणमा

देखिएका अल्झन सुल्झाएर निर्वाचनलाई झन् जनतामुखी बनाइयो। यस कार्यमा पर्यवेक्षकलाई विभिन्न तरिकाले फरक फरक रूपमा विभाजन गरियो। अद्यावधिका आधारमा छोटो र लामो भनेर छुट्याइयो। लामो अवधिका पर्यवेक्षकका रायका आधारमा छोटो अवधिका पर्यवेक्षकले मतदानका बेला अनुगमन गर्ने अभ्यास रही आएको छ। लामो अवधिका पर्यावेक्षकहरूले उम्मेदवार मनोनयन दर्ता गर्ने समयदेखि लिएर निर्वाचन परिणाम घोषणा नहुञ्जेलसम्म नियाल्न पाउने अधिकार बोकेका हुन्छन्

निर्वाचन आयोगबाट अनुमति लिएका देशभित्र रहेका विभिन्न सङ्घ संस्थासित आबद्ध रहेर निर्वाचन अनुगमन गर्ने व्यक्तिलाई राष्ट्रियको सूचीमा राखेको थियो। अन्तर्राष्ट्रिय संस्थाबाट आएका पर्यवेक्षकलाई अन्तर्राष्ट्रिय पर्यवेक्षक र निर्वाचनको विश्वसनीयता अझै राम्रो होस् भन्ने हेतुले समाजका विभिन्न क्षेत्रमा योगदान गर्ने लब्धप्रतिष्ठित व्यक्तिलाई निर्वाचन आयोगले विशिष्ट पर्यवेक्षकका रूपमा खटाएको थियो।

यही भावनाअनुसार प्रतिनिधि र प्रदेश सभा निर्वाचनमा मैले इन्सेकको तर्फबाट राष्ट्रिय पर्यवेक्षकको भूमिकामा प्रस्तुत भएर मतदान र मतदातामा निहित अधिकार प्रयोग भए नभएको पर्यवेक्षण गर्ने मौका पाएँ। सो क्रममा ललितपुर जिल्लाका विभिन्न ठाउँको पर्यवेक्षण गर्ने हाम्रो जिम्मेवारी थियो। निर्वाचनको तयारी, सुरक्षा प्रबन्ध अनि मतदातामा देखिएको कौतुहलता साँच्चै सकरात्मक उर्जा दिने खालका थिए।

परिवर्तनको आशा अनि त्यसले पार्ने दीर्घकालीन असरलाई मतदाताले स्वीकारेर त्यस आशालाई न्याय दिलाउन आफ्नो मत सक्षम उम्मेदवारलाई दिन आतुर रहेको सजिलै देख्न सकिन्थ्यो। कौतुहलता सबैको मुहारमा झल्किएको थियो। नझल्कियोस् पनि किन, आफूले कयौं वर्षसम्म भोगेका दुःख, सङ्घर्ष अनि वेदनाको अन्त्य निर्वाचनपछि गठन हुने सरकारले गर्ला भन्ने आशा सबैमा थियो। शक्तिको विकेन्द्रिकरणको व्यवस्था पहिलोपटक अनुभव गर्न पाइनु पनि जनताका लागि नौलो थियो। मतदान अधिकृत, प्रहरी, निर्वाचन सहयोगीहरू निर्वाचन प्रकृयालाई मतदातामैत्री बनाउन खटिएका थिए। निर्वाचनले उल्लासमय वातावरणको सिर्जना गरेको थियो र हेर्दा कुनै चाडबाड मनाएभन्दा कम थिएन।

निर्वाचनको तयारी, सुरक्षा, मतदानस्थलको अवस्थामा मतदान केन्द्र अनुसार फरक पाइयो। बडिखेलको पथ प्रदर्शक मावि मतदान केन्द्रमा मतदाताको भिड नियन्त्रण गर्न वा भनौं भने व्यवस्थित गर्न नसकिएको देखियो जसले गर्दा केही भइहालेमा समस्या पर्ने निश्चितप्राय: थियो। त्यस्तै, फुल्चोकी प्राथमिक विद्यालयमा भौगोलिक कठिनाइ देखियो जहाँ उकालो चढेर मतदान गर्नुपर्ने भएकाले अपाङ्गता, ज्येष्ठ नागरिकलाई, बिरामीलाई असहज भइरहेको थियो। गोदावरी तालिम केन्द्र व्यवस्थाका हिसाबले सबैभन्दा अब्बल देखियो जहाँ हरेका निर्वाचनसँग सम्बन्धित व्यक्ति र फरकफरक किसिमका मतदाताको लागि फरक लाइनको बन्दोबस्त थियो। हरिसिद्धिस्थित मतदानस्थलहरू केही साँघुरा र केही हदसम्म मतदान र मतदातामैत्री नभएको हो कि भन्ने भान भयो तर पनि हर कोशिस गरेर व्यवस्थित पार्न खोजिएको थियो।

लामो तयारीका बाबजुद पनि मतदाता शिक्षाको कमीले गर्दा अमूल्य मत खेर जाने डर जतातै सुन्न सकिन्थ्यो। प्रत्यक्षभन्दा समानुपातिकतर्फ मत दिँदा मतदातामा असहजता देखिएको मतदान अधिकृतहरूबाट थाहा पाइयो। यसकै कारणले गर्दा धेरै समय लागेको पाइयो।

प्रदेश तथा प्रतिनिधि सभाको निर्वाचनलाई सफल भएको मान्नुपर्दछ। छोटो समयको तयारी, विभिन्न पक्षहरूको विरोध आदिलाई पाखा लगाएर जनताको मन र मस्तिष्कको कदर गर्न सफल भएको मान्नु पर्दछ यो निर्वाचन।


## मुलुकको मानव अधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित

- मानव अधिकार वर्ष पुस्तक (नेपाली र अङ्ग्रेजी)
- मानव अधिकार सँगालो
- मानव अधिकारको ऐतिहासिक अवधारणा
- मानव अधिकार–प्रहरी–कानुन
- मानव अधिकार घोषणापत्र (सचित्र)
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- प्राची द्वैमासिक
- इन्फर्मल
- मानव अधिकार स्थितिसूचक (त्रैमासिक)
- इन्सेक अभियान (त्रैमासिक)
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
- सुरक्षासम्बन्धी कानुनी प्रावधान
- इन्सेक अनलाईन (www.inseconline.org)
- मानव अधिकार : ठूला नौ महासन्धि
- इन्सेकको दुई दशक
- विद्यालय पाठ्यक्रममा मानव अधिकार शिक्षा
- मध्यमाञ्चल : जनआन्दोलन र मानव अधिकार
- उनीहरू कहाँ छन् ? (अङ्ग्रेजी, नेपाली)
- Reflections : FK Exchange Programme

**लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।**

फिचर



कालीबहादुर मल्ल

# कुपोषणको जोखिममा कर्णालीका बालबालिका

विकट कर्णाली क्षेत्रमा कुपोषणको समस्या जटिल बन्दै गएको छ। कर्णाली क्षेत्रका कालीकोट, हुम्ला, जुम्ला, डोल्पा र मुगमा सरकारी तथा गैरसरकारी कार्यालयले खाद्य सुरक्षा तथा पोषणका दर्जनौं कार्यक्रम चलाएको भए पनि प्रभावहीन भइरहेका छन्। सरकारी तथा गैरसरकारी निकायले करोडौं रकम खर्च गरे पनि कुपोषण न्यूनीकरण हुन सकेको छैन। पोषणयुक्त खाना र चेतनाको अभावमा दुर्गमका बालबालिकाहरू भने कुपोषणको शिकार हुने क्रम रोकिन सकेको छैन।

कर्णालीमा सरकारी निकायका विषयगत कार्यालयबाट बालबालिकाको पोषण र सुरक्षाका लागि कार्यक्रमहरू सञ्चालनमा छन्। वर्षेनी करोडौं रकम खर्चेका छन्। अर्कोतर्फ गैरसरकारी संस्थाहरूले त झन दर्जनौं कार्यक्रम जारी राखेका छन्।

कुपोषणविरुद्ध कार्यक्रम सदरमुकाम र सुविधायुक्त स्थानमा केन्द्रित भइरहँदा दुर्गमका नवजात शिशु र बालबालिकाले प्राण नै त्याग्नुपर्ने अवस्था अहिले पनि कायमै छ।

आर्थिक रूपमा विपन्न र सामाजिक रूपमा पिछडिएको कर्णालीका अधिकांश बस्तीका नागरिक वर्षभर पेट भर्न पाउँदैनन्। छाक टार्ने मुस्किल हुने स्थानीयलाई पोषणयुक्त खाना केवल परिकल्पना मात्र छ। लामो समयदेखि कर्णालीमा पोषणसम्बन्धी वृद्धि अनुगमन, मातृशिशु तथा बाल्यकालीन पोषण, कृषि तथा खाद्य सुरक्षा आयोजना, बहुक्षेत्रीय पोषणयोजना, शीघ्र कुपोषण एकीकृत व्यवस्थापन कार्यक्रम, किशोरीलाई आइरन चक्की वितरण, सुनौला हजार दिन सञ्चार अभियान र सर्वोत्तम लिटो वितरण कार्यक्रम सञ्चालन भइरहेका छन्। हरेक जिल्लामा सञ्चालनमा रहेका यी कार्यक्रमका लागि थुप्रै रकम खर्च भएको छ।

**कर्णालीमा कुपोषणको अवस्था**

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार कालीकोटमा ६३ प्रतिशत बालबालिका कुपोषित छन्। जिल्लामा विभिन्न परियोजनाहरू सञ्चालनमा रहे पनि बालबालिकाहरू कुपोषणको जालोबाट मुक्त हुन सकेका छैनन्। यस्तै हुम्लामा पछिल्लो समय संयुक्त राष्ट्रसंघीय बाल कार्यक्रम ( युनिसेफ) को आर्थिक सहयोगमा सञ्चालित एक कार्यक्रमले स्क्रिनिङ गरेका जिल्लाका चार हजार दुई सय २३ बालबालिकामध्ये एक हजार तीन सय ७९ अर्थात् ३२ दशमलब ५६ प्रतिशत बालबालिका कुपोषित भएको पाइएको छ।

मुगुमा भने ६१ प्रतिशत बालबालिका कुपोषित छन्। जिल्ला स्वास्थ्य कार्यालय मुगुकाअनुसार वार्षिक तथ्याङ्क अनुसार तीन महिनाभन्दा माथि पाँच वर्षमुनिका बालबालिकामा कुपोषणको समस्या छ।

यस्तै डोल्पामा ११ प्रतिशत र जुम्लामा नौ प्रतिशत बालबालिका कुपोषणमा छन्। यी जिल्लामा पोषणका लागि अभियानहरू अहिले पनि जारी छन्। तर पनि बालबालिकाहरू यसबाट मुक्त हुन सकेका छैनन्।

**महिनामा तीन बालिकाको मृत्यु**

यो आर्थिक वर्षमा कुपोषणकै कारण



**कर्णालीमा कुपोषणको समस्या हुनुको मुख्य कारण पोषिलो खानाको अभाव नै हो। अर्कोतर्फ पोषणयुक्त खानामा ध्यान नदिनु, सरसफाइमा कमी र जनचेतनाको अभावका कारण पनि बालबालिका कुपोषणको शिकार भएका हुन्। कोदो, मकै, फापर, भटमास, जौ, स्याउ, ओखर जस्ता खाद्यान्न र फलफूलको महत्व बारे धेरै अनभिज्ञ छन्। सञ्चार माध्यमले पनि चामल मात्रै खाद्यान्न हो भन्ने जसरी समाचारहरू प्रकाशन प्रसारण गर्नु र सरकारी तथा गैरसरकारी निकायले समेत स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न तथा फलफूलको महत्वका बारेमा जनचेतना फैलाउने तर्फ ध्यान नदिनु कुपोषण रोकथाम नहुनुको कारण हो**

गत चैत महिनामा रास्कोट नगरपालिका सिप्खाना-२ कोलीगाउँकी १४ महिने बालिका सुशीला योगी, रास्कोट नगरपालिका स्युना-५ बङ्गालाकी एक वर्षीया कोपिला फर्साल र तिलागुफा नगरपालिका १० राचुँलीकी मनसरा चदाराँको मृत्यु भयो। यो त केवल बाहिर सार्वजनिक भएको तथ्याङ्क मात्र हो। कतिपय घटनाहरू बाहिर आउँदैनन्। यसले पनि कुपोषणका कारण ज्यान गुमाउनेको सङ्ख्या बढी हुने अनुमान गरिएको छ।

शीघ्र कुपोषणको एकीकृत व्यवस्थापन कार्यक्रम लागु गरी कुपोषण न्यूनिकरणको प्रयास गरिएको जिल्ला स्वास्थ्य कार्यालयले जानकारी दिएको छ। हाल जिल्लामा दुई वटा बहिरंग सेवा केन्द्र थप गरी १० वटा बहिरंग सेवा केन्द्र विस्तार गरिएको जिल्ला अस्पताल कालीकोटका प्रमुख कौशल अलीले बताए। "धौलागोह, स्युना, मेहेलमुडी रकु, कुमालगाउँ, राँचुली, गेला स्वास्थ्यचौकी र जिल्ला अस्पतालमा बहिर उपचार केन्द्र सञ्चालन गरिएको छ" उनले भने।

सुकाटियामा १६ जना कडा शीघ्र कुपोषित बालबालिकालाई उपचार दिइरहेको जिल्ला स्वास्थ्यका पोषण सम्पर्क व्यक्ति कटकबहादुर महतले बताए।

### मुगुका बालबालिका थप जोखिममा

मुगुमा कुपोषणको अवस्था भयावह छ। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक तथ्याङ्क अनुसार तीन महिना भन्दामाथि पाँच वर्षभन्दा तलका ६१ प्रतिशत बालबालिका कुपोषित छन्। जिल्लाका साविकका जिमा, रोवा, भीइ, फोतु, नार्थपु, कार्कीबाडा, माग्री, सेरी, गम्था, ह्याङलु गाविसका बालबालिका कुपोषणले ग्रसित छन्। साविकको रुगा गाविसमा कुपोषित बालबालिकाको सङ्ख्या उच्च छ।

जिल्लामा कुपोषणको अवस्था निकै डरलाग्दो रहेको र न्यूनिकरण गर्न नसकिएको जिल्ला स्वास्थ्य कार्यालय अधिकृत सरोज अधिकारी स्वीकार गर्छन्। "अब कडा रूपमा कार्यक्रम लागु गर्न आवश्यक छ, अहिलेकै अवस्थामा कुपोषण न्यूनिकरण हुन सक्दैन" उनले भने, "कुपोषण न्यूनिकरणमा हामीले कुनै कसर बाँकी राखेका छैनौं, तर अब थप बल लगाउनुपर्ने अवस्था आयो।" कुपोषित बालबालिका जोगाउनै मुस्किल भइरहेको भन्दै उनले अब एकीकृत कार्यक्रम आवश्यक रहेको बताए। कुपोषण विरुद्ध अब स्थानीय सरकारले पनि ठोस कार्यक्रम सञ्चालन गर्नसक्ने उनको अनुमान छ।

### कुपोषणका कारण

कर्णालीमा कुपोषणको समस्या हुनुको मुख्य कारण पोषिलो खानाको अभाव नै हो। अर्कोतर्फ पोषणयुक्त खानामा ध्यान नदिनु, सरसफाइमा कमी र जनचेतनाको अभावका कारण पनि बालबालिका कुपोषणको शिकार भएका हुन्। कोदो, मकै, फापर, भटमास, जौ, स्याउ, ओखर जस्ता खाद्यान्न र फलफूलको महत्त्वबारे धेरै अनभिज्ञ छन्। सञ्चार माध्यमले पनि चामल मात्रै खाद्यान्न हो भन्ने जसरी समाचारहरू प्रकाशन प्रसारण गर्नु र सरकारी तथा गैर सरकारी निकायलेसमेत स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न तथा फलफूलको महत्त्वका बारेमा जनचेतना फैलाउनेतर्फ ध्यान नदिनु कुपोषण रोकथाम नहुनुको कारण हो भन्छन् ग्रामीण स्वास्थ्य क्षेत्रमा कार्यरत किशोरकुमार रावल।

"कुपोषणको अवस्था भयावह हुनुमा खानपानको कमी नै हो" उनले भने, "स्थानीय बालीलाई प्रयोग गरेर कुपोषणमा कमी ल्याउन सकिन्छ।" कर्णालीमा चामल पुगेन, कर्णालीवासीले भात खान पाएनन् जस्ता समाचारले मात्रै सञ्चारमाध्यममा स्थान पाइरहेको भन्दै यसको सट्टा स्वास्थ्यवर्द्धक स्थानीय बाली, फलफूल र कन्दमुलको महत्वसम्बन्धी समाचार र विचारमार्फत गाउँगाउँमा चेतना फैलाउन आवश्यक रहेको पनि रावलले बताए।

कर्णालीका बालबालिकामा हुने कडा खालको कुपोषणको उपचारका लागि स्थानीय स्वास्थ्य चौकीहरूमा बहिरंग सेवा सञ्चालन ल्याइएको छ। सरकारले पहिलो चरणमा अञ्चलभरीका ५० स्वास्थ्य चौकीमा कडा कुपोषणको शीघ्र उपचारको लागि बहिरंग सेवा केन्द्र स्थापना गरेको छ। अहिले सरकारी तथा गैर सरकारी संस्थाहरूले कुपोषणमा कमी ल्याउन गर्भवती महिलालाई कुखुरा वितरण, बच्चाहरूलाई सर्वोत्तम पिठो वितरण लगायतका विभिन्न कार्यक्रम पनि सञ्चालन गरिरहेका छन्।

कथा

# उमङ्गरहित उत्सव



आत्माराम शर्मा पुडासैनी

..... उसको विवाह भएको तेस्रो महिना पनि नबित्दै शिला ट्रक डाइभरसँग पोइल गई। ऊ हिडेँ देखि उदासिएको विक्रम कहिल्यै खुसी हुन सकेन। उसको यही उदासीपन र शिलासँगको प्रेम प्रसंगले घायल बनेकी सरिता भाउजुले अन्तत : एक वर्ष पछाडि विक्रमलाई छोडेर हिँडिन्। धेरैपछि अफिसको साथी मार्फत मैले थाहा पाएँ- सरिता भाउजु आफ्नो पूर्व प्रेमीसँग सौतामाथि गइन् र उनी त्यहाँ पनि खुशी छैनन्।

असफल प्रेमले घाइते बनेको विक्रम सरीता भाउजुले छाडेर गएपछि उसले कुनै पनि स्वास्नी मानिसको अनुहार हेरेन। यसबीचमा विक्रमले दुवै बहिनीको विवाह गरिदियो। पढाइमा लगनशील र मेहनती बहिनीहरूले जागिर खाए र राम्रो घर केटो पनि पाए। डिभी परेर अमेरिका गएको भाइले उतै घरजम गऱ्यो।

सबैको राम्रो बन्दोबस्त र घरजम भएकोमा विक्रमकी आमा जति खुसी थिइन्। उसको घरजम हुन नसकेकोमा उति नै गहिरो शोक र चिन्तामा थिइन्। जेठो छोराको पीर र चिन्ताले उनको दिमागको सन्तुलनसमेत बिग्रियो। यही कारणले गर्दा दुई वर्ष अगाडि पशुपतिबाट फर्किंदै गर्दा उनको दुर्घटनामा परेर निधन भयो। यसपछि एक्लै बस्दै आएको विक्रमको आज १४ वर्ष पछाडि पुन : अर्को केटीसँग विवाह हुँदै थियो।

४५ वर्ष पार गरिसकेको विक्रमले यतिका वर्षसम्म दोस्रो विवाह गर्न रुचि देखाएन। केही महिना यता उसले एक्कासि विवाह गर्न रुची देखायो। यस पछाडि अर्को उपकथा छ। आमाको देहान्तपछि उसले आफूलाई नितान्त एक्लो महसुस गऱ्यो। यही मात्र कारण हो भन्न पनि मिल्दैन। केही महिना अगाडि विक्रमकै ढिपीले गर्दा हामी दुवै नौविसे गएका थियौँ। हामीले त्यहाँ शीलालाई भेट्यौ। त्यहाँ पुगेपछि मलाई थाहा भयो यस अगाडि पनि शीलालाई भेट्न ऊ एक्लै आएको रहेछ।

विवाह गरेर एउटा भक्कुको छोरा पाए पछि लोग्नेले उसलाई सौता हालेछ। ड्राइभर श्रीमानले क्याम्पस पढ्ने अर्की केटी ल्याएपछि, ऊ लोग्ने छोडेर नौविसेमा होटल खोलेर बसेकी रहिछ। हामी गएको दिन शिलाले विक्रमलाई ठट्टा गर्दै भनेकी थिइ- काजीसाव हामीलाई कहिले भोज खुवाउने ? विक्रमले मुसुक्क हाँस्दै भनेको थियो -“केटी खोज अनि भोज खुवाउँला”। कुरै कुरामा त्यही दिन उनीहरूले केही समय गोप्य कुरा पनि गरेका थिए।

मनमा कुरा खेलाउदा खेलाउँदै म गौरीघाट पुगेछु। विवाहको भीड भाड र रौनक गोरीघाटदेखि नै गम्केको थियो। मठ, मन्दिर शत्तल र नदी किनार, जतातत्तै विवाहका जग्गे देखिन्थे। सबैलाई विवाहको हतारो र चटारो देखिन्थ्यो। मान्छेहरू, आ-आफ्ना दुलाह दुलही खोज्दै घुमिरहेका थिए। राम्रा र दामी कपडामा सजिएका मनिसहरूको उमंग र उत्साह नियाल्दै म गुजेश्वरी मन्दिरसँगैको शिवालय भित्र पसे।

माघ महिनाको अन्तिम लगन भएर होला गुजेश्वरी मन्दिर त्यस आसपास विवाहको घुइचो पशुपतिको मेला जस्तै थियो। शिवालय भित्र त्यति सानो ठाउँमा पनि चारवटा मण्डपमा विवाह हुँदै थियो। पहिलो जग्गेमा विक्रमलाई हेरेँ देखिनँ, दोस्रोमा पनि थिएन। तेस्रो जग्गेमा उसलाई देखेँ। दुलाहा दुलही दुवै हात जोडेर उत्तर फर्केर बसेका थिए। उनीहरूको नजिकै धुवाँ उडिरहेको थियो। एकाएक हामी दुवैको आँखा जुधे। आँखाको इशाराले उसले मलाई नजिक आउ भन्यो। हुन्छ भनेर मैले टाउको हल्लाएँ।

उसँगै कुर्सीमा गएर बसेँ। दुलाहा दुलहीले पासा खेल्ने समय हुनै लागेको रहेछ। केही समयपछि दुवैले पासा खेले। त्यहाँ दुलाहा दुलहीलाई जिस्क्याउने र ठट्टा गर्ने कोही थिएन। सबै चुपचाप र शान्त भएर दर्शक बनेका थिए। दुवै पक्षका गरी करिव पचास पचपन्न जना सहभागी रहेको विवाह मण्डपमा मैले पण्डित बाहेक कसैको अनुहारमा पनि उमङ्ग र खुशी देखिनँ।

विक्रमसँग सामान्य कुराकानी भएपछि मलाई पुन: चुरोटको तलतल लाग्यो र त्यहाँबाट उठेर गुजेश्वरी मन्दिर पछाडि गएँ। चुरोट छोडेको भएर होला अरुको अगाडि बुङबुङती धुवाँ उडाउन अप्ठेरो लागेर म एकान्तस्थल खोज्दै त्यहाँ गएको थिएँ। अचानक विक्रमको दुईजना बहिनीहरूसँग भेट भयो। उनीहरू आपसमा विक्रमका कुरा गर्दै विलौना गर्दै रहेछन्। दुवैका आँखा रसिला थिए। मलाई भेटे पछि दुवैले आँशु झार्दै भने -“आराम दाजु माइतीको विजोग देख्दा दिक्क लाग्दो रहेछ। हाम्रा छोराहरूको ब्रतबन्ध गर्ने बला भइसक्यो। दाजुको भर्खर विवाह हुँदैछ। कतै माइतीको ढोका बन्द हुने होकी भन्ने लागेर पेट मतभती पोल्छ।”

उनीहरूको दुखेसोमा मैले कुनै प्रतिक्रिया जनाइनँ चुपचाप उभिरहेँ। त्यही क्षण अर्को बहिनीले भनिन् -“४५ वर्ष पुगेको दुलाहा र ४० वर्ष नाघेकी केटी दुलही बनेको पटक्कै सुहाउँदो रहेनछ।”

माइतीको बिग्रँदो अवस्थाले गर्दा उनीहरूको चऱ्याइरहेको मनलाई केही सान्त्वना दिएर त्यहाँबाट हिडेँ। पर पुगेर फेरि फर्केर हेरेँ - उनीहरू त्यही बसेर आँशु पुछ्दै थिए। त्यहाँबाट म विश्वरूप तर्फ उक्लिए त्यहाँ विक्रमका दुईजना मामाहरूसँग भेट भयो।

घाम र छायाँ दुवै भएको रूखको छहारीमा बसेर उनीहरू चुरोटको धुवाँ उडाउँदै रहेछन्। विक्रमको कान्छो मामाले मलाईसँगै बस्न बोलाए। उनी मेरा बाल्यकालदेखिका परिचित र समकालीन थिए। उनीहरूबीच विक्रमकै विवाहको बारेमा कुरा हुँदै रहेछ। आफ्नो भान्जाको उमेर घड्किसकेपछि पुन: दोस्रो विवाह भएकोमा मैलै कुनै रमाइलोपन देखिनँ। त्यही क्षण विक्रमको कान्छो मामाले केही महिना अगाडि उनीसँग गरेको गोप्य कुरा खोल्दै भने- “आरामजी दुई महिना अगाडि विक्रमले शीलालाई ल्याउँदा के हुन्छ होला मामा ?” भनेर मलाई सोधेका थिए।

उनको कुरा सुनेर म छक्क परेँ। ठूलो मामाले फेरि मलाई कोट्याउँदै भने -“होटल भट्टी पसल खोलेर ड्राइभर कण्डक्टरसँग इतरिने

बानी परिसकेकी स्वास्नी मानिसले घर गरि खान्छन त ? फेरि आफ्नो जात कूल खान्दानको पनि विचार गर्नु पर्‍यो नि होइन त आराम बाबु ? यो कुरा सुनेर मैले भान्जालाई बेसकन झपारिदिएँ।"

बाबुसँग विक्रमले केही कुरा गर्थे कि ? मेरो अनुहार हेर्दै उनले मलाई प्रश्न गरेँ।

मैले अनभिज्ञता प्रकट गरे।

उनले दोहोराएर सोधेँ - "बाबु आराम १ पाँच/सात वर्षदेखि होटल चलाएर आफ्नै दुनियाँमा रमाएकी त्यो गुरुङ्नीसँग विक्रमको जीवन बित्ला त बाबु?" चुरोटको लामो सर्को तानेर धुवाँ उडाउँदै र मेरो अनुहार हेर्दै उनीहरूले प्रश्न गरे।

कुरा ठीकै हो मात्र भनेँ अरू कुनै प्रतिकृया मैले जनाइनँ। उसको बारेमा हामी बीच कुरा हुँदै थियो। दुलही पट्टीका कोही हामीलाई खोज्दै आएका रहेछन्। उनीहरूले खाना खान जाऊँ भन्दै हामीलाई उठाए। तिनै मान्छेको पछि लागेर खान गयौँ। म खाँदै थिए अफिसबाट मेरो जरुरी फोन आयो। विक्रमलाई सूचना दिएर म दौडिएँ।

साँझ अफिस छुटेर घरतर्फ फर्कँदै थिएँ। विक्रमले मलाई फोन गर्दै भन्यो - "दुलही अन्माउने समय हुन लाग्यो, चाँडै आउन।"

उत्साहरहित अमिलो मन लिएर म त्यहीबाट फरक्क फर्किए र पुन गुजेश्वरीतर्फ लागेँ। त्यहाँ पुग्दा साँझ पर्दै थियो। दुलाह/दुलही जग्गेमा घुम्दै रहेछन्। मैले मण्डपमा नियाले हेरेँ दुलहीपट्टी पाँच/सात जना र दुलाहा पट्टि चार/पाँच जनामात्र थिए। एउटा मोटरमा दुलाहा दुलही र अर्को ट्याक्सीमा हामी जन्ती बस्यौँ। साँझ सात बजे दुलाहादुलहीलाई घरमा प्रवेश गराएर म आफ्नो घर तर्फ लागेँ।

दिनभरीको दौडादौडी र धपेडीले खलतरान परेको शरीर मनतातो पानीले हात गोडा धोएपछि केही हलुका भयो। केही समय आराम गर्न म कौशीमा निस्किएँ र कुर्शीमा थचक्क बसेँ। पूर्णिमाको अघिल्लो रात भएकाले आकाशमा जुनको टहटह हेर्दै विक्रमलाई सम्झिरहेको थिएँ। त्यस क्षण मेरो भित्री मनले भन्यो -"विक्रम तिम्रो दाम्पत्य जीवन यही पुर्णिमाको शितल जुन जस्तै अटल भएर फैलिरहोस् "।

उसको बारेमा म मनमनै यस्तै कामना गरिरहेको थिएँ। दुई तीन पटक खाना सेलायो भन्दै छोराले बोलायो र भान्छामा गएँ।

जीवनकै सबै भन्दा नराइलो र उमङ्गरहित विवाहको बारेमा श्रीमती र मेरो बीचमा त्यसरात लामो गन्थन भयो। उनी जग्गेको उराठ वातावरण दखेर दिक्क मान्दै एक घण्टा बसेर फर्किछन्। उनले त्यही क्षण फेरि भनिन् -"मात्र औपचारिकतामा सम्पन्न भएको विवाह रमाइलो लाग्दो रहेनछ।"

दिनभरिको कुदाकुदले लखतरान भएको शरीर कुरा गर्दा गर्दै कति खेर निदाएँ केही थाहा पत्तै भएन। सधै उठ्ने समयमा निद्रा खुल्यो र विहान पाँच बजे म मर्निङवाकको लागि निस्किएँ।

गोकर्णको मन्दिर परिक्रमा सकेर जगडोलको उकालो उक्लदै थिए- विक्रमले मोवाइलमा फोन गर्दै सोध्यो - अहिले तिमी कहाँ छौ ?

गोकर्णबाट फर्किदै छु। अ....भनन् के छ तिम्रो खबर ? मैले हास्दै सोधे। उसले अक्मकिदै मलाई भन्यो - "पर्सि शनिवार नौबिसे जाउँ है ।"

मैले अलि ठूलो स्वरमा सोधे- किन जाने ? के काम छ ?

यो वाक्य मैले दुई तीन पटक दोहोराएर सोधे- विक्रम बोल्दै बोलेन।

मैले हेलो, हेलो, भन्दा भन्दै उसले मोवाइलको स्वीच अफ गर्‍यो।

त्यस दिनदेखि स्वीच अफ भएको उसको मोवाइल आजसम्म पनि खुलेको छैन।

*चाबहिल, मैजुबहाल*


**मानव अधिकार र सामाजिक न्यायसँग सम्बन्धित विविध विषयवस्तुहरू समेटेर तयार गर्ने गरिएको**

**मानवअधिकार शिक्षा कार्यक्रम**

**रेडियो नेपालको मिडियम वेभ प्रशारण र रेडियो नेपालका आफ्नै एफएम स्टेशनहरू ९८, १०० र १०३ मेगाहर्ज (२१ ओटा) बाट आइतबार बिहान ८:१५ बजे प्रशारण हुन्छ।**

**त्यसैगरी यो कार्यक्रम कार्यक्रम प्रशारणकै समयमा रेडियो नेपालको वेभसाइट** www.radionepal.gov.np **बाट र**

**आफूले चाहेका बेला**

www.insec.org.np,

www.inseconline.org,

www.nepalmediaonline.com

**लग अन गरी सुन्न र डाउनलोड गर्न सक्नुहुन्छ।**



# कारागारमा निर्मित वस्तुहरूले बजार पाएन

खाँदबारी कारागारका कैदीबन्दीहरूले उत्पादन गरेको सामानहरूले बजार नपाएपछि बिक्री भएका छैनन् । कारागारभित्र प्रशस्त मात्रामा सामानहरू उत्पादन गरिए पनि बजारमा बिक्री नभएपछि सामानहरू थुप्रिएका छन् ।

कारागारभित्र ३५ जना कैदी बन्दीले मुडा, टोपी, घरेलु साडी, जाल, नाम्लोलगायतका सामानहरू उत्पादन गर्छन् । तर, उत्पादित वस्तुहरू कारागारको ढोका बाहेक अन्यत्र लगेर बिक्री गर्न सकेका छैनन् । उत्पादित सामानहरू एक जनाले सङ्कलन गरेर गेटबाट नै बिक्री गर्नको लागि राख्दै आएका छन् । तर, ठूलो मात्रामा उत्पादन गरिएका सामान गेटबाटै बिक्री गरिसक्ने सम्भावना नरहेको सङ्कलक बुद्धिमान नेपाली बताए ।

सङ्कलन गरेका सामानहरू बापत उत्पादकहरूलाई ठूलो रकम दिनुपर्ने तर बिक्री भने थोरै हुने नेपालीले दुःखेसो पोखे । उत्पादन गरिएको सामग्रीहरू बिक्री गर्न नसक्दा थुपारेर राख्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ । 'उत्पादकहरूलाई सामानको पैसा दिनै पर्‍यो, बेचेर साध्य छैन, बाहिरबाट पैसा मगाएर उत्पादकहरूलाई दिँदैछु ।'-सामग्री सङ्कलक नेपालीले भने ।

कारागारमा उत्पादन गरिएको सामानहरू कोही व्यापारीले लगेर बोचिदिए राम्रो मूल्य पाउने केही बन्दी बताउँछन् । कुनै व्यक्ति तथा सङ्घसंस्थाले उत्पादित सामानहरू लगेर बेचिदिए उनीहरू र आफूहरूलाई पनि राम्रो हुने ढाका उत्पादक शुक्र तामाङले बताए । कोही कसैले सामान बजारमा लगेर बेचिदिए राम्रो हुने उनको पनि भनाइ छ ।


कारागारको क्षमता बढाएसँगै फराकिलो ठाउँ भएपछि उत्पादनको परिमाण पनि बढेको कारागारका जेलर विनोद अधिकारीले बताए । यस भन्दा अघि स्थानीय व्यापारीहरूसँग कुरा गरेर केही सामानहरू बिक्री गर्न पठाइएको बताउँदै अब थप के गर्न सकिन्छ सो को बारेमा पहल गर्ने अधिकारीको भनाइ छ ।

कोही व्यापारीहरूले नै कारागारबाटै सङ्कलन गरेर लगे अझ उत्पादन बढ्न सक्ने समेत अधिकारीले बताए । 'खासै बिक्री हुँदैन भन्दै कैदीबन्दीहरूले उत्पादनमा कम चासो दिएका छन् । बिक्री हुने निश्चित भए उत्पादन बढ्छ ।'-अधिकारीले भने ।

खाँदबारी कारागारमा अहिले ७ जना महिला र ९७ जना पुरुष गरी १ सय ४ जना कैदी बन्दीहरू छन् । उनीहरू मध्ये अधिकांश केही न केही उत्पादनमूलक कार्यमा व्यस्त छन् भने कोही सिक्ने क्रममा छन् । सुधार गृहको रूपमा लिइएको कारागारमा उत्पादन गरिएको सामग्रीलाई उचित व्यवस्थापन गर्न सके राम्रो अर्थोपाजन हुन सक्ने देखिएको छ ।

*बाबुराम बास्तोला*

## पुस्तक समीक्षा




'रजगज' भ्रष्टाचारका बारेमा अध्ययन अनुसन्धान गरेर प्रकासन गरिएको पठनीय तथा सङ्ग्रहणीय पुस्तक हो। पुस्तकमा लेखक हरिबहादुर थापाले शासन व्यवस्था कसरी गुणात्मक क्षयतर्फ जाँदै छ भन्ने बारेमा विस्तृत उदाहरण दिएका छन्।

भ्रष्टाचार विकासको एक्लो बाधक हो जसले विधिको शासनको धज्जी उडाउँछ र सेवाप्रवाहमा संलग्न सबै सार्वजनिक संस्थाहरूलाई निकम्मा बनाउँछ। भ्रष्टाचार पहिला मौलाउँछ पछि फैलिँदै जान्छ र त्यसपछि समाजमा जरा गाडेर संस्थागत हुँदै जान्छ। व्यक्तिगत तवरमा हुने यो सङ्क्रमणले छोटै अवधिमा महामारीको रूप लिन्छ। नेपाल निर्माण भएदेखि शाहवंशीय राजाहरू र राणाकालीन शासन व्यवस्थाले बीजारोपण गरी हुर्काएको परम्परा पञ्चायत हुँदै बहुदलकाल र लोकतान्त्रिक गणतन्त्रका कति बेगिलो भई प्रसारण भयो भन्ने विवरण लेखकले चोटिलो रूपमा पेस गरेका छन्। लेखकले इतिहासका घटना-परिघटनाहरू पनि प्रमाणसहित उल्लेख गरेकाले अनुसन्धानमा उनको रुचि प्रस्ट देखिएको छ।

नौ उपशीर्षकमा लेखिएको रजगजका सबै विषयहरू भिन्नाभिन्नै प्रसङ्गमा लेखिएका भ्रष्टाचार र सत्ता दुरुपयोगका ज्वलन्त उदाहरण हुन्। अवसर पाउँदा गरिने भ्रष्टाचारभन्दा पुस्तकमा 'सिस्टमेटिक' भ्रष्टाचारको वर्णन गरिएकाले कसरी हाम्रा संस्था र प्रक्रियाहरू ध्वस्त बनाइए भन्ने कुरा छर्लङ्ग हुन्छ। सत्ताको दुरुपयोग गरी शक्ति बढाउने बदलाको भावले गठित शाही आयोगदेखि सत्ता टिकाउन राज्य कोषको प्रयोग गरी सांसद खरिद-बिक्री र उपचारको बहानामा बैंकक पठाइएका घटनासमेत यसमा समेटिएका छन्। दरबारियाहरू शीर्षक राखिएको उपशीर्षकमा राजाले सबै दलहरूलाई समन्वय गरी असल शासन व्यवस्था दिनुपर्नेमा राजसंस्था नै तटस्थ नरही बदलाको भावले प्रेरित रही दलहरूमा फाटो ल्याउने र आफूले मन नपराएकाहरूमाथि कारबाहीको त्रास देखाएको सजीव वर्णन लेखकले रोचक ढंगले प्रस्तुत गरेका छन्। शक्ति हत्याएर सर्वेसर्वा हुने लोभमा गैरसंवैधानिक संस्थाहरू खडा गरी ठूलै कालखण्ड षड्यन्त्रमा व्यतीत भएको यथार्थ छवि चित्र यस खण्डमा छ। जनताको विश्वास राजसंस्थाप्रति क्षय हुँदै जानुमा यिनै षड्यन्त्रहरूको भूमिका रहेको देखिन्छ। राष्ट्रिय ढुकुटी दोहन गरी निजी फाइदा लिन पनि उपयुक्त समय रोजेको र तात्कालिक मन्त्रिपरिषद्लाई गोटी बनाउन खोजेको घटनालाई लेखकले जस्ताको तस्तै वर्णन गरेका छन् लेखकले।

यसैगरी अर्को उपशीर्षकमा प्रजातन्त्रका लागि प्राणै दिन तत्पर, सङ्घर्षशील र खाँटी राजनीतिक पात्रले समेत मन्त्रीको कुर्सी पाएसँगै अथाह नाटकीय हिसाबको सम्पत्ति जोडाइ, त्रिशङ्कु संसदको कालखण्डपछि उनको सम्पत्ति ह्वात्तै बढ्ने क्रम सुरु भएको र राज्यमन्त्री भएपछि छोरा र श्रीमतीका नाममा काठमाडौं र चितवनमा घरघडेरी जोडिएको, प्राडो गाडी जोड्न पछि नपरेको प्रसङ्गबाट पनि पदमा बसेपछि कसरी पदको दुरुपयोग गरी धन आर्जन गर्न तत्पर रहने विषय जानकारी गराउन खोजिएको छ।

लेखकले यस पुस्तकलाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरे पनि भ्रष्टाचारको फरक रूप देखाउन खोजेको बुझिन्छ। जस्तोसुकै स्रोत र साधनको सम्भावना भए पनि देशलाई भित्रभित्रै खोक्रो बनाइरहेको भन्ने सन्देश देश हाँक्ने हस्तीहरूलाई यस पुस्तकमार्फत लेखकले दिन खोजेका छन्। शाहवंशीय राजाहरूको शासन, राणाकालीन शासन व्यवस्थादेखि पञ्चायतकालीन, बहुदलीय र लोकतान्त्रिक गणतन्त्रको समयमा गरिएको विभिन्न भ्रष्टाचारका विषयवस्तुलाई खोज र अनुसन्धान गरी प्रकाशित यो पुस्तकले नेपाली समाजमा व्याप्त भ्रष्टाचारलाई उजागर गर्ने प्रयास गरेको छ।

लेखकले भ्रष्टाचार नियन्त्रण गर्ने काम केवल अख्तियार या अदालतको मात्र नभई वास्तविक लोकतान्त्रिक शासन पद्धतिमा भ्रष्टाचारविरुद्धको लडाइँको नेतृत्व लोकतान्त्रिक पद्धतिलाई लोकप्रिय बनाउँदै अघि बढाउने जिम्मा लिएका सरकार र राजनीतिक दलले लिनुपर्ने कुरालाई पनि जिकिर गरेका छन्।

पुस्तकमार्फत लेखकले भ्रष्टाचार गरेकाहरूले फेरि पनि शासन सत्तामा रजगज गर्न नसकून् र भ्रष्टाचार गर्न लागेकाहरूले पनि एकपटक सोच्न बाध्य होउन् भन्ने ध्येय राखेको देखिन्छ। पुस्तकको अध्ययनपछि कुन ओहदा र तहबाट कहाँ, कस्तो, कुन कुन क्षेत्रमा कसरी भ्रष्टाचार भयो भन्ने छर्लङ्ग हुन्छ।

पुस्तकको नाम: रजगज
पृष्ठ: ३५४
मूल्य: रु. ४८८
प्रकाशक: फाइनप्रिन्ट बुक्स

***समीक्षक: गीता माली***

अन्तर्वार्ता

# केन्द्रीय सरकारले स्वायत्तता र स्वशासनको अपमान गरेको छ

**जिल्ला विकास समिति महासङ्घका पूर्वअध्यक्ष कृष्णप्रसाद सापकोटा संविधानसभाका सभासद् हुनुहुन्छ। प्रस्तुत छ स्थानीय शासनका विज्ञ समेत रहनुभएका सापकोटासँग रमेशप्रसाद तिमल्सिनाले गर्नुभएको कुराकनीको सम्पादित अंश।**



**पहिलोपटक हामी प्रादेशिक संरचनाको अभ्यास गर्दैछौँ। सवैधानिक र व्यवहारिक रूपमा यसको अभ्यासलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ?**

निश्चय पनि सङ्घीयता नेपालको लागि नौलो विषय हो। संसारका ३० वटा मुलुकमा अहिले सङ्घीय शासन व्यवस्था छ। विश्वका ४० प्रतिशत नागरिकले सङ्घीयताको अभ्यास गरेका छन्। हामी पनि ४० प्रतिशत भित्र समेटिन्छौँ। स्वभाविक रूपमा सङ्घीयताका सार र रूप देशैपिच्छे फरकफरक छन्। कतै समान पनि छन्। सङ्घीयताको सार पक्ष भनेको प्रत्येक तहगत सरकारमा सार्वभौमिकता र राजकीय सत्ताको बाँडफाँड हो। तहगत सरकारहरू स्वःशासित पनि हुन्छन्। साझा ढङ्गले पनि शासन गर्छन्। अर्थात मिलेर पनि गर्छन्। आआफ्नो ढङ्गबाट संविधानले प्रदत्त गरेका अधिकारहरू पनि प्रयोग गर्छन्। हाम्रोमा पनि त्यही ढङ्गले सार्वभौमिकता र राजकीय सत्ताको तीनै तह (सङ्घ, प्रदेश र स्थानीय) मा बाँडफाँड भएको छ। अहिले तहको हिसाबले तीन ओटा भए पनि सरकारका हिसाबले ७ सय ६१ ओटा सरकार हुन्छन्। ७ सय ६१ ओटै सरकार स्वःशासित छन्। स्वायत्त छन्। अर्को हिसाबले भन्दा हामी सहकार्यात्मक सङ्घीयताको अभ्यास गर्दैछौँ। संविधानको अनुसूचीहरूमा साझा अधिकार पनि उल्लेख गरिएको छ। अनुसूची ७ र ९ ले तहगत सरकारका अधिकारहरू साझा ढङ्गले प्रयोग गर्ने भन्ने व्यवस्था पनि छ। यिनै आधारमा हामीले अभ्यास गर्ने हो।

**समानिकरण, सशर्त, विशेष र समपूरक अनुदान दिने कुरा सवैधानिक व्यवस्था हो। अहिले समानिकरण अनुदान र सशर्त अनुदान मात्रै स्थानीय तहलाई दिएको छ। विशेष अनुदान र समपूरक अनुदान त दिएकै छैन। संविधानको व्यवस्था कसरी कार्यान्वयन गर्ने हो। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठनको काम पहिला गर्नु पर्थ्यो। यो संविधानले गरेको व्यवस्था हो। त्यसले प्रत्येक तहका सरकारका कार्यबोझ निर्धारण गरेर वित्त अधिकार कति चाहिन्छ भनेर निर्धारण गर्नुपर्थ्यो। वित्तिय सङ्घीयताको सिद्धान्तले 'फाइनान्स फलो द फङ्शन' भन्छ। समग्रमा भन्नुपर्दा केन्द्रीय सरकार हर ठाउँमा हावी हुन खोजेको छ। केन्द्रीय सरकारले स्वायत्तता र स्वशासनको अपमान गरेको छ।**

**सरकारका सन्दर्भमा हिजो र आजमा के फरक छ त ?**

हिजो के थियो भने कार्यकारिणी आदेश र निर्णय गर्थ्यो। कार्यकारी अधिकारहरूको प्रयोग गर्थ्यो। केन्द्रीय संसदले नै कानुनहरू निर्माण गर्थ्यो। अहिले संविधानले सूचीकृत गरेका आआफ्ना अधिकारहरू प्रयोग गर्न प्रत्येक सरकारले आफैँले नीति बनाउँछन्। आफैँ कानुन बनाउँछन्। आफैँले मापदण्डहरू निर्धारण गर्छन्। आफैँले कार्यान्वयन गर्छन्। र, आफैँले नियमन गर्छन्। पहिला हामी केन्द्रीय सरकार भन्थ्यौँ। अब हामी केन्द्रीय सरकार भन्दैनौँ। प्रत्येक सरकार आफैँमा केन्द्र हुन्। ७ सय ६१ ओटा सरकार नै शक्तिका केन्द्र हुन्। केन्द्रको सरकार भन्दै आइएको सरकार सबै

सरकारहरूको सङ्घ हो। त्यसकारणले हाम्रा बोलीचालीका भाषा पनि फरक हुने भए। हामी अब केन्द्रीय सरकार नभनेर सङ्घीय सरकार भन्छौँ। हामी अब प्रदेश सरकार भन्छौँ। र, अब स्थानीय सरकार भन्छौँ। स्थानीय सरकार भन्नाले हामी मूलतः गाउँपालिका र नगरपालिकालाई बुझ्छौँ। जिल्ला समन्वय समितिलाई पनि संविधानले स्थानीय सरकार त भनेको छ तर त्यसको कार्यकारी अधिकार भने केही छैन। समन्वयकारी मात्रै भूमिका भएकाले समन्वय समिति भनिएको हो। जिल्ला समन्वय समितिलाई विधायिकी अधिकार, न्यायिक अधिकार तथा कार्यकारी अधिकार दिइएको छैन। प्रत्येक तहका सरकार स्वःशासित छन्। उनीहरू आआफ्ना काममा जिम्मेवार र नागरिकप्रति जबाफदेही छन्। हुनुपर्छ। र, हुन्छन्। संविधानले जनताको नजिकमा सरकार पुऱ्याएको छ। अब विकास माग्दै सिंहदरबार धाउनु पर्दैन। ७ सय ६१ सरकार नै जिम्मेवार र जबाफदेही छन्। त्यसो भएको हुनाले यो परिपाटीलाई सहभागितामूलक लोकतन्त्र भनिन्छ। स्थानीय लोकतन्त्र, प्रत्यक्ष लोकतन्त्र तथा सहभागितामूलक लोकतन्त्रले नागरिकलाई आफ्नै सरकारको आभास दिलाउँछ। यो संविधानले यस्तै कुराको परिकल्पना गरेको छ। प्रदेश र सङ्घमा प्रतिनिधिमूलक लोकतन्त्रको अभ्यास भएपनि स्थानीय सरकारमा प्रत्यक्ष लोकतन्त्रको अभ्यास हुन्छ। यो व्यवस्थाले नागरिकलाई सार्वभौम बनाएको छ।

**संविधानमा लिपिबद्ध यी तमाम अधिकारलाई व्यवहारिक बनाउन दलहरूले के गर्नु पर्छ ?**

यो काम एकदमै चुनौतीपूर्ण छ। अहिले जुन व्यवहारहरू देखिएको छ सङ्घीय (केन्द्रीय) सरकारको त्यो स्थानीय स्थानीय सरकार/नागरिकको पक्षमा छैन। सङ्घीय सरकारले अहिलेसम्म स्थानीय तहलाई कर्मचारी नियुक्ति गर्न पनि पाउँदैनस् भन्छ। र, आफूपनि निजामति कर्मचारी पठाउँदैन। कर्मचारी नपठाउने बित्तिकै अहिले नै मिडियाहरू के भन्न थालिसके भने-'स्थानीय सरकारले काम गर्न सकेनन्।' यस्तो कुरा उछाल्नुभन्दा केन्द्रीय सरकारले सहयोग गरेन भनेर मिडियाले बोल्नुपर्थ्यो। स्थानीय सरकारको अधिकार र कार्यबोझ हेर्दा ४० प्रतिशत जति छ। बजेट १७ दशमलब ६ प्रतिशत मात्रै छ। त्यसकारण वित्तीय सहयोग पनि केन्द्रीय सरकारले गरेको छैन। स्थानीय तहमा जति काम हुनुपर्थ्यो त्यति हुन नसकेको यथार्थता छ। तर, संविधानले दिएको अधिकार पूर्तिका लागि स्रोत र जनशक्तिको व्यवस्था पनि हुनुपऱ्यो नि ! स्थानीय तहका निर्वाचित जनप्रतिनिधि विज्ञ त हैनन्। उनीहरूको कामलाई सहज बनाउने काम त कर्मचारीको हो नि ! कर्मचारीको व्यवस्था नै नगरिदिएपछि कसरी काम हुन्छ ? स्वास्थ्यको काम गर्न डाक्टर चाहियो। कृषिको काम गर्न कृषिकै अफिसर जानुपऱ्यो। पशु स्वास्थ्यको काम पशु चिकित्सकले नै गर्ने हो। भौतिक पूर्वाधारको काम गर्न इन्जिनियर नै चाहियो। उपाध्यक्ष/उपप्रमुखको अध्यक्षतामा न्याय निरूपण गर्न सक्ने व्यवस्था छ भने त्यही अनुसारको जनशक्ति चाहियो। कानुन अधिकृत बिना कसरी न्याय निरूपण गर्न सकिन्छ त ? कर्मचारी नियुक्त पनि गर्न पाउँदैनौ भन्ने, कर्मचारी पनि नदिने, काम गरेनन् पनि भन्ने हो भने कसरी व्यवहारिक होला ? त्यसकारण अब राजनीतिक दलहरूले, केन्द्रीय सरकारले, प्रदेश सरकारले सहयोग गरेर तलैदेखि जनतालाई लोकतन्त्रको अभ्यास गराउनुपर्छ। लोकतन्त्र जगैबाट बलियो बनाउनुपर्छ। स्थानीय तहका आवश्यकताका आधारमा कर्मचारी पठाउनुपर्छ। पठाउन नसक्ने हो भने आफैं भर्ना गर भन्नु पऱ्यो। कि त लोकसेवा आयोगसँग समन्वय गरेर आफैं भर्ना गर्ने बाटो खोलिदिनुऱ्यो।

समानिकरण, सशर्त, विशेष र समपूरक अनुदान दिने कुरा संवैधानिक व्यवस्था हो। अहिले समानिकरण अनुदान र सशर्त अनुदान मात्रै स्थानीय तहलाई दिएको छ। विशेष अनुदान र समपूरक अनुदान त दिएकै छैन। संविधानको व्यवस्था कसरी कार्यान्वयन गर्ने हो। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठनको काम पहिला गर्नु पर्थ्यो। यो संविधानले गरेको व्यवस्था हो। त्यसले प्रत्येक तहका सरकारका कार्यबोझ निर्धारण गरेर वित्त अधिकार कति चाहिन्छ भनेर निर्धारण गर्नुपर्थ्यो। वित्तीय सङ्घीयताको सिद्धान्तले 'फाइनान्स फलो द फङ्शन' भन्छ। समग्रमा भन्नुपर्दा केन्द्रीय सरकार हर ठाउँमा हावी हुन खोजेको छ। केन्द्रीय सरकारले स्वायत्तता र स्वशासनको अपमान गरेको छ।

**एक हातले अधिकार दिने र अर्को हातले अधिकार खोस्ने काम भएको छ भन्न खोज्नुभएको हो ?**

एकदमै हो। अधिकार रोक्ने, काम गर्न नदिने, काम गर्न सकेनन्, यिनको हैसियत छैन भनेर अधिकार खोसेर फेरि सिंहदरबारमा अधिकार केन्द्रित गर्ने प्रपञ्च रचिँदैछ। स्थानीय सरकारलाई पङ्गु बनाउने प्रयत्न गरिँदैछ। सङ्घीयता ठिक छैन। नागरिकलाई अधिकार दिनु गलत हो भन्ने बनाउनका लागि यो प्रपञ्च रचिएको हो।

**यसको निराकरणका लागि ककसको केके भूमिका हुन्छन् ?**

पहिलो दबाव सिंहदरबारमा बस्नेलाई सबै पक्षले दिनुपर्छ। यस्तो दबाव मिडिया, नागरिक समाज, स्थानीय तहका जनप्रतिनिधिले दिनु आवश्यक छ। जुन नकारात्मक नतिजाका लागि अधिकार खोस्ने काम भइरहेको छ। त्यो विषयमा स्पष्ट जानकारी दिएर जनमानसमा पुऱ्याउने काममा मिडियाको प्रमुख भूमिका हुन्छ। संविधानले जे अधिकार स्थानीय तहलाई दिएको छ त्यो काम बिना हस्तक्षेप गर्ने वातावरण बनाउनु पऱ्यो। यो वातावरण मिडियाले तय गरिदिन सक्छ। अनुसूची ८ मा स्थानीय सरकारको एकल अधिकार छ। त्यसमा केन्द्रीय सरकारले हस्तक्षेप गर्न पाउँदैन। स्थानीय तहले आफैँ नीति बनाउँछ। कानुन बनाउँछ। र, कार्यान्वयन गर्छ। आफैँले मापदण्ड बनाउँछ। आफैँले नियमन गर्छ। यो वातावरण बनाउने काम राजनीतिक दल र केन्द्रीय सरकारकै हो। हरेक नागरिक आफैँमा सार्वभौम हुने कुरालाई सुनिश्चित गर्न सके मात्रै पनि अधिकांश समस्या समाधान हुन्छ।

**व्यक्ति-व्यक्तिमा वा घरघरमा लोकतन्त्र स्थापित गर्न संवैधानिक समस्या छैन कार्यान्वयनको कुरो मात्रै हो ?**

संविधानले त बाटो खोलिसकेको छ। संसारका केही असल संविधानमध्ये यो पनि हो। संविधानमा भएका प्रावधानलाई थिचोमिचो नगरी कार्यान्वयन गर्ने हो भने समस्या नै छैन। कानुनी अड्चनत्र छैन। संविधानमा भएका छिद्र पक्डेर थिचोमिचो नगरे मात्रै पनि घरघरमा लोकतन्त्र पुग्छ।


# इन्सेकका केही प्रकाशनहरू































# www.inseconline.org

# नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline

/inseconline

/INSECnepal